# अमर ज्योति

साहित्यिक त्रैमासिक

६०



**पोषण पाण्डे विशेष**

मङ्सिर-२०८०

## पोषण पाण्डेको स्मृतिमा केही तस्बिरहरू







जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २०, पूर्णाङ्क ६०
(असोज–मङ्सिर २०८०)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रुपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिर**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

आवरण तस्बिर सौजन्य : डा. ज्ञानू पाण्डे
अल मिडिया सोलुसन, बागबजार, काठमाडौं ४२५३६९४ द्वारा मुद्रित

# पोषणको पहिलो पाइलाद्वारा पोषित बिजुली साहित्य

हरेक यात्राको सुरुवात पहिलो पाइलाबाटै हुन्छ । तर सबैको सुरुवाती पाइला मलिलो नहुन पनि सक्छ । रुक्खो पाइला हुनेहरूले कुल्चेको माटो पैतालाकै विष लागेर अम्लीय बन्न पुग्छ । कसैको पाइला चाहिँ लक्ष्मीको पाइलाझैँ धनधान्यशाली हुन्छ । त्यस्तो पैताला यति लच्छिनको हुन्छ कि माटोमा उम्रिएका सारा फसलले प्रत्येक कुल्चाइबाट भरपुर कम्पोस्ट प्राप्त गर्छन् ।

अमुक व्यक्तिले मलाई "नाममा त्यस्तो के छ र !" भनेर सोध्यो । मुखमा फ्याट्ट उत्तर आएछ –"त्यसो त नामै काफी छ नि ! जस्तै– साहित्यको क्षेत्रमा पोषण पाण्डे । "म अचम्भित भएँ । आखिर यस्तो प्रत्युत्पन्न जवाफ कसरी बाहिरियो– मन हुँदै ओठसम्म ? सोचेँ, पक्कै अवचेतनमा गढेर बसेको नाम हुनुपर्छ –पोषण पाण्डे ।

यस प्रकरणमा अझै गहिरिन मन लाग्यो । तत्काल एउटा अमूर्त स्केच मनमा आयो; जो कक्षा ९ को महेन्द्रमालाको किताबमा चिप्किएर कलमको कुरूसले 'भिनाजुको स्विटर' बुनिरहेका हुन्थे । आहा ! बाल्यकालमा पढेको भिनाजुको स्विटर कथा – कथा साहित्यको एउटा 'मानक ब्रान्ड' ।

यिनै पोषण पाण्डे रहेछन् – नेपाली साहित्यको भकारीमा आख्यानको सह बसाउने मध्येका एक अग्रणी । काव्यको गरामा विचारको बाला झुलाउने मध्येका एक काव्यशिल्पी । पछि मात्र ज्ञात भयो– वि.सं. २०४५/०४६ सालतिर नेपाल विद्युत प्राधिकरणको प्रेस सल्लाहकारका रूपमा करारमा नियुक्त भएपछि प्राधिकरणभित्र साहित्यिक उभार ल्याउने सम्बन्धमा 'कन्सेप्ट डिजाइन' गर्ने 'मेन्टर' पनि यिनै रहेछन् ।

यिनी विद्युतकर्मी साहित्य स्रष्टाहरूका लागि 'राइट ब्रदर्स' । यिनी साहित्यका उपासक र हामी विद्युतकर्मीका प्रेरणाधार । प्राधिकरणमा यिनले रोपेको प्रतिभा–बिज अङ्कुरायो, कोपिलायो । त्यो बिरुवामा पछिल्लो छिमलका साहित्य स्रष्टाहरूले हजारीले पानी हाले । न्यायो ओत दिएर कोपिलालाई तुसारोबाट बचाए । कलमी गरे; गोडमेल गरे । र त अहिले साहित्यिक वाटिकामा विद्युतीय साहित्यको फूल खिलखिलाएर हाँस्न पाएको छ ।

त्यसो त यिनी विद्युतकर्मी साहित्यिक स्रष्टाका लागि मात्र प्रेरक र मार्गदर्शक होइनन् । समयक्रममा नेपाल राष्ट्र बैङ्क, नेपाल वायु सेवा निगम र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा कार्यरत रहँदा पनि यिनले सिर्जनात्मक अभियानको नेतृत्व गर्दै आएका थिए ।

यिनी हामी विद्युतकर्मीका लागि त प्रातःस्मरणीय हुँदै हुन् तर हाम्रा मात्र चाहिँ होइनन् । अल्पपोषणले ग्रस्त भई खँदारिएको साहित्यिक गतिविधिलाई बढावा दिन कवितात्मक शैलीका सशक्त यौन मनोवैज्ञानिक कथा लेख्ने पोषण पाण्डे नेपाली साहित्य जगतकै 'रोल मोडेल' हुन् भन्दा अत्युक्ति नहोला ।

पोषण पाण्डे हामीमाझ भौतिक रुपमा छैनन् । त्यसैले विद्युत र साहित्यको सम्बन्धका बारे उनको जवाफ सुन्न पाइएन । यो हाम्रा लागि ठूलो दुर्भाग्य बन्यो । तर यति चाहिँ अनुमान गर्न सकिन्छ कि बिजुलीको स्विच अन गर्नासाथ झट्टै उज्यालोको साम्राज्य बिस्तार भएझैँ गुणस्तरीय साहित्यले पनि भावकको मनमा तत्काल आशाको उज्यालो दीपक बाल्ने भएकाले नै उनले विद्युत र साहित्यबीच सहधर्मिता देखेर प्राधिकरणभित्र साहित्यिक माहोल 'इन्जेक्ट' गरे होलान् ।

शुभ मुहूर्तमा आरम्भ गरिएका विशेष सुरुवातहरू मात्र फाप्छन् । पोषण पाण्डेले सुरुवात गरेको बिजुली साहित्य पनि औधी फापेको छ भन्नेहरू धेरै छन् । अतः आफ्ना सिर्जनालाई 'चार चाँद' लगाएर चम्काउन सक्ने यिनै स्वनामधन्य सर्जकको सम्मान र स्मृतिमा विद्युतकर्मी साहित्यिक समाजले पहिलो पटक 'पोषण पाण्डे विशेष अङ्क' सार्वजनिक गरेको छ ।

सर्जकहरू सोच र सिर्जनाको बलमा बाँचेका हुन्छन् । सोचले सिर्जना जन्माउने र सिर्जनाले सोचलाई परिमार्जन गर्न मद्दत पुऱ्याउने हुनाले यी दुईबीच अनौठो किसिमको सहसम्बन्ध छ । पोषण पाण्डेले साहित्यमार्फत उजागर गरेका सोचको कदर होस् । उनको सोचजन्य सिर्जनात्मक सुवास दिगन्त फैलियोस् । उनी उनकै सिर्जनाको गुरुत्वले अजर–अमर बनिरहून् । बस् ! यो अङ्क प्रकाशन गर्नुमा हामी विद्युतकर्मीहरूको स्वार्थ त्यति मात्र हो । यस अङ्कमार्फत हामीले गुणग्रहिताको स्वाभाविक धर्म निर्वाह गर्ने कोसिस मात्र गरेका हौँ ।

र अन्त्यमा, यस अङ्कका लागि आफ्ना अमूल्य लेख रचना उपलब्ध गराउनु हुने सबै सर्जक/समीक्षकहरूप्रति हृदयतः आभार प्रकट गर्दछौँ । सदाझैँ रसज्ञहरूबाट पूर्वाग्रहरहित गाली वा तालीको अपेक्षा पनि गरेका छौँ ।

**अतृप्त**

# ● विषय क्रम


● प्रवेश

मनको आँखामा समाजलाई सजाउने साहित्यस्रष्टा : पोषण पाण्डे — प्रा.डा. नारायण चालिसे/५

●कुराकानी

बुबाको साहित्यिक व्यक्तित्व आमा भगवत कुमारीप्रति समर्पित हो — डा. ज्ञानू पाण्डे/१३

● समालोचना

विचारका सापेक्षतामा पोषण पाण्डेको 'चोर' कथाको विश्लेषण — नेत्रबहादुर कुँवर/१८

● कथा/लघुकथा/लोककथा

हर्के तामाङको संस्मरण — पोषण पाण्डे/२५
चेतना — अनिता कोइराला/७५
मृत्यु ऐन — आविष्कार कला/८२
दुलाहाको जुत्ता — अरूणबहादुर खत्री 'नदी'/५१
देवदासी — ठाकुरप्रसाद पुडासैनी/८६

● आलेख

विष्णुबहादुर सिंहको जन्मोत्सव र साहित्यिक समाजले पेन्सन पकाएको स्मृति — कुलप्रसाद पराजुली/३२

● अन्तर्वार्ता

म दृढ अठोटका साथ शोकलाई शक्तिमा बदल्दै छु — पुण्य घिमिरे/४१

● कविता/मुक्तक/गीत/गजल

हजुरबाको स्वाभिमान — नारायणप्रसाद आचार्य/४८
मलाई तिम्रो मौनतासित डर थियो — राधिका कल्पित/५०
धन्य धाता असार — बद्रीप्रसाद दाहाल/५२
आजको मान्छे — ताराप्रसाद वस्ती/६८
कसले के बुझेको छ ? — रत्नकुमार श्रेष्ठ/७०
आगो — माधव घिमिरे 'अटल'/७१
हिल्सा तिमी पत्थर बनेछौ — सानुराजा श्रेष्ठ 'अन्जान'/७३
अतृप्तका पाँच मुक्तक — विष्णु आचार्य 'अतृप्त'/७४
वीर्यान्तर — सुनिल पुरी/७९
मौनता भत्किएपछि — रोशन तिमिल्सिना/८०
गजल — भवानी पोखरेल/८५
अस्तित्व — सरस्वती सरस/९२
गीत — वसन्तराज अज्ञात/८५

● नाटक

नुवाकोट एकीकरण — रामेश्वर राउत 'मातृदास'/५३

● यात्रा-संस्मरण

चीनको चमत्कारले मनै चसक्क — प्रेमराज सिलवाल/६४

● कृति परिक्रमा

ठाकुर बेलवासेको 'अचानक यो साँझ' र नयाँ धारको स्थापना — कृष्ण जोशी'/९३

● साहित्यिक गतिविधि/९६

# मनको आँखामा समाजलाई सजाउने साहित्यस्रष्टा : पोषण पाण्डे



प्रा. डा. नारायण चालिसे

## विषयप्रवेश

नेपाली साहित्यका विशिष्ट साधक पोषण पाण्डे अब हामीबीच छैनन् तर साहित्यप्रति गहिरो अभिरुचि रहेका समयका पाठकहरू वा अन्वेषकहरूका भित्री मनमा उनी बसिरहेका छन् । पाण्डेको जन्म वि.सं. १९८९ माघ १ गते काठमाडौँ इन्द्रचोकमा र निधन २०४९ वैशाख ७ गते काठमाडौँमै भएको हो । स्नातकसम्मको औपचारिक शिक्षा लिएका पाण्डे अङ्ग्रेजी साहित्यका पनि गहिरा अध्येता थिए । पाण्डेको सिर्जनाको प्रमुख क्षेत्र कविता र कथा हो भने माता साहित्यकार भगवतकुमारी पाण्डे उनको लेखनकी प्रेरणास्रोत हुन् । भगवतकुमारी पाण्डे स्वयम् साहित्यकार भएका कारणले पाण्डेलाई परिवारबाटै लेखनको प्रेरणा प्राप्त भएको कुरा पोषण पाण्डेकी छोरी साहित्यकार एवम् समालोचक ज्ञानू पाण्डेबाट थाहा हुन्छ । 'शारदा ' पत्रिकामा २००५ सालमा प्रकाशित 'जलन' पाण्डेको पहिलो रचना हो भने पहिलो प्रकाशित कथा चोर परोपकार पत्रिकामा २०१० सालमा प्रकाशित भएको थाहा हुन्छ । नेपाली साहित्यका विविध विधामा योगदान पुऱ्याएका पाण्डेको पहिलो प्रकाशित पुस्तकाकार कृति 'आँखी झ्याल' (२०२१, कथासङ्ग्रह) हो । त्यसपछि पाण्डेका क्रमशः 'मानस' (कथासङ्ग्रह २०२५), 'हिउँमा परेका डोबहरू' (२०३२), 'बटवृक्षको उद्घाटन' (कवितासङ्ग्रह २०२५) 'मनसा' (२०५२) र 'मेरी नैनी' (कवितासङ्ग्रह, २०७८) प्रकाशित भएका पाइन्छन् । नेपाली भाषासाहित्यमा योगदान गरेबापत पाण्डेलाई २०२२ सालमा शिक्षा मन्त्रालयबाट नगद पुरस्कार, नेपाल एकेडेमी पदक २०२२, रत्नश्री पदक २०२२, प्रबलगोरखा दक्षिणबाहु २०२६, सिद्धिचरण पुरस्कार २०४८, महेन्द्रप्रज्ञा पुरस्कार २०४८, प्रदान गरिएको पाइन्छ । साहित्यकार पाण्डेले नेपाल प्रज्ञाप्रतिष्ठान (तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानमा) सदस्यको रूपमा रहेर वि.सं. २०२६-२०३१ सम्म काम गरेको देखिन्छ । त्यसै गरी 'फूलबारी' साहित्यिक संस्थाका संस्थापक सदस्य भएर फूलबारी विचार गोष्ठीको २०१२ सालदेखि आरम्भ गरी २०१४ सालसम्म नियमित रूपमा हरेक १५ दिनमा एकचोटि आफ्नै निवासमा साहित्यकारहरूलाई आमन्त्रण गरी कोठे साहित्यिक गोष्ठीको संयोजन/सञ्चालन गर्ने गरेको पाइन्छ । नेपाली साहित्यले बिर्सिनै लागेका स्रष्टा पाण्डे मनोवैज्ञानिक कथाधाराका अग्रणी स्रष्टा हुन् ।

## पाण्डेको साहित्यिक मूल्य

"साहित्य रचनाजस्तो मिहिन काम हडबड र दगुरादगुरबाट गर्न मिल्ने होइन अतः समय र मनस्थितिको संगमबाट जेजति निःसृत हुन सक्छन् तिनको विकासलाई सदा खुला राखिरहेको छु" भन्ने मान्यता राख्ने पाण्डेका कथाको भाषाका बारेमा ' मधुपर्क' पोषण पाण्डे विशेषाङ्कको सम्पादकीयमा भनिएको छ "सिर्सिर बतासमा बयली खेल्ने कोमल पालुवाको दृश्यजस्तै कलात्मक र कवितात्मक छन् जसले पाठकलाई तिनका अन्तर्यमा छिर्न प्रेरित गर्छन्" । त्यसै गरी समालोचक ताना शर्माले 'नेपाली साहित्यको इतिहास' मा साहित्यकार पाण्डेको साहित्यिक विशेषताका बारेमा चर्चा गर्दै भनेका छन्– "काठमाडौँली पोषण पाण्डे निकै वर्ष वायुसेवा निगममा जागिरे भई २०२६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सदस्य भएर सरेका हुन् । उनका तीन कथा सङ्ग्रह प्रकाशित छन् । कुनै साधारण घटनाको माध्यमद्वारा नाटकीय वस्तुको थुपुक्क उद्घाटन गर्नु उनको विशेषता हो । 'कृष्णदासको भित्ते घडी', 'भिनाजुको स्विटर', 'राधेश्यामको साइकल', 'औँलाहरू' ले उनका मनोविश्लेषणात्मक प्रतिभाको परिचय दिन्छन् । कुनै चटक र होहल्ला नगरी कथाको चरमोत्कर्षमा पाठकलाई पुऱ्याएर मुटुमा भुइँचालो ल्याइदिनु नै पोषण पाण्डेका कथाहरूको सफलता हो ।" त्यसै गरी पाण्डेको कवित्वमाथि प्रकाश पार्दै शर्माले भनेका छन् "पोषण पाण्डे सूक्ष्म अनुभूतिको कवितात्मकताका लागि प्रसिद्ध छन् । पत्रपत्रिकाहरूमा गद्य कविताहरूबाहेक उनको 'वटवृक्षको उद्घाटन' भन्ने पुस्तक २०२५ सालमा छापिएको छ, जसमा एकाउन्न गद्यकविताहरू छन् । जीवनका साधारण घटनाको भित्री तह उघारेर सफलतासाथ र कलात्मकताकासाथ मनोवैज्ञानिक विश्लेषण गर्नु पाण्डेको विशेषता हो । प्राकृतिक सौन्दर्यलाई वर्णनबाट होइन रङबाट, दृष्टिबाट होइन स्पर्शबाट, अवस्थितिबाट होइन गतिबाट अभिव्यक्ति दिएर राष्ट्रियता र राष्ट्र प्रेमको भावना प्रकट गर्नु पनि पाण्डेको विशेषता हो । 'छर्की लेकमा छर्की', 'हामीलाई रूखजस्तो फाट्न देऊ, 'फुल्न नसकेका फूल जति छन्', 'जीवनको प्रतिविम्ब' र गुराँसले रङ फेर्दैन' जस्ता कविताहरूमा कविको उच्च राष्ट्रप्रेम मात्र प्रकट भएको छैन, स्वतन्त्रता प्रेम र मानवता प्रेम पनि उस्तै प्रखर भएका छन् ।' 'पोषण पाण्डेका कथामा मनोवैज्ञानिक परिप्रेक्ष्य' शीर्षकमा शोधार्थी कुश्मिला आचार्य भट्टराईले नेपाली विषयमा विद्यावारिधि शोधकार्य नै गरिसकेकी छन् भने पाण्डेका कथा र कवितामा स्नातकोत्तर तहका धेरै शोधकार्यहरू भइसकेका छन् । स्रष्टा पोषण पाण्डेको साहित्यिक योगदानका बारेमा यथोचित चर्चा र कदर नभएको भन्ने विषयमा चित्त दुःखाउँदै जयदेव भट्टराईले 'चर्चामा नभए पनि मनमनमा पोषण पाण्डे' शीर्षकको गोरखापत्रमा प्रकाशित लेखमा 'मानौँ पोषण पाण्डे

भनेको लेख्दै नलेखेर प्रचारको भरमा प्रसिद्ध भएको स्रष्टाजस्तो, मानौँ पोषण पाण्डे भनेको लेखनको बलले भन्दा पार्टीगत आस्थाको भरमा अघि सारिएको स्रष्टा जस्तो, मानौँ पोषण पाण्डे भनेको प्रायोजित र समूहगत उचालिएको स्रष्टा जस्तो । पोषण पाण्डे यी सबैबाट अलग हुनुहुन्थ्यो । स्तरीय सिर्जना गर्ने,सच्चा साधकप्रतिको यो उपेक्षा देख्दा उहाँकै सुपुत्री एवं स्रष्टा ज्ञानू पाण्डेले भनेजस्तै 'उहाँ हाम्रो मनमनमा हुनुहुन्छ' भन्नुबाहेक अरू गर्न नै के सकिन्छ र ?' भनेका छन् । सरकारी तबरबाट पाण्डे मात्रै होइन उनीजस्ता धेरै स्रष्टाहरूप्रति यस्तै उपेक्षाभाव रहेको छ । तर उनको परिवार र शुभेच्छुकहरूको पहलमा 'पोषण पाण्डे तीर्थसदन' नामको संस्था स्थापना भएको छ । जसबाट नेपाली साहित्यमा योगदान गर्ने स्रष्टाहरूलाई पोषण पाण्डे तीर्थसदन पुरस्कार प्रदान गरिँदै आएको छ । जोडघटाउका यी तमाम कुराहरूलाई तपसिलमा राखेर आज मात्रै स्रष्टा पाण्डेको साहित्यिक योगदानको सङ्क्षिप्त चर्चा यहाँ गरिएको छ ।

हामी अहिले अतीतलाई बिर्सेर वर्तमानमा रमाउने यान्त्रिक समयमा उभिएका छौँ । हिजोका गौरवमा भन्दा वर्तमानका सुगन्धहीन फूलको रमझममा आफूलाई हराउँदै लैजाने आत्मघाती यात्रामा छौँ कि झैँ पनि लाग्छ घरी घरी । निश्चय पनि हिजोको भरमा मात्र उभिएर वर्तमानमा अडिन नसकिएला तर अतीतले दिएको आड र भरोसा नै हाम्रो सम्बल पनि हो । एकजना साहित्यस्रष्टा बन्न धेरै समय लाग्छ । व्यक्तिको लगन, अध्ययन, अनुभव, घरपरिवार, भित्री बाहिरी परिवेश, समाज, समय र परिस्थिति इत्यादि धेरै मिलेर एकजना स्रष्टा जन्मिन्छ । समाजका राम्रा आँखा, नराम्रा आँखा, ईर्ष्या, द्वेष, घृणा, तिरस्कार वा मानसम्मान इत्यादि पनि एकजना स्रष्टाका परिपोषक तत्त्व हुन् । परिवार र समाजको लगानीबाट जन्मिएको स्रष्टासँग उसको व्यक्तिगत रहर, इच्छाका अतिरिक्त उत्तिकै सामाजिक दायित्व पनि हुने भएकाले नै साहित्यकार सार्वजनिक सम्पत्ति हो, ऊ समाजको हो र राष्ट्रको हो । ऊप्रति राष्ट्रिय दायित्व पनि हुन्छ । समाजले लगाएको लगानीको प्रतिफल स्रष्टाले समाजलाई स्वस्थ सिर्जना दिएर मूल्य तिर्छ पनि । तर विडम्बना के पनि छ भने त्यो स्रष्टाप्रतिको आफ्नो दायित्वलाई राम्ररी बुझिदिने चेतना वा पहल समाज वा राष्ट्रसँग हुन नसक्दा कतिपय स्रष्टाहरू बिराना बन्दै गएका, जीवित छँदा प्रशंसा गरेर नथाक्ने हाम्रो समाज उसको अवसानको दुई दिनपछि नै अति कृतघ्न बनेका तमाम दृष्टान्तहरू हामीसँग छन् ।

काठमाडौँको मध्यमवर्गीय परिवारमा जन्मिएका पोषण पाण्डे नेपाली साहित्यका त्यस्तै बिर्सिन नहुने स्रष्टा हुन् । कथाकार विश्वेश्वरप्रसाद कोइरालाबाट थालिएको

मनोवैज्ञानिक यथार्थवादी कथाधारामा केन्द्रित रहेर भवानी भिक्षु, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल सँगसँगै सुन्दर मनोविश्लेषणात्मक कथा सिर्जना गर्न सफल पाण्डेको योगदान कथा साहित्यको इतिहासमा अग्रणी रहेको छ । स्रष्टाको चरित्र, स्वभाव र उसको सिर्जनाका बीचको सम्बन्धका बारेमा यसै भन्न सकिँदैन । कसैले भन्छन् प्रायः स्रष्टाको वैचारिक प्रतिविम्ब उसको सिर्जना हो । अर्थात् विचारमा बाँच्ने स्रष्टाले सिर्जनामा विचारको खेती गर्छ । जीवनलाई आफ्नै आदर्श र मूल्यमा चलाउन चाहने साहित्यकार पाण्डे त्यस्तै मौलिक विचारका धनी स्रष्टा हुन् । नयाँ सोच र शैलीमा सिर्जना गर्न रुचाउने उनले त्यसैले पनि व्यक्ति मनोलोकलाई निहार्ने अन्तर्मुखी चरित्रको मनोवैज्ञानिक लेखनलाई रोजे होलान् भन्ने लाग्छ । जीवनमा कहिल्यै आफ्नो बारेमा आफैँ प्रचार गर्न अघि नसर्ने भद्र एवं शालीन व्यक्तित्व पाण्डे प्रचारमा नभई  कर्ममा विश्वास गर्ने स्रष्टा हुन् । कर्ममा सामर्थ्य भए प्रचारको पछि दौडिनै पर्दैन भनेर मान्ने उनले इतिहासमा एकचोटि कसैको पनि नाम अङ्कित भइसकेको छ भने त्यसपछि कसैले चाहेर पनि मेटाउन सक्तैन भन्ने धारणा राख्दथे । तत्कालीन राजनीतिमा चाकडी गरेकै भरमा पुस्ता दरपुस्तालाई सम्पत्ति जोड्ने समयमा दरबारबाट 'तिमीलाई के चाहिन्छ ?' भनेर सोध्दा 'सबैथोक छ सरकार' भनेर उत्तर दिन सक्ने उनी त्यसैले स्वाभिमानी स्रष्टा पनि थिए भन्न सकिन्छ । आदर्श विचारका धनी स्रष्टा पाण्डे आफू त आदर्शमै बाँचे र आदर्श जोगाएरै गए तर समाजको चरित्रलाई नबुझेका उनले कर्मले अग्लिएको मानिसलाई पनि कुनै दिन मानिसको स्वार्थले बिर्साइदिन्छ भन्ने कुरा भने बुझ्न पाएनन् । यसरी नै समाज र जीवनका अनेक रूपका शिकार बनेर पनि हामीले आफ्नो कर्तव्य नभुलेरै जानु हाम्रो अर्को विजय हो भन्ने कुरा साहित्यकार पाण्डेको जीवन र उनको अवसानपछिको शिक्षा हो । नेपाली साहित्यमा प्रयुक्त मनोवैज्ञानिक यथार्थको थालनी पनि पश्चिमा साहित्यकै देन रहेको परिप्रेक्ष्यमा एकजना पश्चिमा साहित्यको गहन अध्येताले मात्र त्यसप्रति न्याय गर्न सक्थ्यो, सो क्षमता पाण्डेमा थियो । पाण्डेले लामो समयसम्म नेपाल राष्ट्र बैङ्क र तत्कालीन शाही नेपाल वायुसेवा निगममा जागिरे जीवन बिताएका थिए ।

## साहित्यिक योगदान

नेपाली साहित्यको एउटा समय थियो जतिखेर श्रीमतीकी बहिनीलाई देख्यो भने 'भिनाजुको स्विटर' भन्ने कथा याद आउँथ्यो । सालीले बुनेको स्विटर लाउने भिनाजुको अभिलाषामा कतिका जीवन दिवाना बनेर बिते होलान् हेक्का भएन । सायद प्रेम गर्न नजानेकाहरूले पनि भिनाजुको स्विटर कथा पढेर

प्रेमको अभियानमा लागे होलान् । साथै सालीमाथि प्रेमको अधिकारको दाबी गर्ने भ्रममा कतिपय भिनाजुका घरबार पनि बिग्रिए होलान् । र कति दिदीले आफ्ना बहिनीलाई अनाहकमा शङ्काका गहिरा आँखाले हेरे होलान् । कति बहिनीले दिदीलाई आफ्नो प्रेमको बाटोका काँडा पनि सम्झिए होलान् । र भिनाजुको स्विटरसरि कतिका आशङ्का र सपना अप्रत्याशित धररर... उध्रिए पनि होलान् । त्यस्तै अर्को कथा छ– 'राधेश्यामको साइकल' । नारी मनोविज्ञानको गहिराइलाई उधिनिएको माथि चर्चा गरिएको भिनाजुको स्विटरजस्तै पुरूष मनोविज्ञानको गहिरो प्रभावलाई देखाइएको यस कथामा युवतीलाई ट्युसन पढाउन जाने गरेको राधेश्याम शनिबारको दिनको पनि हेक्का न नराखेर हतारहतार दौडिँदै युवतीको घर पुगेपछि आज त शनिबार हो नि ? भनेपछि बडो लज्जाबोध गर्दै घर फर्किएको ज्यादै रोचक प्रसङ्गले धेरै पुरूषहरूका मनमा ढ्याङ्ग्रो ठोक्न पुग्छ । धेरै पुरूषहरूलाई बेला बेलामा आफूहरू राधेश्याम बन्ने गरेको सम्झना हुन्छ । त्यसै गरी 'हर्के तामाङको संस्मरण' बाल मनोविज्ञानको सशक्त प्रयोग भएको अर्को ज्यादै उत्कृष्ट कथा हो । हामीले जति नै ढाकछोप गरेर राखे पनि वा जति नै नियन्त्रण गरे पनि हामीभित्रको मौलिक मानिसले बेलाबखत यौनको संसार चियाउन खोज्छ । आखिर मानिस बाहिरी आँखाले होइन मनको आँखाले हेरेर चल्ने प्राणी हो । मनले हेर्ने ठाउँ हेर्छ र नहेर्ने ठाउँतिर पनि आँखा लगाउने इच्छा गर्छ । यो कुनै अपराध त होइन मानवीय वृत्ति नै हो तर सामाजिक मर्यादामा कहिलेकाहीँ हाम्रा विधि र व्यवहारहरू अस्वाभाविक हुन सक्छन् । त्यस्तो बेला हामीलाई असजिलो अनुभव हुनसक्छ तर यथार्थ यथार्थ नै हो हामीले नकार्न खोजेर पनि सम्भव हुँदैन भन्ने कुरा मनोवैज्ञानिक साहित्यले उजागर गर्दछन् ।

तर अनौठो छ संसारको रीत, आज तिनै विशिष्ट कथाकार पोषण पाण्डेलाई सम्झिने फुर्सद सायद धेरैलाई छैन । पछिल्लो पुस्तालाई त उनी को हुन् ? भन्ने पनि जानकारी नहुन सक्छ । देवकोटाले सयौँ कृति लेखे तर 'मुनामदन' को लोकप्रियता अरूले लिन नसकेकैले वा जनताको साहित्य नभएकैले अन्त्यमा देवकोटाले 'मेरा जम्मै कृति जलाइदिए पनि हुन्छ मुनामदन बाहेक' भनेर गए भनिन्छ । रिमालले धेरै कृति लेखे तर 'आमाको सपना' ले उनलाई अमर बनायो । माधव घिमिरेका अनेकौँ कृतिमध्ये 'गौरी' ले लिएको उचाइ सायदै अरूले लिएका होलान् । त्यस्तै एकजना स्रष्टालाई एउटै मात्र रचनाले पनि अमर बनाएका धेरै दृष्टान्तहरू छन् । मलाई लाग्छ नेपाली साहित्यमा अपेक्षाकृत थोरैमात्र लेखिएको मनोवैज्ञानिक साहित्य र थोरैमात्र स्रष्टामध्येमा परेका पोषण पाण्डेलाई 'भिनाजुको स्विटर'ले बढी नै चर्चित बनाएको हो कि भन्ने पनि लाग्छ । यद्यपि पाण्डेका

सबै कृति सशक्त छन् धा 'वटवृक्षको उद्‌घाटन' उनको त्यस्तै विशिष्ट कविता सङ्ग्रह हो तापनि 'भिनाजुको स्विटर' को जस्तो लोकप्रिय उचाइ कमै रचनाले पाएको हुनुपर्दछ । माथि सङ्केत गरिएजस्तै साहित्यकार, विशेषतः कथाकार पोषण पाण्डेको निर्माणमा पनि अनगिन्ती दायित्वहरू समाज र जीवनले बेहोरे होलान् । त्यसमध्ये उनको साहित्यकार व्यक्तित्वका पछाडि उनको परिवार र विशेषतः उनकी आमा भगवतकुमारी पाण्डेको योगदान थियो भन्ने कुरामा धेरैको ध्यान नगएकै पनि हुनसक्छ । पाण्डेकी आमा त्यो समयकी साहित्यकार हुन् जुन समयमा नेपाली महिलाले कविता लेख्नु भनेको घर परिवार समाज पनि बिग्रिनु हो भन्ने हाम्रो समाजको धारणा थियो । छोरीबुहारीले घरको चारदिवारीबाट बाहिर आँखा लगाउनु, साहित्य लेख्नु वा अरू कुनै सामाजिक दायित्व बहन गर्न खोज्नु भनेको घरपरिवारको नाक काट्नु हो भन्ने त्यो बेलामै पाण्डे साहित्यकारको रूपमा परिचित रहेकी थिइन् । उनका दुईवटा साहित्यक कृतिहरू प्रकाशित रहेका छन् । त्यसको प्रत्यक्ष प्रभाव साहित्यकार पोषण पाण्डेमा पर्नुलाई परिवारिक विरासत नै मान्न सकिन्छ । तापनि व्यक्तिभित्रको प्रतिभा र क्षमता नहुने हो भने कसैको बलमा कोही व्यक्ति समाजमा स्थापित हुन सक्ने कुरा भएन । पारिवारिक पृष्ठभूमिबाट संस्कारको रूपमा चेतना र जागरणलाई लिएर आएका पाण्डेले आफ्नो अध्ययन र अभ्यासपछि आफूलाई समाजका सामु साहित्यकारको रूपमा उभ्याएर सशक्त मनोवैज्ञानिक कथाहरू दिएर गए । हामी अहिलेको सुविधासम्पन्न समयमा उभिएका छौँ । आफूलाई आफ्नै समय र कर्म महत्त्वपूर्ण लाग्नु स्वाभाविक पनि हो । तर सबैको आफ्नो समय एकपटक आएको कुरा र ऊ आफ्नो समयमा निखरा बन्न गरेको प्रयत्नको पनि उत्तिकै मूल्य छ । र त्यसलाई त्यही समयका आँखाले हेरिनु आवश्यक छ । हामीले देखेका छौँ कतिपय विशिष्ट स्रष्टाहरूको अवसानपछि उनीहरूका उत्तराधिकारी सोही विषयक्षेत्रमा आएको अवस्था छैन तर पाण्डेको अवसानपछि उनकी छोरी डा.ज्ञानू पाण्डेले त्यो विरासत समालेकी छन् । साहित्यका विभिन्न विधामा कलम चलाएकी पाण्डे प्रसिद्ध समालोचक हुन् । तर पनि उनले आफ्ना पिताजीको साहित्यिक योगदानलाई आफूले भजाउने चेष्टा गरेको कहीँ कतै सङ्केतसम्म पाइँदैन । त्यो मात्र होइन उनले एकजना स्रष्टा समाजको व्यक्ति हो भने स्रष्टालाई समाज वा राष्ट्रले नै उसलाई सम्झिनुपर्छ । परिवारका सदस्यले चिनाउने, प्रचार गर्ने अवस्था आउनुलाई दुःखपूर्ण मान्दछिन् । साहित्यकार पिताजीका विषयमा धेरैका भन्दा भिन्न उनको आफ्नो मौलिक दृष्टिकोण छ । ' आबुबा अर्थात् साहित्यकार पोषण पाण्डे । तपाईँको पिताजी त यो मुलुकको प्रसिद्ध साहित्यस्रष्टा हुनुहुन्छ उहाँको साहित्यिक योगदानबारे किन केही लेख्नुहुन्न ?' भनेर

कसैकसैले अलि खरो प्रश्न पनि उनलाई गर्ने गरेका छन्  यस्तो बेला उत्तिकै चोटिलो उत्तर पनि छ उनीसँग "हो पिताजीको नाम यतिबेला बिर्सिएसरि भइरहेको छ ? तर के यत्ति प्रश्न गरिदिँदैमा राष्ट्रको स्थापित स्रष्टाप्रतिको उनीहरूको दयित्व पूरा भयो त ? सार्वजनिक व्यक्तित्वसहितको जीवन बाँचेका आफ्ना माता पिताका योगदानबारेमा सन्तानले नै भनिदिनु पर्ने ? आफ्नै सन्तानले प्रचार गर्नुपर्ने र त्यसरी नै एकजना विशिष्ट स्रष्टालाई परिवारजनले बँचाइरहनु पर्ने ? राष्ट्र वा समाजको कुनै जिम्मेवारी नहुने खण्ड आइपर्नु भनेको ठूलो बिडम्बना हो । कुनै पनि स्रष्टालाई मातापिताका विषयमा प्रचार गर्नुपर्ने दिन आइनपरोस् ज्ञानू पाण्डे, 'अरूका लागि साहित्यकार पोषण पाण्डे मात्र तर मेरा लागि त जीवनकै प्रेरणापुञ्ज उहाँ' भन्ने ज्यादै गम्भीर विचार डाक्टर पाण्डेको रहेको  छ । यस्तै साहित्यकारका परिवारजनले स्रष्टाको नाममा अमुक सहितियिक संस्था खोल्ने, आत्मप्रशंसामा रमाउने र आफ्नो स्रष्टालाई बचाइरहन्छौँ भन्ने प्रयत्न पनि यसै प्रकृतिको बिडम्बना नै हो । यी प्रसङ्ग यहाँ यस कारणले मननीय छन् कि एकजना स्रष्टा सधैँ राष्ट्रको हो । उसले आफ्नो समयमा दिएको योगदान युगयुगसम्म राष्ट्रको हो । त्यसो हो भने हाम्रो पनि केही दायित्व होला जसलाई हामीले पूरा गर्दै जानु छ । निश्चय पनि समालोचक ज्ञानू पाण्डेले भनेजस्तै वा ठानेजस्तै एकजना विशिष्ट साहित्यस्रष्टाका विषयमा राष्ट्रले नै सोच्नुपर्छ वा स्रष्टा आफ्नो योगदानले बाँच्नुपर्छ । यदि बाँच्न सक्ने सामर्थ्य राख्दैन, समाज वा राष्ट्रले बचाउँदैन भने परिवारले बचाउन खोजेर पनि बाँच्न सक्दैन । त्यसमाथि स्रष्टा व्यक्ति समाजको सम्पत्ति हो । उसप्रति समाजकै दायित्व हुनुपर्दछ । त्यतिमात्र होइन पिताजीको उत्तराधिकार लिएर पनि पाण्डेको आफ्नै मौलिक मान्यता, दर्शन र दृष्टिकोण छ । ज्ञानू पाण्डे थप्छिन् "आआफ्नो तरिका हो त्यो आफ्नाप्रति श्रद्धा अर्पण गर्ने । तर मलाई त्यो तरिका कहिल्यै स्वीकार्य भएन । मैले त्यस्तो तरिका समाइनँ । के गर्नु मलाई संस्कार नै त्यस्तै मिल्यो  "नानी आफ्नो बारेमा आफैँ प्रचार गर्न जीवनमा कहिल्यै अघि नसर्नू" आबुबा भन्नुहुन्थ्यो सधैं मलाई (पाण्डे, पूर्ववत्. )" हो यसरी पनि आस्था र श्रद्धा गर्न सकिन्छ । सायद यसरी नै श्रद्धा गर्नु उचित पनि हो पिताजीलाई ।

साहित्यकार पोषण पाण्डे सामाजिक परिवर्तनका पक्षधर थिए । प्रगतिउन्मुख चेतना, मनोविश्लेषणात्मकता, अस्तित्ववादी, विसङ्गतिवादी जीवनदृष्टि, प्रयोगशीलता पाण्डेका साहित्यगत पहिचानहरू हुन् । उनी अमेरिकी कथाकार 'ओ हेनरिक'को कथाकारिताबाट प्रभावित थिए पनि भनिन्छ । यौनकेन्द्रित कथा लेखेर पनि श्लीलता बचाइ राख्नु, प्रगतिवादी चेतना जगाएर निम्न र पिछडिएको वर्गप्रति सहानुभूति प्रकट गर्नु, प्रयोगवादी लेखन मार्फत् अकथात्मकता, विम्ब र प्रतीकात्मक

कथाको प्रस्तुति, प्रयोगधर्मिता जस्ता युगीन रूपलाई सार्वजनिक गर्नु उनको मूल विशेषता रहेको छ । बीसको दशकपछि उनका कथामा प्रयोगवादी लेखनको गहिरो प्रभाव परेको छ । यस अवधिका यिनका कथामा अस्तित्ववादी र विसङ्गतिवादी जीवनदृष्टि पाइन्छ । व्यक्ति जीवनका भोगाइ र अनुभूतिहरू, सङ्गति र सारहीन जीवन, अनपेक्षित जीवनजन्य दुर्घटना र विषमता जस्ता जटिलतालाई कथामा व्यक्त्याउने इच्छा उनका कथामा पाइन्छ । यिनका कथामा विभिन्न खाले शैलीको प्रयोग पाइन्छ । घटना प्रधान सामाजिक कथा तथा चरित्र प्रधान मनावैज्ञानिक कथा, परिवेश प्रधान अकथात्मक कथा, नवीन र प्रयोगशील कथा लेखन, शहरी जीवनका विभिन्न समस्याहरूको वर्णन, मानसिक आघात र प्रतिक्रियाको कलात्मक प्रस्तुति आदि कथाकार पाण्डेका सारभूत विशेषता हुन् । यी विशिष्ट स्रष्टा जसको तीन पुस्ताले नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर योगदान गर्दै आएको छ त्यसलाई चानेचुने मान्न मिल्दैन । एकातिर हामी यसरी साहित्यका माध्यमले सामाजिक योगदान दिइरहेको पाइरहेका छौँ भने अर्कोतिर  अमुक साहित्यकार कुन वाद वा विचारको हो ? हाम्रो विचारको हो कि होइन ? भनेर पनि समाजमा साहित्यकारलाई चिन्ने र चिनाउने प्रचलन हाम्रो समाजको सामाजिक रोग नै बनेको अवस्था पनि छ । तर मेरो विचारमा साहित्यकार हुनु भनेको साहित्यकार हुनु नै हो ।

**निष्कर्ष**

साहित्यभन्दा अतिरिक्त लेखेर पनि साहित्यकार भइरहनु पर्ने सामाजिक रोगबाट साहित्यलाई मुक्त नगरेसम्म स्वच्छ साहित्यको विकास हुँदैन जस्तो लाग्छ । अरू नै कुरा लेख्ने र साहित्य भन्ने तर साहित्य र साहित्यकारलाई साहित्य नमान्ने विकृतिको चपेटाबाट साहित्यलाई मुक्त गर्नैपर्छ ।

यस्तो बेला हामीले एकै स्वरमा भन्ने कुरा के हो भने अतीत बिर्सेर वर्तमानमा रमाउने हाम्रो अदूरदर्शी व्यवहार र आचरणले हामी आफ्नो गौरवमय इतिहासमबाट टाढिँदै गइरहेका छौँ । धागो चुँडिएको चङ्गासरि उडिएको यो हाम्रो उडानको गन्तव्य सारै अनिश्चित छ । हाम्रो उडानलाई सही गन्तव्यमा लैजाने गरी उडौँ । सुरक्षित गन्तव्य र अवतरण  रोजौँ । अतीतको योगदान, ती विशिष्ट स्रष्टाहरू र तिनका साहित्यिक सन्देशलाई शिरोधार्य गर्दै वर्तमानलाई सुन्दर साहित्य प्रदान गरौँ भन्ने नै हो । आज नेपाली साहित्यका ती विशिष्ट स्रष्टाप्रति राष्ट्रले अनि साहित्यिक समाजले पनि खास चासो राखेको पाइँदैन । यदाकदा सम्झिइने पाण्डेजस्ता स्रष्टाहरूले नै साहित्यको मानक धारणा निर्माण गरेका हुन् । मनका आँखाले हेरेर साहित्यमा समाजको विम्ब उतार्ने श्रद्धेय पोषण पाण्डेप्रति यिनै शब्दोपहार अर्पण गर्दछु ।

# बुबाको साहित्यिक व्यक्तित्व आमा भगवत कुमारीप्रति समर्पित हो



**डा. ज्ञानू पाण्डे**

*मूलतः लेखन (कविता र आख्यान) र सम्पादनको क्षेत्रबाट नेपाली साहित्यमा विशिष्टतम योगदान पुर्‍याएका स्वनामधन्य साहित्यिक व्यक्तित्व हुन्- पोषण पाण्डे । वि.सं. १९८९ सालमा काठमाडौँमा जन्मिएर वि.सं. २०४९ सालमा कीर्तिशेष भएका पाण्डेले जीवन कालमा नेपाल राष्ट्र बैङ्क, तत्कालीन शाही नेपाल वायु सेवा निगम तथा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसँग आबद्ध भई देश, जनता, भाषा र साहित्यको सेवा गरेका थिए । वि.सं. २०४५/०४६ तिर नेपाल विद्युत प्राधिकरणको प्रेस सल्लाहकारका रूपमा करारमा नियुक्त भएपछि प्राधिकरणभित्र साहित्यिक वातावरण निर्माण गर्न यिनको अतुलनीय योगदान रहेको देखिन्छ । किशोर वयदेखि नै साहित्य लेखनको क्षेत्रमा हात बसालेका पाण्डे मूलतः यौन मनोवैज्ञानिक कथा लेखनमा अग्रणी मानिन्छन् । वि.सं. २००५ सालमा 'शारदा' पत्रिकामा 'जलन' शीर्षकको रचना प्रकाशित भएपछि यिनको लेखन यात्राको औपचारिक थालनी भएको देखिन्छ । यिनका कथा र कविताका गरी आधा दर्जन जति पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यिनी आफ्नै मानसिक घात-प्रतिघातबाट उत्पन्न परिस्थितिलाई मूल कथ्य बनाएर मानसिक विश्रान्तिका लागि सिर्जन-कर्ममा होमिने गर्थे । यिनै बहुआयामिक व्यक्तित्वका धनी स्व.पोषण पाण्डेको जीवन भोगाइ, साहित्यिक योगदान र अन्य विविध प्रसङ्गमा आधारित भई उहाँकी सुपुत्री साहित्यस्रष्टा एवम् समालोचक डा. ज्ञानू पाण्डेसँग 'अमरज्योति साहित्यिक त्रैमासिक' का लागि 'अतृप्त' र 'शब्दसेना'द्वारा लिखित प्रश्नावलीमार्फत लिइएको रोचक र प्रेरक अन्तर्वार्ता जस्ताको तस्तै साभार गरिएको छः*

**● पोषण पाण्डे आधुनिक नेपाली साहित्यका एक अमर स्रष्टा हुनुहुन्छ । तपाईं उहाँकी छोरी, छोरी मात्र होइन नेपाली साहित्यकी एक वरिष्ठ अध्येता पनि । उहाँको साहित्यिक जीवनको प्रेरणापृष्ठबारे यहाँको अध्ययन के कस्तो हो ? यसबारे सङ्क्षिप्तमा केही बताइदिनु हुन्छ कि ?**

बुबा पोषण पाण्डे (वि.सं.१९८९ माघ-२०४९ वैशाख) ले जीवनको कलिलो उमेरबाटै साहित्यमा कलम चलाउन सुरू गर्नुभएको हो र आमा भगवत कुमारी पाण्डे उहाँको साहित्यिक व्यक्तित्वको मूल प्रेरणापृष्ठ हो । यो कुरा उहाँका साहित्यिक अन्तर्वार्ताहरू पढ्दा तपाईं थाहा पाउन सक्नुहुन्छ । स्मरणीय छ, भगवतकुमारी पाण्डे उहाँकी आमा मात्र हुनु हुन्नथ्यो, उहाँ स्वयम्मा एक स्रष्टा व्यक्तित्व पनि हुनुहुन्थ्यो । नेपाली साहित्यको इतिहासमा उहाँको नाम माध्यमिक कालीन स्रष्टा नारीको पहिचानमा

महत्त्वका साथ उल्लेख भएको पढ्न पाइन्छ । उहाँका दुई पुस्तकाकार कृतिहरू पनि प्रकाशित छन् । सबैले जानेकै कुरा हो, त्यो समयमा नेपाली समाजमा नारीले कलम चलाउनु सजिलो काम अवश्य थिएन । शिक्षित हुनु, पठित हुनु आदर्श नारीको अवगुण मानिने त्यो जमानामा हाम्री हजुरमुमा अर्थात् भगवत कुमारी पाण्डेले साहित्यमा कलम चलाएबापत आफन्तहरूबाटै ठूलो मानसिक सकस बेहोर्नु परेको थियो भन्ने कुरा जेठी फुपु चित्कला तिवारी (साहित्यकार भीमनिधि तिवारीकी जेठी पत्नी) को मुखबाट मैले सुनेकी हुँ । आफूमा प्रतिभा र रुचि दुवै कुरा हुँदाहुँदै पनि साहित्यमा निर्बाध रूपमा अभिव्यक्ति नपाउनु उहाँका लागि कत्रो पीडाको कुरा बनेको थियो होला ? तपाईं अनुमान गर्न सक्नुहुन्छ । बुबा पोषण पाण्डेमा कलिलो उमेरबाटै साहित्यतर्फ जुन उन्मुखता देखियो, त्यो आफ्नी आमाप्रतिको उहाँको करुणा, प्रेम र श्रद्धाको रचनात्मक वाणी थियो भन्ने मेरो बुझाइ हो । तत्कालीन सामाजिक संरचनागतरूढीको मारमा परेर जसरी हजुरमुमाको साहित्ययात्रा अवरुद्ध हुनपुगेको थियो, त्यसलाई बुबाले आफू साहित्यमा अगाडि आएर परिपूर्ति गरिदिनु भयो । आफ्नी साहित्यकार आमाको नामप्रति श्रद्धा अर्पण गर्ने यो शैली मलाई असाध्यै मन परेको पक्ष हो बुबाको जीवनको ।

● **यहाँले भन्नुभयो, पोषण पाण्डे कलिलै उमेरबाट साहित्यमा अग्रसर हुनु भएको हो । उहाँले आफ्नो साहित्यिक व्यक्तित्वलाई औपचारिक रूपमा पहिलोचोटि कुन विधामार्फत् कहिले सार्वजनिक गर्नु भयो ?**

जसरी प्रायः सर्जकहरू आफ्नो साहित्ययात्राका क्रममा सुरुमा कविता विधामै झुल्किन्छन्, बुबा पनि त्यही लहरमा पर्नुहुन्छ । उहाँ वि.सं. २००५ सालमा 'शारदा' पत्रिकामा 'जलन' शीर्षकको कविता प्रकाशित गरी साहित्यजगत्मा पहिलोचोटि औपचारिक रूपमा अवतरित हुनु भएको हो भन्ने प्रमाण मिल्छ ।

● **उहाँको प्रकाशित पहिलो पुस्तकाकार कृति कुन विधाको हो ? अहिलेसम्म उहाँका के कति कृतिहरू प्रकाशित छन् ?**

'आँखी झ्याल' कथासङ्ग्रह उहाँको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । यो कृति पहिलोचोटि २०२१ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्रकाशकत्वमा अगाडि आएको हो । त्यसपछि प्रकाशित उहाँका अन्य कृतिहरू कालक्रमिक रूपमा यस प्रकारले रहेको पाइन्छ– 'मानस' (कथासङ्ग्रह, २०२५), ' वटवृक्षको उद्घाटन' (कवितासङ्ग्रह, २०२५), 'हिउँमा परेका डोबहरू' (कथासङ्ग्रह, २०३२), 'मनसा' (कवितासङ्ग्रह, २०५२) र 'मेरी नैनी' (कवितासङ्ग्रह, २०७८) ।

● **साहित्यमा विधागत दृष्टिले उहाँको सक्रियताको प्रमुख क्षेत्र कुन हो भन्ने ठान्नुहुन्छ तपाईं ?**

कविता र कथा दुवै विधामा उहाँको सक्रियता बराबरको हो भन्ने कुरा माथि उल्लिखित उहाँका प्रकाशित कृतिहरूले नै बोलिरहेछन् नि होइन र ?

**● तर साहित्यजगत्मा उहाँको नामले कविका परिचयमा भन्दा कथाकारको परिचयमा बढी प्रसिद्धि पाएको देखिन्छ नि त ?**

तपाईंले सही भन्नुभयो । हो, म पनि यस्तै देख्छु । उहाँले आफ्नो साहित्यिक जीवनमा कथा र कविता दुवै विधामा समानान्तर रूपमा सशक्त ढङ्गले कलम चलाउनु भएको हो तापनि कथाका तुलनामा उहाँका कवितामा अध्येताहरूको दृष्टि अलि कम पुगेको पक्कै हो । तर दुःखको कुरा के भने नेपाली साहित्यमा यो स्थिति केवल उहाँ एक जना स्रष्टाको मात्र होइन, उहाँका समकालीन अरू कैयौँ महत्त्वपूर्ण स्रष्टाहरूको पनि स्थिति यस्तै यस्तै देखिन्छ । बहुमुखी प्रतिभाका धनी स्रष्टाहरूको साहित्यिकताको परख गर्दा कुनै एउटा विधामा तिनको उपस्थितिको खासियत पहिचान्दै गर्दा, अर्को विधामा पनि तिनबाट उत्तिकै मूल्यको योगदान पुगेको कुरा जानेर वा नजानेर ओँलिन छुटिरहेको उदाहरण कैयौं छन् हाम्रो साहित्यिक अध्ययनको इतिहासमा । यसो हुनुलाई 'सामान्य कुरा हो' भन्ठान्नु सही होइन भन्ने लाग्छ मलाई । बहुमुखी प्रतिभाका धनी स्रष्टाहरूको साहित्यिक योगदानको परख गर्दा साहित्यका विभिन्न विधामा उहाँहरूले पुऱ्याएको योगदानप्रति न्यायपूर्ण दृष्टि पुऱ्याउनु जरूरी छ भन्ने लाग्छ ।

**●कथाको मात्रै कुरा गर्नुपर्दा उहाँका 'मास्टर पिस' रचना कुनलाई मान्नुहुन्छ तपाईं ?**

भन्न त धेरैले 'भिनाजुको स्विटर' लाई उहाँको 'मास्टर पिस' कथा भन्ने गरेको पाइन्छ । तर यथार्थ यति मात्र होइन, उहाँका अरू पनि कतिपय त्यस्ता कथा छन् जसलाई मास्टर पिस रचनाका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । यस सन्दर्भमा म आफैँले केही भन्नु भन्दा पनि आदरणीय गुरु डा. दयाराम श्रेष्ठ (जसले आधुनिक नेपाली कथामै विद्यावारिधि गर्नुभएको हो र 'नेपाली साहित्यका इतिहास लेखक' को परिचयमा पनि उहाँको नाम प्रसिद्ध छ) को भनाइ यहाँ सम्झनु बढी आधिकारिक होला भन्ठान्छु । डा. श्रेष्ठका अध्ययनमा पोषण पाण्डेको 'भिनाजुको स्विटर' मात्र होइन, 'हर्के तामाङको संस्मरण', 'राधेश्यामको साइकल', 'निषेधका फूलहरू', 'हिउँमा परेका डोबहरू', 'खाली मेच : भिन्न भिन्न हरिदास' लगायतका कथाहरू पनि आफ्नो समयका मास्टर पिस रचना हुन् ।

**● यी त भए अध्ययनका कुरा । अब अलिकति अनुभूतिका कुरा पनि गरौँ । साहित्यकार बुबाकी साहित्यकार छोरी तपाईं । बुबा पोषण पाण्डेलाई कसरी सम्झनुहुन्छ ?**

बुबा मेरो जीवनको ऊर्जा, आस्थाको पुञ्ज, सबैभन्दा ठूलो विश्वास र सबैभन्दा 'बलियो भर' उहाँ मेरो मनको । अरूका लागि 'आँखी झ्याल', 'वटवृक्षको उद्घाटन', 'मानस', 'हिउँमा परेका डोबहरू', 'मनसा', 'मेरी नयनी' लगायतका साहित्यिक कृतिका सर्जक मात्र उहाँ, तर मेरा लागि त्योभन्दा कता हो कता व्यापक, विशाल, अथाह आयामको प्रकाश उहाँ ।

**● बाल्यकालमा बुबासँग बिताएका बिर्सनै नसकिने क्षणहरू बारे केही बताइदिनुहुन्छ कि ?**

बाल्यकालमा बुबासँग बिताएका अविस्मरणीय क्षणहरू सम्झन खोज्दा मनमा एकैसाथ धेरै सम्झनाहरू ताजा भएर आउँछन् । म सम्झन्छु, बुबाले हामी केटाकेटीहरूसित कडा स्वरले कहिल्यै बोल्नु भएन । हामीले जानेर वा नजानेर गल्ती गर्‍यौँ भने अथवा पढ्नवर्न अल्छी गर्‍यौँ भने 'त्यसो गर्न हुन्न' भन्ने कुरा उहाँ कथाजस्तो बनाएर बुझाउनुहुन्थ्यो हामीलाई । बाहिरबाट घर आउँदा प्रायः खाली हात आउनुहुन्न थियो । हामी केटाकेटीहरूलाई कहिले के कहिले के लिएर आउनुहुन्थ्यो उहाँ । र, त्यसरी ल्याएका चीजहरू सोझै हातमा दिनुहुन्नथ्यो । धेरैजसो हामी पढिरहेको बेला पछाडिबाट आएर सुटुक्क राखिदिनुहुन्थ्यो । त्यो देखेपछि हामी दङ्ग पर्थ्यौँ । उहाँ पनि दङ्ग पर्दै चिहाएर हामीलाई हेरिरहनु हुन्थ्यो । यस्ता रमाइला सम्झनाहरू धेरै छन् यो मनभित्र । बुबाकै सम्झनासित जोडिएको साहित्यसित सम्बन्धित एउटा अविस्मरणीय सन्दर्भ पनि यहाँ म बताउँछु । त्यतिबेला म त्यस्तै ९/१० वर्षकी थिएँ, बुबाले मलाई रेडियो नेपालको बाल कार्यक्रममा कविता वाचन गर्नलाई लिएर जानुभएको थियो । बालकार्यक्रमका सञ्चालक वासुदेव मुनाल हुनुहुन्थ्यो क्यार त्यतिबेला सायद । त्यो बेला रेडियो स्टेसनभित्र आफूजस्तै केटाकेटीहरू सँगै बसेर कविता वाचन गरिसकेपछि बुबाको औँला समातेर सिंहदरबारदेखि इन्द्रचोकको घरसम्म उत्साहित हुँदै उफ्रिँदै उफ्रिँदै पुगेको घटना म कहिल्यै बिर्सन सक्तिनँ । भन्ने नै हो भने त्यो क्षण मनमा अनुभूत भएको उत्साहको आल्हाद बयान गर्ने शब्द नै छैन मसित ।

**● तपाईंको बुझाइमा बुबा कस्तो स्वभावका व्यक्ति हुनुहुन्थ्यो ? उहाँका रुचिका क्षेत्र के-के थिए ?**

बुबा अत्यन्त सरल स्वभावका व्यक्ति हुनुहुन्थ्यो । कम बोल्नुहुन्थ्यो । ठूलो स्वर कसैलाई गर्नु हुन्नथ्यो । आफ्नो कारणले कसैलाई पनि दुःख नहोस् भन्ने भाव उहाँमा देखिन्थ्यो । कर्ममा विश्वास गर्नुहुन्थ्यो, स्वप्रचारको स्वभाव उहाँमा पटक्कै थिएन । यो कुरा मलाई मात्र लागेको होइन, उहाँका समकालीन कतिपय साहित्यिक मित्रहरू तथा समीक्षकहरूले पनि उहाँबारे यस्तै धारणा व्यक्त गरेका मैले सुनेकी छु, पढेकी छु । साहित्य उहाँको रुचिको मुख्य क्षेत्र हो भन्ने कुरा त जगजाहेर नै छ । उहाँ अध्ययनप्रेमी हुनुहुन्थ्यो । घरमा हामी उहाँलाई जहिले पनि केही न केही पढिरहेकै अवस्थामा देख्थ्यौँ । अर्को स्मरणीय कुरा, सिर्जना र अध्ययनका साथसाथै साहित्यिक जमघटको आयोजना गर्नुमा पनि उहाँ विशेष रुचि राख्नुहुन्थ्यो भन्ने बुझिन्छ । हाम्रो इन्द्रचोकको घरमा एउटा ठूलो बैठक कोठा थियो तल्लो तल्लामा । यो २०११/१२ सालतिको कुरा हो, म जन्मिनुभन्दा अघिको कुरा । त्यो कोठामा बुबाको संयोजकत्वमा हरेक महिना साहित्यिक जमघट हुन्थ्यो रे । भवानी भिक्षु, बालकृष्ण सम, केदारमान व्यथित, विजयबहादुर मल्ल,

गोविन्दबहादुर गोठाले, दौलतविक्रम विष्ट, गोविन्दप्रसाद लोहनी जस्ता साहित्यिक व्यक्तित्वहरूको त्यहाँ उपस्थिति रहन्थ्यो रे । गीतगजल सुन्नु उहाँको रुचिको अर्को महत्वपूर्ण क्षेत्र हो । उहाँ सङ्गीतप्रेमी हुनुहुन्थ्यो । गीतहरू गुनगुनाइ रहनुहुन्थ्यो । मलाई सम्झना छ अझै, अफिस जाने बेलामा पनि उहाँ नेपाली, हिन्दी गीतहरू गुनगुनाउँदै लुगा फेर्नुहुन्थ्यो । क्यासेटप्लेयरमा गजलहरू खुब सुन्नुहुन्थ्यो । मेहन्दी हसन, महेन्द्र कपुर, गुलाम अली, जगजित सिंह आदि बुबाका प्रिय गायकहरू हुन् । हामी तिनैका गीत र गजलहरू सुन्दै हुर्किएका हौँ । बुबाकै रुचिको प्रभाव हुनसक्छ हामी छोराछोरीहरू सबै पनि गीत गजल सुन्न खुब मन पराउछौँ । खानामा उहाँ मासु माछाको खुब सोखिन हुनुहुन्थ्यो । कहिलेकाहीँ मुड चल्दा आफैँ पकाउन पनि अघि सर्नु हुन्थ्यो । मिठो पकाउनुहुन्थ्यो बुबा । उहाँलाई तरकारी केलाउने काममा पनि रुचि थियो । डुकुको साग केलाउँदा रेसा-रेसाको अवलोकन गर्नुहुन्थ्यो, के के के के सोच्दै एक्लै आफैँभित्र कुरा गरिरहे जस्तो देखिनुहुन्थ्यो कहिलेकाहीँ । पछि कुरा बुझियो, त्यो त उहाँले मनमनै कथा बुनिरहनु भएको पो हो रहेछ त !

**● तपाईंको बुझाइमा उहाँको व्यक्तिगत स्वाभाव र साहित्यिक अभिव्यक्तिमा कतिको समानता थियो ?**

मेरो अनुभवमा, मेरो अध्ययनमा  बुबा भनाइ र गराइ दुवै पत्रमा उस्तै हुनुहुन्थ्यो । जे बोल्नुहुन्थ्यो, त्यही गर्नुहुन्थ्यो । उहाँ जति हार्दिक स्वभावको हुनुहुन्थ्यो, उत्ति नै बौद्धिक पनि । उहाँको व्यक्तित्वको यो दुवै विशेषता उहाँका साहित्यमा प्रतिविम्बित भएको पाउँछु म । अध्ययन चिन्तनमा गहिरो रुचि उहाँको स्वभावगत जुन विशेषता हो, त्यो विशेषताको प्रभाव उहाँका रचनाहरूमा छरपस्ट पाइन्छ ।। मनोविज्ञान र दर्शनका पुस्तकहरू पढ्नमा विशेष रुचि राख्ने उहाँ, उहाँका रचनाहरूमा यी दुवै विषय महत्त्वपूर्ण विशेषता बनेर व्यञ्जित भएको अनुभूत गर्न सकिन्छ । सरलतामा जटिल कथ्यलाई उद्घाटित गर्नु उहाँका रचनाहरूको विशेषता हो ।उहाँ स्वभाव र व्यवहारमा समानता राख्ने व्यक्ति हुनुहुन्थ्यो भन्ने कुराबारे बताउँदै गर्दा यहाँ साहित्यकार मञ्जु काँचुलीको भनाइ सम्झन मन लाग्यो मलाई । मञ्जु काँचुलीले एक साहित्यिक समारोहमा साहित्यकार पोषण पाण्डेबारे आफ्नो धारणा यसरी व्यक्त गर्नुभएको थियो- "पोषण पाण्डे एकदमै शालीन स्वभावका व्यक्ति हुनुहुन्थ्यो । जस्तो खालको स्वभाव र व्यवहार हो त्यस्तै खालको चिन्तन र अभिव्यक्ति उहाँका साहित्यमा पाइन्छ ।" स्मरणीय छ, काँचुली भीमनिधि तिवारीकी सुपुत्री हुनुहुन्छ । भीमनिधि तिवारीले उहाँलाई पनि कविगोष्ठीहरूमा लिएर जानुहुन्थ्यो रे । ती कवि गोष्ठीहरूमा हाम्रा बुबाले पनि कविता वाचन गर्ने गर्नुभएको उहाँले कैयौँ पटक देख्नु भएको थियो रे । त्यतिबेलादेखि नै उहाँलाई हाम्रा बुबा एकदम शालीन र भलादमी व्यक्ति लाग्नु हुन्थ्यो रे ।

**(डा. पाण्डे स्व. पोषण पाण्डेकी सुपुत्री हुनुहुन्छ ।)**



# विचारका सापेक्षतामा पोषण पाण्डेको 'चोर' कथाको विश्लेषण

नेत्रबहादुर कुँवर

## १ विषयप्रवेश

पोषण पाण्डे (वि.सं. १९८९-२०४९) नेपाली साहित्यमा देखा परेका बिर्सनै नहुने साहित्यकार हुन् । उनका 'आँखीझ्याल' (वि.सं. २०२१), 'मानस' (वि.सं. २०२५), 'हिउँमा परेका डोबहरू' (वि.सं. २०३२) जस्ता कथासङ्ग्रह तथा 'वटवृक्षको उद्घाटन' (वि.सं. २०२५) र 'मनसा' (वि.सं. २०५२) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् (विकिपेडिया, २०८०) । वि.सं. २००६ मा 'पुरुषार्थ' पत्रिकामा कविता छपाएर साहित्यिक यात्रा आरम्भ गरेका पाण्डेले वि.सं. २०१० पछि कथा यात्रा आरम्भ गरेका हुन् । उनको पहिलो कथा 'चोर' वि.सं. २०१० को "परोपकार" पत्रिकामा प्रकाशन भएको थियो (साहित्य पोस्ट, २०८०) ।

प्रस्तुत आलेखमा कथाकार पोषण पाण्डेको 'चोर' कथामा पाइने वैचारिक पक्षलाई 'विचारका सापेक्षतामा पोषण पाण्डेको 'चोर' कथाको विश्लेषण' शीर्षक दिई विश्लेषण गरिएको छ । यस आलेखको मुख्य सीमाका रूपमा सबाल्टर्नवादी विचार, प्रगतिवादी विचार, यथार्थवादी विचार, मनोवैज्ञानिक विचार, कलावादी विचार, स्वच्छन्दतावादी विचार, आदर्शवादी विचार, आलोचनात्मक यथार्थवादी विचार र अस्तित्ववादी/विसङ्गतिवादी विचारलाई मात्रै अध्ययनको विषय क्षेत्रका रूपमा हेरिएको छ ।

## २ सबाल्टर्नवादी विचारका सापेक्षतामा 'चोर' कथा

सबाल्टर्नवादी विचार उत्तरआधुनिक सिद्धान्तको उपज हो । 'सबाल्टर्न' शब्दले निम्न स्तरवाला, कनिष्ठ तहको, गौण दलित, उत्पीडित वर्गलाई बुझाउँछ (डा. व्यास सी.पी., भारतीय इतिहास लेखन की सबाल्टर्न लेखन परम्परा की वर्तमान काल मेँ आवश्यकता, आवर हेरिटेज, आइएसइसएन ०४७४-९०३०, भोल्युम- ६८, स्पेसल इस्यू- ५, इम्प्याक्ट फ्याक्टर (२०२०)-६.८, के.के.एम. महाविद्यालय, भारत ।

यसै विचारका आधारमा हेर्दा पोषण पाण्डेको 'चोर' कथाको मुख्य पात्रका रूपमा रहेको 'रामे' पात्र सबाल्टर्न पात्र हो । यस कथामा कथाकारले रामे पात्रलाई उभ्याएर रामे जस्ता तमाम उत्पीडित वर्गका मानिसहरू आज पनि अनाहकमा चोरीको आरोप खेपिरहेका छन् भनी देखाइएको छ । पहिलो मालिकले रामेलाई चोरको आरोप लगाएपछि पुस्तेनी पहिलो मालिकका घरमा नोकरी गरेर बसेको राम घरबाट निकालिन्छ । प्रहरी, साइकल चालक, होटल मालिकको प्रताडनापछि कैयौँ हन्डर खाएर आखिरीमा चोर बन्न पुग्दछ । एउटा इमानदार नोकर समयको परिबन्दमा परेर चोरसम्म बन्न पुग्नु सामान्य कुरा होइन । यो हाम्रै सामाजिक चिन्तन र व्यवहारको उपज हो ।

आज पनि रामे जस्ता चरित्रहरू दैनिक चोरीका आरोपमा समातिन्छन् । ती पात्रका पीडा, आवाजप्रति न कसैलाई चिन्ता छ न त चासो नै छ । ती आवाजविहीनहरूको आवाजप्रति प्रस्तुत कथा निकै सभ्य एवम् संवेदनशील भएर आएको छ । ती पात्रप्रति कथाकारले सहानुभूतिको भावनासमेत प्रस्तुत गरेका छन् । यसैले यस कथामा सबाल्टर्नको वकालत गरेको कुरालाई पुष्टि गर्न सकिन्छ ।

### ३ प्रगतिवादी विचारका सापेक्षतामा 'चोर' कथा

प्रगतिवादी विचार मुख्यतया मार्क्सवादसँग सम्बद्ध भएर देखा पर्ने विचार हो । मार्क्सवादी दर्शनअनुसार कला साहित्य सामाजिक जीवनबाट पृथक् रहन सक्दैन र यसले जीवनका आर्थिक, सामाजिक सङ्घर्षलाई नै आफ्नो आधारभूमि बनाएको हुन्छ (भण्डारी, २०५५ : २८) । प्रगतिवादी दृष्टिमा कला साहित्यलाई आर्थिक, सामाजिक, सांस्कृतिक प्रतिविम्बनका रूपमा लिने गरिन्छ । यस दृष्टिमा हेर्दा ' चोर' कथा प्रगतिवादी चिन्तनबाट प्रभावित छ । खास गरी हाम्रो समाजमा निम्न वर्गका निम्ति बोलिदिने मान्छे छैनन् । तिनलाई अन्याय पर्दा बेलैमा न्यायका निम्ति पहल गरिदिन सके त्यसबाट विकसित प्रत्युत्पन्न विचारलाई निरुत्साहित गर्न सकिन्छ । रामे जस्ता पात्रहरू चोर बन्नुका पछाडि असमान आर्थिक स्तर हो । रामेले रोजीरोटीका निम्ति सहजता पाएको भए ऊ पक्कै पनि चोर बन्ने थिएन । कुनै व्यक्ति चोर भयो वा उसले चोरी जस्ता अपराध गऱ्यो भने सजाय दिनुका साटो वर्गीय असमानताको जड नै काट्नतिर लाग्नुपर्छ ।

जबसम्म रामे जस्ता पात्रले आर्थिक, सामाजिक रूपमा न्याय पाउँदैनन् तबसम्म यस्ता चोरीका घटना घटिरहन्छन् । मालिक र नोकर, हुने र नहुनेबीचको खाडल हटाई वर्गमुक्त समाजको निर्माण गर्नु नै आजको आवश्यकता हो । यसतर्फ हामी सचेत नागरिकले ध्यान दिनु जरुरी छ ।

## ४ यथार्थवादी विचारका सापेक्षतामा 'चोर' कथा

यथार्थवादी विचारका कथाहरूले वस्तुयथार्थलाई नै आफ्नो केन्द्रीय स्रोत बनाएका हुन्छन् । यथार्थवादी विचारलाई भौतिकवादी वा वस्तुवादी विचार पनि भन्न सकिन्छ । तत्कालीन समाजमा देखिएका विकृति विसङ्गतिलाई जस्ताको तस्तै आफ्ना कथा/साहित्यमा प्रस्तुत गरेर परिवर्तनको सङ्केत वा अपेक्षा गरेको पाइन्छ । यथार्थवादी विचार अर्थप्रकृतिका दृष्टिले विभिन्न प्रकारका छन् । समाज, व्यक्ति वा सामाजिक जीवन, घटना, विषयवस्तुलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गर्ने सामाजिक यथार्थवादी विचार, यथार्थवादी विषयवस्तु भए पनि उद्देश्यका रूपमा आदर्शको प्रस्तुतीकरण हुने आदर्शोन्मुख यथार्थवादी विचार, यथार्थको चित्रण गर्दा त्यसमा आउने कुरीति, शोषण, अन्धविश्वास, विसङ्गति आदिको आलोचनात्मक प्रस्तुति गर्ने आलोचनात्मक यथार्थवादी विचार, मान्छेको मनको अन्तरकुन्तर खोतलेर मानवको मनस्थिति केलाउने मनोवैज्ञानिक विचार आदि यथार्थवादी विचारहरू हुन् (बराल र एटम, २०६६ : ५५) । यस परिदृश्यमा 'चोर' कथालाई मूल्याङ्कन गर्दा यस कथामा शहरी नेपाली समाजको क्रूर यथार्थलाई प्रस्तुत गरेको छ । चन्द्र शमशेरको पालामै कमारा प्रथाको उन्मूलन भए तापनि त्यस प्रवृत्तिले आजसम्म पनि जरो गाडेको छ ।

पुस्तेनी कमारा बसे पनि अन्त्यमा अपराधी बनाएर निकाल्ने सम्भ्रान्त वर्गको यथार्थ प्रवृत्तिलाई यस कथाले सजीव रूपमा प्रस्तुत गरेको छ । रामे जस्ता पात्रलाई अन्याय पर्दा बोलिदिने कोही छैनन् । बरु त्यस्ता अन्यायलाई विवश भएर स्विकार्न बाध्य छन् । परिणामस्वरूप समाजले चोर घोषणा गरिदिएपछि विकल्पका रूपमा वास्तविक चोर नै बन्नु परेको छ । कथाले यस किसिमको सामाजिक यथार्थलाई निकै मसिनो गरी औँल्याएको छ ।

## ५ मनोवैज्ञानिक विचारका सापेक्षतामा 'चोर' कथा

पाश्चात्य दार्शनिक तथा मनोवैज्ञानिक डाक्टर सिग्मन्ड फ्रायडबाट प्रभावित विचार नै मनोवैज्ञानिक विचार हो । यस विचारमा फ्रायडसँगै कार्ल गुस्ताब युङ, अल्फ्रेड एडलर, ल्याकन जस्ता विद्वान्का विचार पनि एकीकृत भएर आउँछन् । यस विचारका सापेक्षतामा हेर्दा 'चोर' कथा सामाजिक तथा व्यक्ति मनोविज्ञानमा आधारित कथा हो । यस कथामा एउटा गरिब र निम्न वर्गको व्यक्तिलाई हाम्रो समाजले कस्तो चस्मा लगाएर हेर्छ र समाजको मनोविज्ञान कुन रूपमा प्रस्तुत भएको हुन्छ भनी देखाइएको छ । मालिक, प्रहरी, साइकल चालक, होटल मालिक अथवा समाजका अन्य व्यक्तिको उपेक्षापूर्ण व्यवहारमा समाज मनोविज्ञान

प्रस्तुत छ । यस्तै रामे आखिरीमा चोर बन्नुमा भने समाज मनोविज्ञानले व्यक्ति मनोविज्ञानमा पारेको प्रभाव विशेष रूपमा प्रस्तुत भएर आएको छ । सबैले रामेलाई चोर भनेपछि चोर बन्न बाध्य भएको छ ।

एउटा सामान्य मनोविज्ञानको मान्छेलाई असामान्य मनोविज्ञान भएको समाजले कसरी असामान्य मनोविज्ञान उत्पन्न गर्न विवश गराउँछ भन्ने कुरालाई कथाले निकै सान्दर्भिक रूपमा प्रस्तुत गरेको छ ।

**६ कलावादी विचारका सापेक्षतामा 'चोर' कथा**

कथाकार पोषण पाण्डे कला र सौन्दर्य पक्षलाई पनि उत्तिकै ध्यान दिएर कथा लेख्न पुग्दछन् । कला केका लागि भन्ने प्रश्नको जवाफमा प्रगतिवादी साहित्यकारहरू कलालाई जीवनसँग सामीप्य गाँसेर हेर्ने गर्दछन् (चैतन्य, २०६७ : ३५) । पाण्डेको 'चोर' कथा कलालाई कलाका रूपमा मात्र नभई जीवनका रूपमा समेत प्रस्तुत गरिएको छ । साहित्यले रस सिर्जना गरिसकेपछि त्यसको सामाजिक उत्तरदायित्वलाई पनि विशेष ध्यान दिनुपर्ने हुन्छ ।

'चोर' कथा कथाको आधारभूत सिद्धान्तबाट सम्पूर्ण रूपमा स्तरीय छ । यति मात्र होइन यसमा जीवनको यथार्थ प्रस्तुतिबाट रामे जस्ता निम्न वर्गका उत्पीडित मानिसहरू अन्यायमा पर्नुहुँदैन भन्ने जीवनवादी व्याख्या पनि भएको पाइन्छ । यसर्थ यो कथा जीवनोपयोगी कलाका दृष्टिले निकै महत्त्वपूर्ण रहेको देखिन्छ ।

**७ स्वच्छन्दतावादी विचारका सापेक्षतामा 'चोर' कथा**

स्वच्छन्दतावादले मानवतावादलाई समेत आफूभित्र समेट्ने प्रयास गरेको पाइन्छ । कथामा स्वच्छन्दतावादभित्र मानवतावाद अटाएको छ । धर्तीमा जन्मिसकेपछि स्वतन्त्रपूर्वक बाँच्न पाउने सबैको अधिकार छ । समाज विकासको क्रमसँगै बलियोले निर्धोलाई, धनीले गरिबलाई, हुनेले नहुनेलाई शोषण र दमन गर्ने प्रवृत्तिको विकास हुँदै गयो । यही कालक्रममा बिस्तारै मान्छेले मान्छेलाई मान्छेको व्यवहारले हेर्न छाड्यो । स्वच्छन्दतावादभित्र वैयक्तिकता, काल्पनिकता, विद्रोहात्मकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, कृत्रिमताबाट मुक्त, सङ्गीतात्मकता, मानवतावादी जीवन दृष्टि अभिव्यक्त भएका हुन्छन् (शर्मा र लुइँटेल, २०६३ : २८९) । रूपनारायण सिंहको 'भ्रमर' देखि नेपाली कथामा यो प्रवृत्ति हाबी हुँदै गएको देखिन्छ । यस सन्दर्भमा पोषण पाण्डेको 'चोर' कथामा वैयक्तिक स्वतन्त्रताको वकालत, मानवताको खोजी, जीवनवादी दृष्टि, मौन सामाजिक विद्रोह, विधागत सौन्दर्यात्मकता, कृत्रिमता वर्जित सन्दर्भ पाइन्छ ।

व्यक्तिगत स्वतन्त्रताको उडानमा सामाजिक, आर्थिक पक्षको छेकबार हट्नुपर्छ, मान्छेले मान्छे भएर बाँच्न पाउने अवस्था सिर्जना हुनुपर्छ भन्ने मूल स्वच्छन्दतावादी विचारलाई 'चोर' कथाले शालीन शैलीमा प्रस्तुत गरेको छ ।

### ८. आदर्शवादी विचारका सापेक्षतामा 'चोर' कथा

हुन त प्रगतिवाद र आदर्शवाद एकअर्कामा नअटाउन सक्छ । यदि प्रगति चाहने हो भने समाजका नीति, नियम र मान मर्यादाहरूलाई उल्लङ्घन गर्नुपर्छ र सामाजिक आदर्शतालाई तोड्नुपर्छ (भण्डारी, २०५५: ५०) । आदर्शवादी नैतिकताको वकालत गर्ने सिद्धान्त हो । 'चोर' कथामा सामाजिक नैतिकता र व्यक्तिगत आवश्यकताबीचको असीम द्वन्द्व छ । रामे जस्ता पात्र इमान्दार भएर बाँच्न चाहन्छ तर हाम्रो समाजले तिनीहरूलाई जबर्जस्त ढङ्गमा अपराधी नै बनाइरहेको छ । यहाँ सामाजिक नैतिकतालाई उल्लङ्घन गर्न सकिएको छैन । सामाजिक नैतिकता एउटा आचरण होला तर यस किसिमको आचरण स्वयम् समाज र समाजका सदस्यले पालना गर्नुपर्छ कि पर्दैन भन्ने मूल प्रश्नलाई कथाले उठाएको छ । समाजले आदर्शता कायम गर्न व्यक्तिको आदर्शता हुनु जरूरी छ । मान्छेहरू आफू पनि आदर्श जीवन बाँच्न चाहँदैन र आदर्श व्यक्तिलाई पनि क्षणमै बिगारिदिन्छन् ।

कथाको मुख्य पात्र रामे आदर्श नोकर भए पनि उसलाई चोर बन्न बाध्य पारिएको छ । रामेले चोर्नु वा ऊ अपराधी करार हुनु सामाजिक रूपमा अनैतिक भए पनि जीवनवादी दृष्टिमा भव्य आदर्श हो भन्ने आधार भेट्न सकिन्छ ।

### ९. आलोचनात्मक यथार्थवादी विचारका सापेक्षतामा 'चोर' कथा

स्वच्छन्दतावादी विद्रोही र पुँजीवादी मूल्यहरूको उच्च तथा निम्न वर्गीय अस्वीकृतिको मिश्रणबाट आलोचनात्मक यथार्थवाद जन्मिएको हो (शर्मा र लुइँटेल, २०६३ : पृ. ३०२) । समाजमा भएका आर्थिक, सामाजिक यथार्थलाई आलोचनात्मक ढङ्गमा प्रहार गर्ने काम 'चोर' मा भएको पाइन्छ । समाज अस्पतालमा रोगी जम्मा भए जस्तै कुत्सित मानसिकताबाट ग्रसित छ । समाजलाई उपचारको जरुरी छ । समाजको यही कुरूप यथार्थलाई नाङ्गो रूपमा प्रस्तुत नगर्दासम्म यथार्थ बाहिर आउन सक्दैन ।

'चोर' कथामा नेपाली शहरिया समाजको वर्गीय असमानतावादी विचार, प्रहरी, मालिक, साहुको व्यवहार जुन शैलीमा प्रस्तुत भएको छ त्यो हाम्रो समाजको ऐना हो । यस किसिमको यथार्थलाई यस कथाले प्रस्तुत गरेबाट कथा आलोचनात्मक यथार्थवादी छ भन्ने आधार प्राप्त हुन्छ ।

## १०. अस्तित्ववादी/विसङ्गतिवादी विचारका सापेक्षतामा 'चोर' कथा

मान्छे आफ्नो अस्तित्वको खोजी गर्छ, यही अस्तित्व खोजी गर्ने क्रममा उसको जीवन विसङ्गत बन्न जान्छ भन्ने मान्यता अस्तित्ववादी विचार भएका कथाको रहने गर्छ । प्रत्येक व्यक्तिको अहम् प्रदर्शन गर्ने आकाङ्क्षा हुन्छ, सोही आकाङ्क्षालाई अभिव्यक्त गरी लेखिएका कथाहरू अस्तित्ववादी विचार भएका कथा हुन् । अस्तित्ववादी विचारका सम्बन्धमा जाँ पाल सार्त्रको पुस्तक भविता र शून्यतामा विस्तृत व्याख्या गरिएको पाइन्छ । 'भविता' भनेको हुनु हो र यसले जड तथा चेतनालाई जनाउँछ । 'शून्यता' भनेको नहुनु हो र यसले विसङ्गतिलाई जनाउँछ (शर्मा र लुइँटेल, २०६३ : ३४५) । अस्तित्व भनेको जड नभएर चेतन भविताका साथ विसङ्गतिको बोध गर्नु हुन्छ । म छु र म आफ्ना चयन, निर्णय र कार्यमा स्वतन्त्र छु भनी अनुभव गर्ने मनुष्य अस्तित्ववादी हुन्छ । यस दृष्टिमा हेर्दा 'चोर' कथाको मुख्य पात्र रामे आफ्नो अस्तित्वको खोजीमा रुमलिएको पात्र हो । मालिकको घरबाट चोरीको अनाहक आरोपमा निकालिएपछि ऊ भौतारिन पुग्दछ । प्रहरीको सास्ती, साइकल चालकको हेपाइ, होटल मालिकको अपमानसँगै पाटीको बास हुन पुगेको रामे अन्ततः वास्तविक चोर र पाकेटमार बन्न पुगेको छ ।

नियतिको जाँतोमा परेपछि कसरी घुन जस्तै पिसिन पुगिन्छ भन्ने कटु यथार्थलाई 'चोर' कथाको मुख्य पात्र रामेका माध्यमबाट प्रस्तुत गरिएको छ । रामेलाई चोर बन्न रहर छैन तर ऊ बाध्यतामा परेपछि चोरी नगरी रहन सकेको छैन । ऊ सानो छँदा उसको बुबाले इमान्दारी भन्ने कुरा मूल्यवान् हुन्छ भनी सिकाएको छ । ऊ अन्तिमसम्म इमान्दार पनि हुन्छ तर जब विकल्प शून्य बन्दछ तब रामे वास्तविक चोर बन्न पुगेको छ । यो अस्तित्ववादी/विसङ्गतिवादी सिद्धान्तको अनुपम उदाहरण हो ।

## ११ निष्कर्ष तथा सुझाव

'चोर' कथा पोषण पाण्डेका पहिलो कथा हो । यो वि.सं. २०१० को "परोपकार" पत्रिकामा प्रकाशन भएको थियो । यस कथामा विशेष गरी सबाल्टर्नवादी विचार, प्रगतिवादी विचार, यथार्थवादी विचार, मनोवैज्ञानिक विचार, कलावादी विचार, स्वच्छन्दतावादी विचार, आदर्शवादी विचार, आलोचनात्मक यथार्थवादी विचार र अस्तित्ववादी/विसङ्गतिवादी विचार प्रस्तुत भएको पाइन्छ । खास गरी आलोचनात्मक यथार्थवादी विचार, यथार्थवादी विचार, सबाल्टर्नवादी विचार, मनोवैज्ञानिक विचार र प्रगतिवादी विचार सशक्त रूपमा आएको छ । अस्तित्ववादी/विसङ्गतिवादी विचारका दृष्टिले पनि यो कथालाई स्तरीय नै

मान्नुपर्ने हुन्छ । कथाको मुख्य पात्र रामेको अस्तित्वको खोजी र भोग्नु परेको बाध्यता यस विचारको दृष्टान्त हो ।

सार रूपमा मूल्याङ्कन गर्दा पोषण पाण्डेको 'चोर' कथा विचारका दृष्टिले निकै महत्त्वपूर्ण कथा हो । पहिलो कथा नै विधागत र विचारगत सचेततापूर्वक आउनुले पोषण पाण्डेको कथाकारितामा कुनै कमी छैन भन्ने कुरालाई देखाउँछ । कथाको अन्त्यमा रामे पात्र चोरीको आरोपमा हिरासतमा जानुले पलायनवादी विचारलाई प्रश्रय दिएको जस्तो देखिए पनि यसले मौन क्रान्तिकारितालाई नै मलजल गरेको छ भन्ने यस आलेखको मूल निष्कर्ष हो ।

## सन्दर्भग्रन्थ सूची


चैतन्य (२०६७), सौन्दर्यका नियमहरू : एक छलफल, मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (सम्पा. घनश्याम ढकाल र अरू, काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ ।

त्रिपाठी, वासुदेव र अरू (२०६०), नेपाली कविता भाग-४ (चौँ.सं.), ललितपुर : साझा प्रकाशन ।

डा. व्यास सी.पी., भारतीय इतिहास लेखन की सबाल्टर्न लेखन परम्परा की वर्तमान काल मैँ आवश्यकता, आवर हेरिटेज, आइएसइसएन ०४७४-९०३०, भोल्युम- ६८, स्पेसल इस्यू- ५, इम्प्याक्ट फ्याक्टर (२०२०)-६.८, के.के.एम. महाविद्यालय, भारत ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६) उपन्यास सिद्धान्त र नेपाली उपन्यास (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

भण्डारी, जगदीश चन्द्र (२०५५), प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण, काठमाडौँ : मुन्नी भण्डारी ।


विकिपेडिया, २०८० साल मङ्सिर ९ गते, साँझ ७:३८ बजे) ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शिवाकोटी, गोपाल (२०६९), राष्ट्रियताको सिद्धान्त, अवधारणा र नेपाली परम्परा, अर्को मोर्चा (वर्ष ३३, अङ्क १) पृ. १७-३४, काठमाडौँ ।

साहित्य पोस्ट, २०८० साल मङ्सिर ९ गते, साँझ ७:४४ बजे ।

# हर्के तामाङको संस्मरण



**पोषण पाण्डे**

हर्के तामाङ । यौटा चौध वर्षको तामाङ ठिटो । उसको बगलीभरि मोहोर-रुपियाँ छ र हातमा कपडाको पोको । पाँच वर्षपछि नोकरीबाट ऊ आज आफ्नो गाउँघरतिर फर्किरहेछ । ऊ यौटा फुक्का चालले हिंडिरहेछ । जाडोको रमाइलो घाम उसको आँखामा चम्किरहेछ । बाटोमा हिंड्दा हिंड्दै शहरका ठूलठूला घर, चौडा सडक, मोटर-गाडी र मानिसको घुइँचो, कोलाहल उसको पछाडि छुट्दै गइरहेछ ।

हर्के कहिले फटाफट हिंड्छ, कहिले चाहिँ एकाएक टक्क अडेर पछाडि फर्किन्छ । उसबाट क्रमशः टाढा-टाढा हुँदै गएका शहरका घरहरू र ती घरैघरहरूका बीचमा रहेको त्यो अग्लो घर हो, जसलाई ऊ आफ्नो नाङ्गो पैताला उचाली उचालीकन हेर्ने गर्छ ।

फेरि, तुरुन्तै उसको होस बगलीको मोहोर, रुपियाँमा जान्छ र झ्वाट्ट ऊ आफ्नो बगली छाम्छ । अनौठो किसिमको हर्ष-बिस्मात उसको मनमा खेलिरहेछ ।

त्यही अग्लो घर हो, जसमा उसले आफ्नो पाँच वर्षको नोकरी काल बिताएको थियो र त्यही अग्लो घर हो, जसमा उम्रेका स-साना घटनाहरूको संस्मरण अहिले उसको मनभित्र उडिरहेछ, खण्डित बादलजस्तै ।

एक दिनको कुरा हो । मुमासाहेबको आज्ञानू सार हर्के तामाङ मैयाँनानीलाई बोलाउन उनको कोठाभित्र पस्छ । मैयाँनानीलाई कोठामा नदेखेर ऊ फर्किन्छ, बिस्तारै-बिस्तारै आफ्नो आदतअनुसार भित्ताको ठूलो ऐनालाई हेर्दै-हेर्दै ।

हर्के तामाङलाई दिनको दुई-तीनपटक मैयाँनानीको कोठामा कामकाजले जानुपर्छ । हरेक पटक जाँदा, फर्कंदा ऊ भित्ताको ऐनामा हेर्ने गर्छ जहाँ ऊ आफ्नो बाटुलो तामाङ अनुहार खिस्स हाँसेको देख्छ ।

यति मात्र होइन, त्यहाँ ऊ आफ्नो पूरा शरीर नै, खुट्टा, आङ जम्मै देख्छ । घिउमा मुछेको पिठोझैँ उसको पिडौँलाको मासु र तिघ्रा पनि छर्लङ्ग देखिन्छन् ।

ऐनामा ऊ आफ्नो अनुहारलाई विभिन्न मुद्रामा ढालेर हेर्छ । कहिले दाँत ङिच्च पारेर, कहिले आँखा च्यातेर र कहिले खुम्च्याएर । शीतमा भिजेको जङ्गली पातझैँ त्यस चौध वर्षको तामाङ ठिटोको आँखा ऐनामा ज्यादै रमाएको देखिन्छ ।

हर्के तामाङ बिस्तारै हिँड्दै आफूलाई ऐनामा हेर्दै जान्छ । ढोकाको सँघारमा हर्केको जिउ हतार-हतार गरी आइरहेकी मैयाँनानीको शरीरसँग जुध्छ ।

"धत्..."

एक्कासि मैयाँनानीको मुखबाट निस्कन्छ । हर्के पनि झस्किन्छ । किञ्चित् डराएर ऊ मैयाँनानीको मुखतिर हेर्छ । फेरि, खिस्स हाँस्छ । निमेषभरमै ऊ त्यो कोठामा आउनुको कारण बिर्सिन्छ । जसबाट ऊ भित्रभित्र अत्यन्त भयभीत हुन्छ । कहीँ उसलाई तुरुन्तै मैयाँनानीले किन भनेर सोधिन् भने !

ओठलाई दाँतले टोकी मैयाँनानी आँखा झ्वाट्ट उचालेर सङ्केतद्वारा सोध्छिन्, "किन?" हर्के अलमलिएकै थियो, झन् अलमलिन्छ ।

"किन आको...? के भन्न आइस्...?"

मैयाँनानी अघिको अनुहार बदलेर सोध्छिन् । एक्कासि तामाङ खिस्स हाँसेर जवाफ दिन्छ, "हजुरलाई मुमाले बोलाइबक्स्याछ ।"

"आएँ...ल...," मैयाँनानी आलमारी खोल्दै भन्छिन् । हर्के जहाँको तहीँ उभिन्छ । मैयाँनानीलाई टोलाएर हेर्छ, हेरिरहन्छ । मानौँ, ऊ वैज्ञानिक कुनै चमत्कारी वस्तुलाई हेरिरहेछ ! अनायास ऊ कोठाभित्र दुई पाइला चाल्छ, फेरि टक्क पिस्तौलअगाडिको अपराधीझैँ रोकिन्छ ।

"के...किन...," मैयाँनानी सोध्छिन् । हर्के तामाङ खिस्स हाँस्छ । सकपकाउँछ, ऊ आफ्नो आङको मैलो कमिजलाई कच्याककुचुक पारेर भन्छ, "हजुरलाई मुमाले बोलाइबक्स्याछ ।"

"सुनिहालेँ नि... कतिचोटि भनिरा त्यो के छाँटको मान्छे रे छ," मैयाँनानी झर्केर उतिर फर्कंदै ठूलठूलो आँखा पार्छिन् । हर्के बिस्तारै फर्किन्छ ।

"सुन ए...," मैयाँनानी उसलाई चड्किलो आवाजले बोलाउँछिन् र टेबुलमाथिको करुवा देखाएर भन्छिन्, "त्यसमा पानी लेरा त...।"

हर्के चाँदीको करुवा लिएर पानी लिन जान्छ । दगुर्दै जान्छ ।

ooo

यता, हर्के पनि दगुर्न थाल्छ । एकै छिनपछि आफ्नो मूर्खतापूर्ण वेगलाई सम्झेर ऊ मनमनै छ्याङ्ग खस्छ र रुक्छ । फेरि, बिस्तारै हिँड्न थाल्छ ।

अहिले ऊ शहरबाट धेरै पर आइसकेको छ । शहरको इलाका नाघिसकेको छ । चारैतिर खेतको खुला फाँट छ । जमिनको तह अब शहरको भैँ सम्म छैन, उबडखाबड तलमाथि हुँदै गइरहेछ । अगाडि भञ्ज्याङको पहाड नजिक आइर हेछ । पहाडी रुख र झाङहरूको आकृति अलि-अलि देखिन थालिसकेको छ ।

यही पहाड हो, जुन शहरको कुनै कौसी अथवा बार्दलीबाट हेर्दा निलो मसीको टाटोजस्तै देखिन्छ । अब यो आ-आफ्नो हरियो रुख, पात छुट्ट्याउँदै हर्के तामाङको आँखा नजिक-नजिक आइरहेका छन् । आकाशको कुनाकाप्चातिर बादलका ससाना टुक्रा रूमलिरहेछन् ।

हर्के तामाङको मनमा पुनः पूर्वघटनाहरूको संस्मरण चल्न थाल्छ । गर्मीको बखत । घामको आलस्यले गर्दा हर्केबाट कुनै पनि काम छिटो-छरितो ढङ्गले हुन सकेको छैन । ऊ तलमाथि, यताउति गरिरहेछ ।

ऊ जहाँ जान्छ, घाम पनि उतै-उतै सर्दै आउँछ । बरन्डा, बार्दली, अटाली जम्मै ठाउँमा घाम पोतिएको छ । सकभर काम चाँडो सिद्ध्याएर ऊ शीतल ठाउँमा एक छिन आराम लिन चाहन्छ ।

फलतः ऊ छिटो-छिटो काम सिद्ध्याउँदै अन्तमा मैयाँनानीको टेबुलमा पानी राख्न कोठाभित्र पस्छ ।

ढोकाभित्र छिर्नासाथ हर्के तामाङलाई सरासर कोठाभित्र पस्ने हिम्मत आउँदैन । किनभने, मैयाँनानी पलङमा सुतिरहेकी देखिन्छिन् । हर्के बिस्तारै चाल मारेर जान्छ । टेबुलमाथि करुवा राख्छ । यौटा सानु आवाज खत्र्याक्क निस्किन्छ, जसले गर्दा ऊ स्तम्भित हुन्छ । टुलुटुलु मैयाँनानी सुतेको हेर्न थाल्छ ।

एकाएक फेरि कुनै यन्त्रतुल्य पलङतिर सर्दै जान्छ, क्रमशः सर्दै जान्छ । सुतेको मैयाँनानी र हर्के तामाङको फासला कम-कम हुँदै यौटा नगण्य खालीपनामा टुङ्गिन्छ ।

चौँतीस वर्षीय विधवा मैयाँनानीको जिउ पलङमा लेटिरहेछ । उनको शरीरको पातलो वस्त्र कचमचिएर स्थानान्तर भइरहेछ । मैयाँनानीको सेतो पिँडौला घुँडासम्म छर्लङ्ग देखिएको छ, जुन अहिले यौटा हिउँको स्निग्ध ढिक्काजस्तो प्रतीत भइरहेछ ।

होसमा भए मैयाँनानीको अनुहारमा हर्के तामाङ निमेषभर पनि हेर्न सक्दैनथ्यो । तर, अहिले हर्के उनलाई यसरी हेरिरहेछ मानौँ, उनी उसकी आमा नै हुन् । मैयाँनानी त्यस बेला कुनै हिमखण्डकी मूर्तिजस्तै देखिएकी थिइन् ।

हर्के तामाङ मैयाँनानीलाई मानौँ सुँघेझैँ गरी हेरिरहेछ । कोठाको सुनसानपना बगैँचापट्टिको झ्यालबाट वैशाखी हावा आइरहेछ, जुन मैयाँनानीको शरीरमा फरफर चलिरहेछ । हर्के तामाङ यौटा निरीक्षकजस्तो मैयाँनानीको शरीरको सबै अङ्ग हेर्दै जान्छ ।

मैयाँनानीको जिउबाट गन्ध आउँछ । अचम्मको गन्ध । कुनै चाट्न हुने लयालो वस्तुजस्तो । दूध, मह र घ्यू मिलाउँदा उठ्ने अनौठो गन्ध ।

हर्के तामाङ अब आफ्नो टाउको र नाकलाई मैयाँनानीको जिउमा जोर्न खोजेजस्तो गरी सुँघिरहेछ । मैयाँनानीको जिउबाट उसैगरी गन्ध आइरहेछ । उस्तै, केही फरक छैन ।

हर्केले आफ्नी आमाको गन्धको स्वाद पाएको छ । आमाको दूध चुस्ता, आमाको काखमा गुट्मुटिँदा र आमाको आङमा चढी खेल्दा । तर, हैन । मैयाँनानीको शरीरबाट अलिकता भिन्नै किसिमको स्वाद आइरहेछ । त्यसमा उसलाई शङ्का लाग्छ । भित्रभित्रै डर पनि । अँध्यारो कुना-काप्चातिर कुनै भूतप्रेतले समाती काखी-कुनामा काउकुती लगाइदिँदा जसरी आङ सिरिङ तथा रोमाञ्चित हुन्छ, उसैगरी हर्के मैयाँनानीको जिउ सुँघिरहँदा बीचबीचमा झसङ्ग हुन्छ ।

मैयाँनानीले जम्मै जिउ घोप्ट्याएर कोल्टो फर्किँदा एक्कासि उनको हात हर्केको आङमा लाग्छ ।

"को...?" मैयाँनानी झस्केर आँखा खोल्छिन् ।

हर्केको आँखा तल निहुरिन्छ । हात-खुट्टा लुलो हुँदै जान्छ र ऊ बिस्तारै वर-वर सर्दै आउँछ । टेबुलमाथिको चाँदीको करुवा समातेर उभिन्छ ।

घुँडाबाट सारी सार्दै मैयाँनानी उठ्छिन् र पलङमा बस्याबस्यै हेर्दै जान्छिन् । उनको आँखा जागा हुँदा जसरी उचालिन्थ्यो र जसले हर्केलाई बाँधेझैँ प्रतीत हुन्थ्यो, अहिले पनि उस्तै छ । यद्यपि, भर्खरै सुतेर उठ्दाखेरि उनको आँखामा छाएको लट्ठपना र आलस्यता कायमै छ ।

हर्केको मनमा सम्भावित आशङ्काहरूको घुइरो लाग्दै आउँछ । ऊ चाँदीको करुवा लियालियै उभिरहेछ ।

"खै त्यो पानी ले..," मैयाँनानी आलस्य मानेर भन्छिन् । हर्के करुवा लिएर नजिक जान्छ ।

"अलि यता लेन...।"

हर्के एकदम नजिक गएर मैयाँनानीको हातमा करुवा दिन्छ । करुवा हातमा लिएर मैयाँनानी पानी पिउन थाल्छिन् । पानी पिउँदा-पिउँदै भन्छिन्, "तँ ह्याँ के गरिरा...!"

मैयाँनानीको मुखमा गुलाफी हाँसो पोतिन्छ । हर्केलाई यस्तो किसिमको हाँसोले ज्यादै दुःख दिन्छ । यसले उसको घाँटी नै चपक्क समात्छ । यस्तो किसिमको हाँसोदेखि उसलाई डर लाग्छ ।

"पानी राख्न आ'थैँ...," हर्के बिस्तारै बोल्छ ।

"अनि..., अनि ह्याँनिर के गरिरा'नि.. !" मैयाँनानीले पलङनिर जहाँ ऊ अघि उनी सुत्दाखेरि उभिएको थियो, औँल्याएर सोधिन् ।

हर्के केही बोल्दैन, बोल्नै सक्तैन । के बोल्ने, के भन्ने । उसलाई स्वयम् थाहा छैन ऊ त्यहाँ किन उभिएको थियो । एक मन उसलाई यस्तो पनि लाग्छ कि पाउ दबाउन भनूँ कि... तर, अहँ कसरी भन्ने नभा' कुरो, ऊ यस अकमकिएर उभिरहन्छ ।

"ऐनामा पल्याकपुलुक हेर्न त जान्दछस् नि...।"

हर्के तामाङको रातो-रातो गालामा हातले प्याट्ट हानेर मैयाँनानी पलङबाट जिउ उफार्छिन् । र, झ्यालमा गएर मुख धुन थाल्छिन् ।

सायद मैयाँनानीले फर्केर हेर्दा हर्के कोठाबाहिर गइसकेको थियो'।

ooo

खेतको आली गोरेटो सिध्याएर हर्के तामाङ पहाडको फेदीमा आइपुग्छ । ठूला-ठूला रुखपात र झाडले ढाकिएको पहाड । हर्के धमाधम चढ्दै जान्छ, पहाडको जङ्गली बाटो- कतै पातको चरमर् चरमर् आवाज, कतै चराहरूको चिरबिर-चिरबिर जङ्गल भित्रभित्र खेलिरहेको ध्वनि-प्रतिध्वनि...।

हर्के उक्लिँदै गइरहेछ । पहाडको जङ्गली रहस्य झन् झन् सघन हुँदै छ । सूर्यको किरण पहाडको टुप्पो-टुप्पोमा खेलिरहेछ । तलतिर साँझको घनत्व क्रमशः सुरु हुँदै छ ।

हर्के कहिले रूखको लहरा तान्दै जान्छ, कहिले हातको लट्ठीले झाङ र पातहरूमा हान्दै जान्छ । ऊ आफ्नो मनको तर्कनाबाट अझै मुक्त भएको छैन ।

त्यस सुनसान जङ्गलको बाटोमा हर्केको आँखाअगाडि ड्वाट्ट-ड्वाट्ट मैयाँनानीको अनुहार आउँछ- एकदम मायावी, कुनै मोहिनीजस्ती !

अब त मैयाँनानी दन्त्यकथामा वर्णित कुनै मोहिनी रूप धारण गर्न सक्ने रहस्यमयी आइमाईजस्ती लाग्न थाल्छ ।

हर्केको मनमा रोमाञ्चक भयको सञ्चार हुन्छ । उसको तामाङ आँखाले अतीतका धमिला दृश्यहरू खोतल्छ र ऊ क्रमशः आफ्नो पुरानो संस्मरणको यौटा निलो गुफाभित्र प्रवेश गर्दै जान्छ`

गोठ । गोबर र गोमूत्रको अपूर्व गन्ध । साँझ-सबेर हर्केलाई त्यहाँ जानुपर्छ । गाईलाई खोले खुवाई दूध दुहुन्छ । त्यसपछि पराल र भुस मिलाई गाईको थान्को लगाउँछ । बेलुका साँझ झमक्कै पर्छ । गोठभित्र अँध्यारो र कहिलेकाहीँ त एकदम रात झमक्क पर्छ । हर्के आफ्नो तामाङ सेलो गीत गाउँदै गोठमा काम गर्छ ।

एक साँझ, गोठमा प्रशस्त अन्धकार फैलिन्छ । हर्केको सुरिलो आवाज अकस्मात् बन्द हुन्छ । झस्स उसको मनमा शङ्का लाग्छ, कुनै हातजस्तो वस्तु उसको पिठ्युँमा सर्दै आइरहेछ । हातको नरम-नरम औँलाले उसको आङको मासु दबाउँछ ।

औँला सर्दै उसको घाँटीमा आउँछ । उसको गालामा चिल्लो गरम-गरम हातको पन्जा टाँसिन्छ । उसलाई सन्चो लाग्छ, साथै डर पनि । उसलाई भूतको कल्पना आउँछ र जुरूक्क उठ्छ । अब ऊ यौटा मासु नै मासु भरिएको न्यानो जिउमा टाँसिन्छ । उसको आङलाई दुईटा गरम पाखुराले चपक्क समातेको छ । ऊ उभिएकै छ । हर्केको हातको औँला तानिएर यौटा अनौठो भागमाथि थिचिन्छ, साह्रो, कुनै बाटुलो, चिप्लो ढुङ्गाजस्तो । त्यहाँ धेरै बेरसम्म उसका औँलाहरू किचिमिची पर्छन् ।

ऊ एकदम वेगले चलेको ढकढक आवाज सुनिरहन्छ । उसको नाकमा कुराउनीको गन्ध आउँछ । उसलाई गोठमा छु भन्ने होस छैन । किनकि, गोबरको गन्ध पटक्कै छैन ।

अब हर्केको आङ, कम्मर जोरले खिचिन्छ । मानौँ, उसलाई थाममा बेसरी कसैले डोरी लगाएर कसिरहेछ । उसको घाँटी र तातो साससले भरिएको मुख जोरिन आउँछ । हर्के मनमनै विचलित हुन्छ । छटपटाउँछ । कुनै डोरी चुँडाल्न खोजेजस्तो गरी ऊ बल गर्न थाल्छ...।

ooo

हर्के स्वाँ-स्वाँ गरी पहाड चढ्दै छ । उसको गर्दनमा पसिना उम्रिरहेछ । चारैतिर जङ्गली रुखको विशाल छहारी सुई...सर्र... चिरचिर...चिरचिर । कतै-कतै रुखका पातहरू झर्दा निस्कने सऱ्याकसुरुक अस्पष्ट आवाज ।

गोठको रहस्यमयी घटना सम्झिँदा अहिले पनि हर्के तामाङको आङ सिरिङ्ग गर्छ । उसलाई लाग्छ, गोठको त्यस अन्धकारमा प्रकट हुने त्यो रहस्यमयी आइमाई भूत नै हो । आइमाईको रूप लिएर आएकी उसलाई सताउन । आइमाईको पनि त्यस्तो जीउडाल हुन्छ केराको थामजस्तो !

हर्केलाई त्यो गोठ मात्र हैन, मैयाँनानीको घर नै रहस्यमय लाग्छ । रहस्यमय वस्तुको सङ्ग्रहालयजस्तो । अझ भन्ने हो भने, क्याम्पा जम्मै यौटा जादु-टुनाको गढतुल्य प्रतीत हुन्छ ।

आज बिहान एक्कासि हर्के तामाङलाई मुमासाहेबले बोलाएर भनेकी थिइन्, "हर्के याँ तेरो काम सिद्धियो । अब अहिलेलाई तँ आफ्नो घर जा बुझिस्, पछि चाहियो भने बोलाउँला, के बुझिस्... अहिले जा, ला यो...बक्सिस्...।"

मुमासाहेबले हर्केको हातमा रुपियाँ राखिदिइन् । केही पुराना लुगाफाटा पनि दिँदै उनले भनिन्, "ल यो लगाएर...जा ।"

त्यतिखेर हर्के तामाङ एक छिन रुखजस्तो ठिङ्ग उभिएको थियो ।

अहिले ऊ भञ्ज्याङको शिखरमा उभिएको छ । अनायास उसको आँखा टाढा शहरको बस्तीमा पर्न जान्छ । घरको टाटैटाटो गुचुमुचुक्क ! यौटा अँध्यारो गोठजस्तो । अस्पष्ट, उस्तै रहस्य । मैयाँनानीको हिमखण्ड मूर्ति लोटिरहेछ... ।



# विष्णुबहादुर सिंहको जन्मोत्सव र साहित्यिक समाजले पेन्सन पकाएको स्मृति

कुलप्रसाद पराजुली

विद्युतकर्मी साहित्यिक समाजको गठन, दर्ता र कार्यान्वयनमा आएको हिजोजस्तो लाग्छ । समयले कति चाँडो पखेटा चालिसकेछ, गन्दै ल्याउँदा त चौबीस वसन्तले सहजै यात्रा गरिसकेछन् । समय गतिवान् छ, यसले कसैलाई पर्खँदैन । समय आफैँमा सिर्जनशील, व्यवस्थापक र विनाशक पनि हो । विद्युतकर्मी साहित्यिक समाज गठन भएपछि धेरै सर्जक यसले जन्मायो । समयलाई चिनेर निरन्तर साधना गर्नेहरू कोही काव्यसाहित्यमा, कोही प्रशासन व्यवस्थापनमा त कोही राजनीति र प्रशासनको शिखरमा पुगे । जाँगर नचलाउने र समयको अन्तर्य नबुझ्ने, बुझेर पनि के गरेर के हुन्छ र ! भन्नेहरू जहाँको तहीँ छन् । अनि केहीले त कालको पञ्जामा परेर चिरनिद्रामा सदाका लागि यो धराधामबाट बिदा पनि लिइसके । त्यसैले जीवनबोधको मर्म बुझेका हाम्रा विद्वान् पूर्वजहरूले समय एव करोति बलाबलम्- समयले मानवलाई बली र निर्बली बनाउँछ भनी उद्घोष गरे होलान् ! धन्य ती समय मर्मज्ञ हाम्रा पूर्वजहरूलाई ।

बलवीर्यले सम्पन्न समयगुरुले बलशाली बनाएको हामी विद्युतकर्मीको साझा संस्था विद्युतकर्मी साहित्यिक समाजको यात्रा भने कहिल्यै रोकिएको छैन, बरु नयाँ नयाँ कदम चालेर निरन्तर अघि बढिरहेको छ । साहित्यका पुजारीका लागि यो सुखद क्षण हो जसका हिमायती धेरै साहित्यसेवीहरू साहित्यगङ्गामा निरन्तर गोता लगाएर आफू आनन्दित हुनुका साथै अरूलाई पनि साहित्यको रसास्वादन गराइरहेका छन् । त्यस्ता भाग्यमानी साहित्यकारका पङक्तिमा साहित्यकार तथा विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्ष इन्जिनियर श्री विष्णुबहादुर सिंह पनि पर्दछन् । उनको ७१ औँ शुभजन्मोत्सव वि.सं.२०८० भदौ ९ गते रिचमन्ड क्याफे, महाराजगन्ज काठमाडौँको एउटा सफा, सुन्दर कार्यकक्षमा आयोजना गरी मनाइयो । यो शुभकर्ममा नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजको वर्तमान कार्यसमिति र पूर्व अध्यक्षहरू श्री कुलप्रसाद पराजुली, श्री केशवप्रसाद रूपाखेती, स्वयं विष्णुबहादुरसिंह, श्री वीरेन्द्र पाठक, श्री पुण्यप्रसाद घिमिरे,

श्री रामेश्वर राउत लगायत प्राधिकरणभित्र र बाहिरका अन्य केही पदाधिकारी/व्यक्ति समेतको उपस्थिति थियो । यो संयुक्त भेला निकै उपलब्धिपूर्ण, सन्देशमूलक एवं रमाइलो थियो । समाजको हालसम्मका पूर्वअध्यक्षहरू एकै ठाउँमा समुपस्थित हुनुभएको यो अवसर आफैँमा उपलब्धिपूर्ण त थियो नै त्यसमा पनि शिवपुरी साहित्य समाजका पूर्वअध्यक्ष साहित्यकार श्री वियोगी बुढाथोकीको उपस्थिति र उहाँले निःशुल्क वितरण गर्नुभएको शिवपुरी सन्देशको प्रकाशन शिवपुरी सन्देश नियात्रा अङ्क, वर्ष २८, पूर्णाङ्क १००,२०८० वैशाख–असारको प्राप्तिसमेतले यो शुभजन्मोत्सव संयुक्त भेला निकै खातिरलाग्दो, उपलब्धिपूर्ण, सन्देशमूलक एवं रमाइलो भयो । आफूले स्थापना गरेर पूर्ण सफलताका साथ सञ्चालित विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्ष एवं सशक्त साहित्यिक हस्ती श्री सिंहजीको शुभजन्मोत्सव मनाउन आफ्नै साहित्यिक समाजका अध्यक्ष श्री कृष्णदेव रिमालको कार्यसमितिले गरेको यो बुद्धिमानीपूर्ण आयोजना निकै सराहनीय रह्यो ।

कार्यक्रमको प्रारम्भमा समाजका वर्तमान अध्यक्ष श्री कृष्णदेव रिमालले शुभजन्मोत्सव कार्यक्रम आयोजनाको उद्देश्य प्रकट गर्नुभएको यो सुखद अवसरमा उपस्थित सबैले जमेर शुभकामना दिनुका साथै श्री सिंहको सुस्वास्थ्य, दीर्घजीवन र साहित्यिक साधनाको उर्वर कामना पनि व्यक्त गरे । दूध, चिया र कफीको तातो चुस्कीका साथ स्वादिष्ट नास्ताको आनन्द लिँदै पूर्व प्राज्ञ एवं भाषा आयोगका सदस्य तथा विद्युतकर्मी साहित्यिक समाजका संस्थापक सदस्य श्री मातृका पोखेलले सारगर्भित शुभकामना दिए भने अन्य उपस्थित साहित्यकारहरूले पनि केही रचना पाठ पूर्वक शुभकामना दिने काम गरे । त्यसक्रममा यो पङ्क्तिकारले पनि शुभकामनामूलक आफ्नो रचना पाठ गर्ने मौका पाएको थियो ।

लगभग डेढ घण्टाको यो रमाइलो कार्यकमको अन्तमा साहित्यकार श्री विष्णुबहादुर सिंहले सबैलाई धन्यवाद दिँदै आफ्ना अनुभवपूर्ण शुभवचनहरू अभिव्यक्त गर्नुभएपछि सबैलाई साहित्यिक साधनामा लाग्न अनुरोध गर्नुभयो । कार्यक्रमको समाप्ति हुने बेलामा समाजका अर्का पूर्वअध्यक्ष श्री केशवप्रसाद रूपाखेतीले आफ्नो आगामी जन्मोत्सव काठमाडौँको माइतीघर तथा बबरमहल क्षेत्रमा आयोजना गर्ने उद्घोष पनि गर्नुभएको थियो । समाजका सचिव श्री विष्णुप्रसाद आचार्यले उद्घोषण गर्नुभएको यो रमाइलो शुभजन्मोत्सव कार्यक्रमको समय बितेको पत्तै भएन ।

श्री सिंहजीको यो शुभजन्मोत्सव मनाएर आएपछि मेरो मनमस्तिष्कले विद्युतकर्मी साहित्यिक समाजको सङ्गठन, स्थापना, दर्ता, सङ्गठन बिस्तार र यसले प्राप्त गरेका उपलब्धिको परिक्रमा गर्न लाग्यो । एकाएक मनमस्तिष्कमा प्रस्फुरण हुन आएको त्यो सुमधुर स्मृति निम्नलिखित बुँदामा परिणत भएर अभिव्यक्त हुन पुग्योः

**१. विद्युत प्राधिकरणकको स्थापना र कार्यक्षेत्र :** नेपाल विद्युत प्राधिकरण ऐन २०४१ को अधीनमा रही वि.सं. २०४२ सालमा कानूनतः स्थापित नेपाल विद्युत प्राधिकरण कार्यबिस्तार र कर्मचारी सङ्ख्याका कारणले पनि सबैभन्दा ठूलो सार्वजनिक संस्थान हो । यसले नेपालका ७७ वटै जिल्लामा आफ्नो कार्यसञ्जाल बिस्तार गरी विद्युत सेवा प्रदान गरिरहेको छ । विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण कार्यको एकमात्र अधिकार प्राप्त यो संस्थान तत्कालीन पूर्वाञ्चल विद्युत कर्पोरेसन र नेपाल विद्युत कर्पोरेसनलगायत विद्युत क्षेत्रका साना ठूला विभिन्न एकाइ समायोजन भएर स्थापित छ । यो संस्थानमा विभिन्न उच्च शैक्षिक उपाधि पाएका थुप्रै कर्मचारी कार्यरत छन् । उनीहरू साहित्यप्रति पनि प्रशस्त रुचि राख्छन् ।

**२. काव्यको परिभाषा र आवश्यकता :** 'काव्यप्रकाश' ग्रन्थमा साहित्य केका लागि को उत्तर "काव्यं यशशेऽर्थकृते व्यवहारविदेशिवेतरक्षतयेकान्ता सम्मिततयोपदेशयुजे" भनी दिइएको पाइन्छ । काव्यकार आचार्य मम्मटको यो भनाइको अर्थ–यश, अर्थ, व्यवहार ज्ञान, अनर्थको नाश, धर्मपत्नीले जस्तै उचित सल्लाह र सुझावका लागि काव्य साहित्य आवश्यक छ भन्ने हो । त्यसैगरी साहित्य साधकको यो भनाइ- "साहित्यसंगीतकलाविहीन साक्षात् पशुपुच्छ विषाणहीन" ले साहित्य र सङ्गीतप्रति प्रेम नभएको मानव सिङ-पुच्छर नभएको पशु समान हुन्छ भनेर जीवनमा साहित्यको आवश्यकता बारे थप प्रकाश पारेको पनि भेटिन्छ ।

**३. काव्यका प्रकार र त्यसका स्रष्टा उपभोक्ता :** यिनै र यस्तै भनाइ आत्मसात् गरी मानव समाजमा साहित्यका मौखिक र लिखित रूप दुवै उत्तिकै लोकप्रिय हुँदै आए । मौखिक साहित्य लोकसाहित्य हो जो अलिखित हुन्छ र लोकजीवनको धुकधुकीका रूपमा जनजिब्रामा जीवन्त रहन्छ । लोकसाहित्य लिखित साहित्यको आधारशिला हो । लोकजीवनका सुख-दुःख, आँसु-हाँसो र पीडा–छट्पटी सहज रूपमा मुखरित हुने भएकाले लोकसाहित्य लोकजीवनको धुकधुकी हो जसका स्रष्टा र उपभोक्ता जनता आफैँ हुन् ।

शैक्षिक विकासका कारण पढेलेखेका व्यक्तिको सङ्ख्या वृद्धि हुँदै गयो यो सुखद पक्ष हो । शिक्षित व्यक्तिहरू सरकारी, अर्धसरकारी र विभिन्न संघसंस्थाका सेवामा प्रवेश गरी काम गर्न थाले । साहित्य जीवनका भोगाइ अभिव्यक्त गर्ने प्रमुख माध्यम पनि भएकाले ती कर्मचारीहरूले आफू कार्यरत संस्थामा साहित्यिक गतिविधिलाई पनि सञ्चालन गर्न थाले । विद्वान्हरू भन्छन्- हरेक मानव सर्जक हो, ऊ जहाँ र जुन अवस्थामा होस् जस्तोसुकै खडेरीमा पनि दुबोले जरा हालेझैं धेरथोर रचना–सिर्जना गरी आफ्नो जीवनका भोगाई अभिव्यक्त गरेर रमेकै हुन्छ ।

**४. प्राधिकरणमा कवितावाचन कार्यक्रम सञ्चालन :** मानवीय रुचि उजागर हुनमा ऊर्जाशील वातावरणको आवश्यकता पर्छ । साहित्य पनि एकप्रकारको सकारात्मक ऊर्जा हो भन्ने बुझेका यस संस्थाका कर्मचारीहरू त्यस्तै ऊर्जाशील वातावरणको पर्खाइमा थिए । संयोग भनौँ वा हाम्रो भाग्य, नेपाल विद्युत प्राधिकरणले साहित्यकार स्व.पोषण पाण्डेलाई करार सेवामा प्रेस सल्लाहकारको रूपमा संस्थामा भित्र्यायो ।

साहित्यका अनवरत साधक स्व.पाण्डेले प्राधिकरणको पाँचौँ वार्षिकोत्सवका अवसरमा प्राधिकरणव्यापी प्रतियोगितात्मक कवितावाचन कार्यक्रम सञ्चालन गराए । यो सिर्जनात्मक अवसरले प्राधिकरणभित्र साहित्यिक कार्यक्रमले मान्यता पायो र कर्मचारीहरूले आफ्नो प्रतिभा प्रस्फुरणको मौका पनि पाए । यो साहित्यिक गतिविधिले साहित्यप्रति रुचि राख्दै आएका यस संस्थाका कर्मचारीहरूमा नयाँ जुर्मुराहट आयो । स्व.पुष्पनाथ शर्मा भण्डारी र स्व. ठाकुरराज पाण्डेका साथै स्व.रमापति पराजुली, श्री मोहनबहादुर कायस्थ र श्री रत्नकाजी तुलाधर आदिले त्यसको नेतृत्व लिए । तत्कालीन प्राधिकरण व्यवस्थापनले त्यसमा बडो रुचिपूर्वक सहयोग गऱ्यो र कवितावाचन कार्यक्रम सफल पनि भयो ।

**५. प्राधिकरण सेवामा मेरो प्रवेश:** २०४६ मङ्सिर १२ गते प्राधिकरण सेवामा यो पङ्क्तिकारको प्रवेश भयो । साहित्यको विद्यार्थी भएकाले आफ्नो रुचिकर विधामा विशेष चाख रहनु मेरा लागि त्यो वातावरण सुखद बन्यो । अबका दिनहरूमा साहित्यमा विशेष रुचि राख्ने कर्मचारी मित्रहरूसित हुन थालेको दैनिक घुलमिलले सघन रूप लिन थाल्यो । प्राधिकरणका वार्षिक कार्यक्रमहरूमा कवितावाचन कार्यक्रमले क्रमिक मान्यता पाइ नै रह्यो ।

**६. विद्युत्तरङ्गको प्रकाशन :** वि.सं. २०५४ सालदेखि प्राधिकरणको वार्षिकोत्सवमा कर्मचारी मित्रहरूबाट वाचित कविताहरू सङ्ग्रह गरेर वार्षिक रूपमा 'विद्युत्तरङ्ग' कवितासङ्ग्रह प्रकाशित गर्न थाल्यौँ । यस रचनात्मक कार्यको प्रथम नेतृत्व इन्जिनियर श्री मोहनबहादुर कायस्थले लिनुभयो । उहाँ त्योबेला तह १० को प्रबन्धक हुनुहुन्थ्यो । साहित्य विधा विशेष रुचिकर लाग्ने मेरा लागि त यो अवसर औधि फलदायी बनेकाले यो रचनात्मक कार्यका लागि म विशेष सहयोगी बनेँ । साहित्यप्रेमी सबै कर्मचारी मित्रहरूको भौतिक र मानसिक सहयोग यस कार्यमा रह्यो जसले प्राधिकरणमा साहित्यिक यज्ञको रेखीको काम गऱ्यो ।

**७. विद्युतकर्मी साहित्यिक समाजको स्थापना :** विद्युत्तरङ्गको प्रकाशनपछि हामी अझ उत्साहित भएर साहित्यिक कार्यक्रमलाई संस्थागत गर्ने निधोमा पुग्यौँ । २०५४

साउन १४ गते भएको हाम्रो छलफलले विद्युतकर्मी साहित्यिक समाज नामको संस्था स्थापना गरी अघि बढ्ने निष्कर्ष निकाल्यो । विधान तयार गरी प्राधिकरण व्यवस्थापनको सहयोग र सिफारिसमा सो समाजलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंको द.नं.४७/०६०|०६१ मा दर्ता गर्न सफल भयौँ । हाम्रो प्रयासले वैधानिकता पाएको त्यो पुनीत अवसर २०६० साउन ९ गते शुक्रबार कामिका एकादशीको दिन थियो । ने.वि.प्रा.का साहित्यिक साथीहरूको सहयोग र सल्लाहले सो समाजको संस्थापक अध्यक्ष बन्ने सुअवसर मैले पाएँ, यो मेरो सौभाग्य हो ।

समाज दर्तापछि विभिन्न अवसरहरूमा साहित्यिक भेला, गोष्ठी र कवितावाचन कार्यक्रमले बाक्लै निरन्तरता पाउँदै गए । प्रतिवर्ष वसन्त काव्यगोष्ठीहरू गर्न थाल्यौँ । प्राधिकरणभित्रका साहित्यिक मित्रहरूका साथै विभिन्न संस्थान, विश्वविद्यालय र निजामती क्षेत्रका साहित्यिक मित्रहरूसित क्रमशः हाम्रो घुलमिल बढ्यो । कवितावाचन लगायतका साहित्यिक कार्यक्रमहरूको आयोजनाले हामीमा साहित्यिक ऊर्जा थप्तै गए । हाम्रा कार्यक्रमहरूमा राष्ट्रकवि स्व. माधवप्रसाद घिमिरे,वरिष्ठ लोककविकेशरी स्व.धर्मराज थापालगायत साहित्यिक समाजमा ख्याति प्राप्त विशिष्ट साहित्यकारहरू पनि हाम्रा प्रमुख अतिथि र अतिथि बनेर हाम्रो हौसला बढाइरहे ।

**८. ज्योति साहित्यिक पत्रिकाको प्रकाशन**

ने.वि.प्रा.को १२औँ वार्षिकोत्सव २०५४ मा मुखपत्रको रूपमा प्रकाशन सुरू भएको कविताकृति विद्युत्तरङ्गले प्राधिकरणको १९औँ वार्षिकोत्सव २०६१ भाद्रसम्म आठौँ अङ्कको यात्रा पार गर्दा अर्को सहप्रकाशन ज्योतिको प्रकाशन सुरु भयो । यो अर्द्धवार्षिक साहित्यिक पत्रिकाको पहिलो अङ्क २०६१ पनि प्राधिकरणको १९औँ जन्मोत्सव भदौ १ गतेदेखि प्रकाशन गरिएको थियो । वि.सं. २०६६ चैत २० गते उमेरको हदले प्राधिकरणबाट मेरो अनिवार्य अवकाश हुँदा प्राधिकरणको २४औँ वार्षिकोत्सव २०६६ भाद्रमा विद्युत्तरङ्गले १३ औँ अङ्कको यात्रा गरिसकेको सुअवसर थियो ।

**९. विद्युत्तरङ्गको ज्योतिमा लय :** यसपछि प्राधिकरण प्रशासनको सल्लाह र सहयोगमा समाजले एउटा मात्र साहित्यिक पत्रिका प्रकाशित गर्ने निर्णय गऱ्यो । अब विद्युत्तरङ्गको इतिहासलाई गाभेर वि.सं. २०६१ भदौ १ देखि नेपाल विद्युत प्राधिकरण वार्षिकोत्सव अङ्कका रूपमा अर्द्धवार्षिक ज्योति प्रकाशित हुन थाल्यो । अब ज्योतिको ज्योति र समयसमयमा सम्पन्न हुने कवितावाचन कार्यक्रमले साहित्यिक गतिविधिलाई अझ गति दिए । प्राधिकरणभित्र र बाहिरका साहित्यिक माहोलमा हामी स्थापित हुँदै गयौँ ।

**१०. रेडियो नेपालमा विद्युत्तकर्मीको प्रसारण :** हाम्रा गतिविधि देखे बुझेर रेडियो नेपालको साहित्यिक कार्यक्रमका सञ्चालक स्व.यज्ञनिधि दाहालले रेडियो नेपालमा निम्त्याएर हाम्रो समाजको परिचय प्रसारण गर्नुका साथै हाम्रा साहित्यिक साथीहरूलाई रेडियोमा कवितावाचन गर्ने सुअवसर प्रदान गरी ठूलो गुन लगाए । सञ्चार माध्यममा पनि विद्युतकर्मी साहित्यिक समाजलाई पुऱ्याउने सफलता हामीलाई हात लाग्यो । स्व. यज्ञनिधि दाहालप्रति आभारी छौँ हामी ।

साहित्यिक कर्मचारी मित्रहरूको अथक प्रयत्नको सिञ्चनले हाम्रो अभियान अघि बढ्दै गयो, विद्युतकर्मी साहित्यिक समाज र यसका साहित्यिक गतिविधिहरू पनि क्रमशः अघि बढे । ने.वि.प्रा.को १९ औँ वार्षिकोत्सव २०६१ भदौबाट झल्मलाएको साहित्यिक ज्योति पत्रिकाको ज्योति वर्ष १० पूर्णाङ्क २७, प्राधिकरणको ३० औँ वार्षिकोत्सव २०७२ साउनसम्म अखण्ड बलिरह्यो । ज्योतिको पहिलो अङ्क २०६१ र दोस्रो अङ्क २०६२ भदौमा मेरै प्रधान सम्पादकत्वमा प्रकाशित भइसकेको सुखद अवस्था स्मरणीय छ ।

**११. ज्योतिको चोला अमरज्योतिमा परिणत :** जिल्ला प्रशासन काठमाडौँमा ज्योति नामको एउटा पत्रिका दर्ता भई सञ्चालनमा रहेको प्रशासनिक कारणले ने.वि.प्रा.को ३१औँ वार्षिकोत्सव २०७३ बाट ज्योतिले आफ्नो चोला अमरज्योतिमा परिणत गरेपछि वर्ष ११ पूर्णाङ्क ३१-०७३ साउन-भदौका नामले प्रकाशित हुन थालेको अमरज्योतिको यात्रा निरन्तर जारी छ ।

**१२. मेरो अवकाशपछिको साहित्यिक निरन्तरता :** वि.सं. २०६६चैत २० गते ५८ वर्षे वैधानिक अनिवार्य अवकाशको प्रावधानले प्राधिकरण सेवाबाट मेरो अनिवार्य अवकाश भए पनि विद्युतकर्मी साहित्यिक समाजका गतिविधिको भने अवकाश भएन, साहित्यप्रेमी हामी सबैका लागि यो हर्ष र आनन्दको अवस्था हो । यो खुसी दिने अरू कोही नभएर विद्युतकर्मी साहित्यिक समाजका साहित्यिक साथीहरू नै हुन् ।

संस्था तथा समाजप्रतिको कर्तव्यबोध भएपछि जस्तोसुकै कठिन कार्य पनि सम्भव हुन्छ । विद्युतकर्मी साहित्यिक समाजमा कार्यरत सचेत, सशक्त र परिश्रमी साहित्यिक कर्मचारी मित्रहरूका कारण साहित्यिक गतिविधिहरूमा कुनै शिथिलता आएन, बरु थप कार्यक्रमहरूका साथ उत्साहपूर्वक अघि बढिरह्यो ।

**(क) अमरज्योतिको प्रकाशन :** २०७३ को तीसौँ अङ्कबाट त्रैमासिक ज्योति पत्रिका 'अमरज्योति त्रैमासिक' भएर प्रकाशित हुन पुग्यो । काठमाडौँ जिल्ला

प्रशासन कार्यालयको दर्ता नं.१७७/०७२/०७३ मा विधिवत् दर्ता यो पत्रिका अनवरत प्रकाशित भई नेपाली साहित्यको बगैंचामा मगमगाइरहेको छ ।

**(ख) कार्यसमितिको परिवर्तन :** मेरो कार्यकालपछि क्रमशः श्री केशव रूपाखेती, श्री विष्णुबहादरसिंह, श्री वीरेन्द्र पाठक, श्री पुण्यप्रसाद घिमिरे र श्री रामेश्वर राउत 'मातृदास 'अध्यक्ष रहनु भएका कार्यसमितिहरूले बहन गर्दै आउनु भएको कार्यसमितिको बागडोर श्री कृष्णदेव रिमालले सम्हाल्दै आउनुभएको सुखद स्थिति छ ।

**(ग) वर्तमान कार्यसमितिद्वारा सम्पादित कार्यक्रमको निरन्तरता र थप सक्रियता :** २०७६ सालमा सम्पन्न विद्युतकर्मी साहित्यिक समाजको साधारण सभाबाट निर्वाचित श्री कृष्णदेव रिमाल कार्यसमितिको सातौं अध्यक्षका रूपमा कार्यरत हुनु हुन्छ । जोशिलो एवं लडाकु साहित्यिक व्यक्तित्व नै श्री रिमालको पहिचान हो । उनको अध्यक्षतामा निर्वाचित कार्यसमिति निकै सक्रिय, व्यवस्थित, कार्यकुशल र मिलनसार देखिन्छ । यो कार्यसमितिले साहित्यिक कार्यक्रम सञ्चालनका क्रममा ल्याएका नयाँनयाँ कार्यशैली निकै प्रभावकारी र साहित्यप्रेमीहरूको मन जित्न सफल देखिन्छन् । पूर्व कार्यसमितिले सञ्चालन गरेका रचनात्मक गतिविधिलाई पनि थप रोचक मौलिक कार्यक्रमकासाथ सञ्चालन गर्नु गराउनु यो कार्यसमितिको कार्यसम्पादनका आशलाग्दा पक्ष हुन् । जसमा –

- **वेभसाइटको व्यवस्था :** अमरज्योतिको ४४ औं अङ्क र सोपछिका अङ्कहरू website मा राखेकाले विश्वका जुनसुकै कुनामा रहेर पनि अध्ययन गर्न पाइने सुविधा छ
- **अमरज्योतिको विषय विविधताः** अमरज्योतिलाई कोरोना सचेतना अङ्क, नियात्रा अङ्क र फर्पिङ अङ्क आदिको रूपमा प्रकाशित गरी विषयवस्तुको विविधतानिष्ठ बनाउनु लगायतका महत्वपूर्ण साहित्यिक गतिविधि श्री रिमालको कार्यकालका उल्लेखनीय गतिविधि हुन् ।
- **स्रष्टा सम्मानः** स्रष्टा संस्थाका आत्मा हुन् । उनीहरूको मन जित्न सकियो भने स्तरीय रचना प्राप्त हुन्छन् । राम्रा स्रष्टा धनभन्दा मनका पुजारी हुन् । आफू सम्बद्ध संस्थाले मेरो रचनात्मक जनहितकारी कर्मको उचित कदर गरोस् भन्ने चाहा नै असल स्रष्टाले राख्छ जसलाई अनुचित भन्न मिल्दैन । 'मानो हि महताम् धनम् (महान् व्यक्तिको धन भनेको उचित मूल्याङ्कन र कदर सम्मान नै हो) भन्ने उक्तिको गर्भित सार पनि त्यही हो । विद्युतकर्मी साहित्यिक

समाजले साहित्यिक कार्यक्रमका साथै स्रष्टा सम्मानका कार्यलाई पनि जारी राखेको सुखद पक्ष छ । एक अर्काको योग्यता, क्षमता र सल्लाह सहयोगको उचित कदर सम्मान तथा अभिनन्दन गर्नु हाम्रो पूर्वीय जीवनपद्धतिको दर्शन र सभ्यता नै बन्दै आएको छ । यो विशिष्ट चिन्तन परम्परालाई मनन गरी प्रशंसनीय काम गरेर प्राधिकरण सेवाबाट अवकाश प्राप्त स्रष्टा एवं सहयोगीलाई २०६७ देखि केही आर्थिक रकमसहित अमरज्योति कदर–सम्मान गरिसकेको छ । यस्तो सम्मान पाउने श्री कुलप्रसाद पराजुलीदेखि श्रीमती गङ्गा अधिकारी सम्मको सङ्ख्या २० जना पुगेको छ भने यो क्रम जारी नै छ ।

- **स्रष्टाका कृति प्रकाशन/विमोचनः** कार्यसमितिले विद्युतकर्मी साहित्यिक समाजका साहित्यिक गतिविधिको निरन्तरताका क्रममा डेढ दर्जनभन्दा बढी स्रष्टाहरूका कृतिको प्रकाशन र विमोचनका काम गरेर स्रष्टाका रचनात्मक कार्यको कदर सम्मान गरी प्रोत्साहन गरेको छ ।

- **कार्यसमिति, संरक्षक र आजीवन सदस्यः** विद्युतकर्मी साहित्यिक समाजको गठनकाल–२०५६ देखि २०८० सम्मको अवधिमा दोहोरिएका केही कार्यसमितिको कार्यकालको गणनालाई छोड्दा ८ वटा कार्यसमितिले काम गरिसकेर ९औँ कार्यसमितिको कार्यकाल चलिरहेको छ जसको अध्यक्ष श्री कृष्णदेव रिमाल हुनुहुन्छ । त्यसैगरी दोहोरिएको कार्यकाल गणना नगर्दा श्री कीर्तिचन्द ठाकुरदेखि वर्तमान श्री कुलमान घिसिङसम्मका १७ जना कार्यकारी निर्देशकहरू यो समाजको संरक्षक हुनुभयो भने श्री मोहनबहादुर कायस्थदेखि श्री शेरसिंह भाटसम्म १२ जना सहसंरक्षक र श्री कुलप्रसाद पराजुलीदेखि श्री देवीमाया कोइरालासम्म ३५१ जना आजीवन सदस्यहरू हुनुभएको सुखद अवस्था छ ।

- **विद्युत्तरङ्ग र ज्योति तथा अमरज्योतिको प्रकाशन :** नेपाल विद्युत प्राधिकरण ऐन २०४१ बमोजिम वि.सं. २०४२ साल भदौ १ गते विधिवत् स्थापना भई नेपालभरि र नेपालबाहिरका केही स्थानमा समेत भौतिक उज्यालो छरिरहेको नेपाल विद्युत प्राधिकरणले २०८० भदौ १ गते आफ्नो ३८ औँ वार्षिकोत्सव मनाइसकेको सुखद अवस्था छ । प्राधिकरणको यो यात्रा अवधिमा विद्युत्तरङ्गले आफ्नो पहिलो प्रकाशनकाल २०५४ देखि २०.....सम्म १४ अङ्क, ज्योतिको प्रकाशनकाल २०६१ देखि २०७३ वैशाखसम्म ... अङ्क र अमरज्योतिको प्रकाशन प्रारम्भ २०७३ जेठदेखि २०८० भदौसम्म ज्योतिसमेतका ५९ अङ्क प्रकाशन गरेर २५ वर्षे मस्त यौवन अवस्था पार गरिसकेको छ ।

- **घुम्ती साहित्यिक कार्यक्रमः** केन्द्रीय परिसरभित्र मात्र खुम्चिएर रहेको साहित्यिक कार्यक्रमलाई विभिन्न प्रदेश, जिल्ला र महत्त्वपूर्ण स्थानमा पुगी आयोजना गरेर विविधता ल्याउनुका साथै तत्तत् ठाउँका साहित्यप्रेमीहरूलाई पनि समेटी समाजको कार्यक्षेत्र बिस्तार गरेर सराहनीय कार्य गर्दै आएको छ ।

- **साहित्यिक योगदानको सम्झना, गोष्ठी, अन्तरक्रिया र साहित्यिक प्रशिक्षणः** साहित्यकार तथा राजनेता स्व. विश्वेश्वरप्रसाद कोइराला लगायत विशिष्ट साधकहरूका योगदानको सम्झना, विभिन्न काव्यगोष्ठी तथा साहित्यिक अन्तरक्रिया र प्रशिक्षण कार्यक्रम सञ्चालनका  महत्वपूर्ण कामहरू सञ्चालन गर्दै आएर समाजले साहित्यिक गतिविधिलाई अगाडि बढाइरहेको छ ।

- **सारांश** : एउटा वरिष्ठ साहित्यकार स्व.पोषण पाण्डेको प्रमुख नेतृत्वमा ने.वि.प्रा.भित्र रोपिएर ने.वि.प्रा.का अग्रज साहित्यप्रेमीहरूले संरक्षण सम्वर्द्धन गर्दै आएको साहित्यिक बिरुवाको संरक्षणपूर्वक अग्रजहरूले गरेको पथप्रदर्शनमा हिँड्न पछिल्लो पिँढीलाई वर्तमान कार्यसमितिले आह्वान गरिरहेको कार्य प्रशंसनीय छ । यो साहित्यिक वटवृक्ष साहित्यप्रेमी सबैबाट गोडमेल र सिञ्चन भइरहे माता सरस्वतीको पूजा आराधना गरेको हुन्छ भन्ने कार्यसमितिको चाहना र प्रयास कायमै रहोस् भन्ने मेरो पनि निष्कर्ष हो ।

विद्युत्तरङ्ग २०५४ ले ज्योतिलाई डोऱ्याएपछि ज्योतिले पनि अमरज्योति बनेर साहित्यिक प्रकाश झल्मलाएको बाहिरी र भित्री उज्यालोले प्राधिकरण मात्र नभएर मानव मनमस्तिष्कलाई उज्यालो पारी खुसी ल्याउन सकोस् । साहित्य सेवाको यो सौभाग्य प्राप्तिलाई हामीले नभुलौँ । यो वातावरणको सुअवसर दिने हाम्रो समाज सुदीर्घजीवी बनिरहोस् मेरो पनि हार्दिक मङ्गलमय शुभकामना ।

अन्त्यमा, एउटा सर्जक स्व. पोषण पाण्डेले सुरू गरेको राम्रो प्रयासले त यति राम्रा काम भइरहेका  छन् भने देशका एकाध दर्जन कुनाबाट यस्ता सत्प्रयास गर्ने जोश जाँगरको वर्षा हुन सके साहित्यिक क्षेत्रमा पनि देशले काँचुली फेर्न सक्छ । तसर्थ, त्यस कार्यमा श्री कृष्णदेव रिमालको कार्यसमिति पनि अग्रसर भइराखोस् । हामी सबैले कार्यसमितिलाई सहयोग गरौँ भन्ने आह्वानसाथ यसपटकलाई यत्ति नै । अस्तु

**पूर्वअध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज, ने.वि.प्रा.**

# म दृढ अठोटका साथ शोकलाई शक्तिमा बदल्दै छु



पुण्य घिमिरे

*नेपाली साहित्यमा मूलतः कविता, संस्मरण र खोजमूलक ग्रन्थहरू रचना तथा प्रकाशन गरेर दर्बिलो उपस्थिति जनाउँदै आएका साहित्यिक व्यक्तित्व हुन्- पुण्य घिमिरे । वि.सं. २०१४ मा इलाम जिल्लामा जन्मिएका घिमिरे नेपाल विद्युत प्राधिकरणका सेवा निवृत्त सहायक प्रशासकीय अधिकृत हुन् । सानै उमेरदेखि साहित्य लेखनको क्षेत्रमा हात बसालेका घिमिरेले आजका दिनसम्म पनि त्यत्तिकै सशक्त र जुझारू भएर लेखकीय क्रियाशीलता देखाइरहेका छन् । उनले विद्युतकर्मी साहित्यिक समाजको पूर्व अध्यक्षका रूपमा कुशल साहित्यिक अभिभावकको भूमिका निर्वाह गरिसकेका छन् । कला, साहित्य, चित्रकला, कृषि आदि क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित 'चेरब स्मृति प्रतिष्ठान' नामक सामाजिक संस्थाको हाल यिनी अध्यक्ष छन् । लेखनका अतिरिक्त सामाजिक जागरण र समाजसेवामा पनि उनको लगाव वन्दनीय देखिन्छ । यिनै समादरणीय व्यक्तित्वसँग 'अमरज्योति साहित्यिक त्रैमासिक' का लागि 'अतृप्त' र 'शब्दसेना'द्वारा लिखित प्रश्नावलीमार्फत लिइएको रोचक र प्रेरक अन्तर्वार्ता जस्ताको तस्तै साभार गरिएको छ :*

**यहाँको व्यक्तिगत परिचय पाउन सकिएला ?**

नेपालको सुदूरपूर्व इलामको बरबोटे गाउँमा पिता स्व. बोधनारायण घिमिरे र माता पार्वता घिमिरेको तृतीय पुत्र हुँ । साहिँलो भन्छन् मलाई । दिदीसमेत गन्दा चौथो सन्तान हुँ । मेरो जन्म २०१४ साल साउन १७ गते बुधबार भएको रहेछ । अहिले त म यतै काठमाडौँ उपत्यकाको भक्तपुर जिल्लाअन्तर्गत मध्यपुर थिमी नगरपालिका वडा नं १. लोहिकिन्थली, मनोहराफाँटमा रहेको चेरब भवनमा बसेको छु । म नेपाल विद्युत प्राधिकरणकै अवकाश प्राप्त कर्मचारी हुँ । २०७२ सालदेखि सेवा निवृत्त भएको छु ।

**साहित्य भनेको के हो ? यसको सामाजिक उपयोगिता बताइ दिनुहुन्छ कि ।**

साहित्यका विभिन्न परिभाषाहरू पनि छन् तिनमा म चाहिँ साहित्यलाई समाजको दर्पण भन्न मन पराउँछु । किनभने साहित्य तत्कालीन समाजको ऐना नै हो । साहित्य पढ्दा हामी तत्कालीन समयको वास्तविकता जान्दछौँ । किनभने बिजुली बत्ती नहुँदाका साहित्यमा पानस, लालटिनबाट घर कोठा उज्यालो पारिन्थ्यो

त्यसका ठाउँमा अहिले बिजुलीले उज्यालो पारिन्छ । त्यसै गरेर पहिला आफ्नो सन्देश व्यक्तिलाई खबर पठाएर, पिकदूतबाट, पत्रबाट, कतिपय साङ्केतिक रूपमा पनि गरिन्थ्यो तर अहिले विशेषतः मोबाइलबाट, भाइवर, गुगल, वाट्सप, मेसेन्जर कलबाट गरिन्छ । यी कुराहरूले साहित्यको कालखण्डलाई सजिलै बुझ्न सकिन्छ ।

- अर्को कुरा साहित्य समाज हिताय, ज्ञानवर्द्धक, मनोरञ्जक, इतिहास, धर्म र संस्कृतिको ढुकुटी हो । यसबाट यी कुराको प्राप्ति गर्न सजिलो छ ।

- साहित्य सिर्जना त्यसै बल गरेर हुँदैन । यो एउटा प्राकृतिक वरदान या ईश्वरीय वरदान पनि भनिन्छ । हो, साँच्चै साहित्य सिर्जनाको क्षमता जो कोहीमा हुँदैन ।

**साहित्य सिर्जनाको प्रेरणा र पृष्ठभूमि के कसरी तयार हुन पुग्यो ?**

म ब्राह्मण परिवारमा जन्मिएँछु, रहरले होइन– भनिन्छ नि जन्म र मृत्यु आफ्नो चाहनाअनुसार कसैको पनि हुँदैन । पिताजी पनि आध्यात्मिक शास्त्रवेत्ता, संस्कृत साहित्यका अध्येता पर्नु भएकाले मैले अक्षर चिनेको समय मलाई थाहा छैन । उहाँ सर्जक पनि हुनुहुँदो रहेछ । त्यसैको प्रभावले होला सानैदेखि कविता, कथा पढ्न खुब मन पर्थ्यो मलाई । ठ्याक्कै कसैलाई गुरु थापेर हैन तर बा काकाले श्लोक लय हालेर पढेको सुन्दा पछि आफूलाई पनि कविता बनाउने रहर हुँदा हुँदै साहित्यतिर लागिएछ ।

**साहित्यको कुन–कुन विधामा कलम चलाउँदै आउनु भएको छ ?**

म विशेष त संस्मरण लेख्न मन पराउँछु, त्यसपछि कविता पनि लेख्न मन पर्छ । कविता प्रायः म छन्द (पद्य) मा लेख्न मन गर्छु । मैले केही गद्य कविता पनि लेखेको छु ।

**हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू कुन–कुन हुन् ?**

मेरो पहिलो कृति 'दृष्टिविहीन सत्ता' हो यो महाभारतमा आधारित काव्य हो । यो अनुवाद होइन । यो पद्यमा छ । दोस्रो 'खोसिएको सपना' शोक काव्य हो यो पनि विभिन्न छन्दमा लेखिएको पद्यात्मक छ । तेस्रोमा सम्झनामा बोधनारायण भन्ने ग्रन्थ प्रकाशन भयो । यो एउटा सङ्कलन र खोजबाट लेखिएको पुस्तक हो । चेरब स्मृति ग्रन्थ पनि सङ्कलन र खोजबाट प्रकाशन गरेको छु । त्यस्तै गरेर 'पछाडि फर्किएर हेर्दा' यो संस्मरणात्मक पुस्तकको सङ्गालो हो । यसमा मेरा आफ्नै अनुभवका संस्मरण छन् ।

**यहाँका समकालीन, समवयी साहित्यकारहरू को को हुन् ?**

यो प्रश्नको समकालीन भन्नाले कसलाई मान्ने होला जस्तो भयो मलाई । देवकोटा

पनि यही शताब्दीका हुन् । म २०१४ सालमा जन्मिएको हुँ । त्यसभन्दा यताको जम्मै सर्जक समकालीन भए र समवयी मातृका पोखरेल, देवी क्षेत्री दुलाल, आर एम डङ्गोल, नन्दु परिश्रमी, प्रकाशचन्द्र खनाल, कृष्णदेव रिमाल हुनुहुन्छ । कति त लेख्न छुटेका र कति भेट्न छुटेका पनि भएका छन् यसमा ! मानौँ न २०१४ साल आसपास ८/१० वर्षको अन्तरमा जन्मिई साहित्य साधना गर्नेहरू बुझ्छौँ मैले समवयीलाई !

**यहाँले विद्युतकर्मी साहित्यिक समाजको अध्यक्षका रूपमा रही साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिनुभयो । फेरि चेरब स्मृति प्रतिष्ठानको अध्यक्षको रूपमा समेत यहाँको साहित्यिक क्रियाशीलता लोभलाग्दो देखिँदै आएको छ । चेरब स्मृति प्रतिष्ठानको स्थापना, यसको उद्देश्य र गतिविधि माथि प्रकाश पारिदिनु हुन्छ कि?**

हो, विद्युतकर्मी साहित्यिक समाजको संस्थापक मध्येको म पनि एक हुँ । संस्थापक अध्यक्ष कुलप्रसाद पराजुली हुनुहुन्थ्यो त्यो बेलाको । यो संस्था विद्युत प्राधिकरणको वार्षिकोत्सवमा अतिरिक्त कृयाकलापमा कविता वाचन कार्यक्रमकै सिलसिलामा जन्मेको हो । वार्षिकोत्सवमा वाचित कविताहरूको सङ्गालोलाई त्यतिबेला 'विद्युततत्तरङ्ग' नामक कवितासङ्ग्रहबाट प्रकाशित हुन्थ्यो । विद्युतकर्मी साहित्यक समाज चाहिँ विद्युत प्राधिकरणभित्र साहित्यिक गतिविधिका लागि स्थापित रहर र उत्साहको संस्था थियो र अहिले पनि हो तर चेरब स्मृति प्रतिष्ठान चाहिँ एउटा शोकबाट शक्तिमा बदल्न सामाजिक सेवाका लागि समर्पित हुन खोलिएको संस्था हो । यो संस्था सान्जेन जलविद्युत कम्पनी जो नेपाल विद्युत प्राधिकरणको भगिनी संस्था हो । चिलिमे जलविद्युत कम्पनि जस्तै । धेरै कुरा यसका ने.वि.प्रा.सँग मिल्छन् पनि र ने.वि.प्रा. लगायत नेपालको विद्युत क्षेत्रलाई कम्पनी मोडेलमा विकास गर्ने कुराको जानकारी चिलिमे जलविद्युत कम्पनी खुलेपछि ज्ञान भएको हो भन्दा फरक पर्दैन ।

- यही सान्जेन जलविद्युत कम्पनीको अपर सान्जेन प्रोजेक्टका इन्चार्ज थिए इ.चेरब । त्यतिबेला उनको नेतृत्वमा नै हो सान्जेन जलविद्युतको थाम्बुचेतदेखि हेडरेस तिलोचेसम्मको मोटरबाटो तयार गरेको । हेभिभेकल आरपार हुने भएपछि बाप्चे भन्ने ठाउँमा सर्वे गर्ने क्रममा सुक्खा पहिरोमा परी २०७०/१०/०९ गते उनको देहावसान भयो जसलाई शहादत भन्दछु म । विद्युत क्षेत्रका शहीद हुन यिनी । उनी मेरो जेष्ठ सुपुत्र हुन्, उनकै स्मृतिमा खोलिएको संस्था हो- 'चेरब स्मृति प्रतिष्ठान' ।

- अगाडि बढ्दै जाँदा विद्युतकर्मी साहित्यिक समाजको अध्यक्ष हुने पालो मेरो पनि आयो । यो त विद्युत प्राधिकरणको छहारी मुनि थियो, हामीले मिलाउनु, व्यवस्थापन गर्नु, समन्वय गर्नु मात्र थियो । बनिबनाउ र एउटा सबल संस्था थियो तथापि हामीले कार्यालय कोठाको प्राप्तिका लागि, नियमित बजेटका

लागि, कोषका लागि निकै मेहनत गरेका थियौँ त्यतिबेला र यो संस्थालाई मेची महाकाली लगायत अन्तर्राष्ट्रिय रूपमा पनि चिनाउने काम गरियो । साथमा विद्युत प्राधिकरण जस्तो नेपालकै अग्रणी संस्था जसमा ठूलो सङ्ख्यामा वरिष्ठ इन्जिनियरहरू लगायत विभिन्न वरिष्ठ कर्मचारीहरू हुनुहुन्थ्यो ।

- चेरब स्मृति प्रतिष्ठान त एउटा सामाजिक कार्यबाट चेरबको स्मृतिलाई अगाडि बढाउने अठोटका साथ खोलिएको संस्था हो । एउटा पीडाबाट जन्मिएको संस्था थियो र अहिलेसम्मै त्यही मर्ममा छ । यसको स्थापना २०७१/११/२९ गते भक्तपुर जिल्ला प्रशासन कार्यालयबाट भएको हो । कला, साहित्य, चित्रकला, कृषि, पर्यटन, समाज सेवा, सुरक्षा कार्य जस्ता कार्यहरू गर्ने गरी यो संस्था स्थापना गरिएको हो ।

**यहाँलाई हामी शोकलाई शक्तिमा बदल्न सक्ने अदम्य ऊर्जा भएको व्यक्तिका रूपमा चिन्छौँ । छोराको मृत्युपश्चात् यहाँको साहित्यक क्रियाशीलता झनै बढेको जस्तो देखिन्छ । अक्सर मानिसहरू त शोकपश्चात् जीवनको अर्थहीनता र निस्सारता बोध गरेर निष्क्रिय रहने गरेको देखिन्छ । यहाँ त फरक अपवादका रूपमा देखिनु भयो नि ?**

- यो प्रश्न अलिक जटिल पनि छ किनभने जीवनमा मृत्यु सबैको हुन्छ । जन्मे पछि मर्नै पर्छ एकदिन । बुढाहरू स्वर्गीय हुँदै जाने र कलिलाहरूले कार्यभार सम्हाल्दै जाने नियम हो यो । सामन्यत : मान्छेको आयु १०० वर्षको हुन्छ । त्यसमा ऊ ७० बाँचोस्, ७१ हुँदै ८० र ९० हुँदै १०० र त्योभन्दा बढी बाँचोस् कसैलाई केही भन्नु हुँदैन, किनकि यो शून्यान्तको हिसाबले सय नै हो । लगभग व्यवहार पनि एक किसिमले पूर्ण हुँदै गएको हुन्छ । एक डेढ वर्षमा हेर्दा राष्ट्र कवि माधव घिमिरे १०१ वर्ष र संस्कृतिविद् सत्यमोहन जोशी १०२ वर्ष बाँचे नि । त्यसैले मैले सामान्यतया भनेको हुँ ।

- मेरो उत्तरको सवालमा प्रकृति अलिक मात्तिएकै हो ! एउटा २८/२९ वर्षको कुमार र निष्कलङ्कित साथै परिवार, समाज र राष्ट्रप्रति बफादार मान्छेलाई अनाहक लानु हुन्छ ? यो प्रकृतिको पनि उल्टो गति हो ।

- अब यो घटनाक्रम पछि मैले के सोचेँ भने यो घटनाबाट म बिचलित भएँ भने म र मसँग आश्रितहरूको के हालत हुन्छ । मलाई नै सहयोग गर्दै रहेको सहाराको यस्तो अवस्था भएपछि मैले दुई बाटा मध्ये एक रोज्नु पर्छ विचलित हुने या दृढ हुने । मैले दोस्रो बाटो रोजेँ र मसँगका आश्रितहरूलाई पनि सहजता तिर ल्याउने र बाँकी आइपर्ने समस्याहरूको पनि समाधान गर्ने सोचले ।

- जब घटना जटिल मोडबाट ओर्लिँदै गयो मैले अर्को के अठोट गरेँ भने मैलै

घटनाबाट चेरबलाई बचाउन सकिनँ तर सुकार्यबाट, सुरक्षात्मक कार्य गरेर अरूलाई बचाएर, सामाजिक, साहित्यिक कार्यबाट, समाजको हित गरेर म चेरबको सम्झनामा प्रतिष्ठान खोलेर उनलाई बचाउँछु । उनका अधुरा सपना पूरा गर्ने प्रयत्न गर्छु भन्ने तिर लागेँ । यही हो शोकलाई शक्तिमा बदल्ने मेरो प्रयत्न ।

- शोक परेपछि बाँकी जीवन अर्थहीन हुँदै न नि ! हो असाध्यै ठूलो पीडा हुन्छ तर बाँच्नेहरूले त फेरि नियमिततामै नफर्किई हुँदैन । यसैक्रममा मैले 'खोसिएको सपना' शोक काव्य लेखेँ । अन्य चलिरहेका गतिविधिसँग संलग्न रहँदै आफूलाई अगाडि बढाएँ । पहिला सान्जेनमा श्रीमद्भागवत महापुराण लगाइयो, २०७२ को महा भूकम्पमा भत्केका संरचना पन्छाउने, राहत वितरण कार्य गर्दै २०७३ अन्त्यमा 'हिमाद्रि साहित्यिक त्रैमासिक' पत्रिका निकाल्न सुरु गरियो । प्रतिष्ठानले निर्माण कार्यमा सुरक्षा गोष्ठी जस्ता कार्यहरू गरी निर्माण कार्यमा पूर्व होसियार बनाउने कार्य गर्दै रह्यो । वार्षिक क्यालेन्डर प्रकाशन गर्दै लगिएको छ २०७४ देखि । इन्जिनियरिङ पछि चेरबको इन्ट्रेस्टिङ विषय चित्रकलाको प्रतियोगिता र प्रदर्शन गरियो । साहित्य गोष्ठीहरू, खेलकुदका कार्यक्रमकहरू गरिए । यी कार्यक्रममा विद्युतकर्मी साहित्य समाज साथै त्यहाँका मित्र, पूर्व अध्यक्षहरूसँगै छु त म । झन् वर्तमान अध्यक्ष घटनाक्रमदेखि नै सँगै हुनुहुन्छ । ने.वि.प्रा.का कार्यकारी निर्देशक कुलमान सरलाई सबै थाहा छ ।

- मान्छेले आफ्नो समयको विश्लेषण गर्नै पर्छ । म त एकछिन देखाउने शोकमा नरहेर पीडाबोधलाई टेकेर दीर्घकालीन रूपमा चुनौति साथ हिँड्ने सङ्कल्प लिएर अगाडि बढेको मान्छे हुँ । धेरै मनहरूबाट साथ पाएँ । विद्युत प्राधिकरणबाट पनि साथ पाइरहेँ । यसका भगिनी संस्थाहरूबाट पनि साथ पाएको छु । नेपाल सरकारका विभिन्न कार्यालयका सहयोगी मित्रहरू, संस्थानहरूका मित्रहरूको साथ पाएरै यो संस्था अहिलेसम्म चलेको छ ! तसर्थ, मैले दृढ अठोटका साथ शोकलाई शक्तिमा बदल्ने अठोट निर्धारण गर्न सक्नु नै यसको राज हो जस्तो मलाई लाग्छ ।

**चेरब स्मृति प्रतिष्ठानका भावी कार्यक्रमहरू के-के रहेका छन् ?**

- चेरब स्मृति प्रतिष्ठानले चेरबलाई जीवन्त राख्न चेरबको सालिक राख्ने, प्रतिष्ठानका स्थायी संरचना बनाउने, सुरक्षासम्बन्धी तालिम केन्द्र बनाउने र तालिम दिने, खेलकुदका भवन र संरचना बनाउने, युवाहरूलाई प्रोत्साहन हुने प्रतियोगितात्मक खेलकुदहरू नियमित रूपमा गराउने, सुरक्षासम्बन्धी कार्यशाला गोष्ठी गर्दै रहने, 'हिमाद्रि पत्रिका' लाई द्वैमासिक बनाउने, कला चित्रकलाको उन्नयन गर्ने, साहित्य, कला र सङ्गीतको उन्नयनका लागि कार्ययोजना बनाई काम गर्ने साथै विधानमा उल्लिखित अन्य उद्देश्य पूरा गर्ने जस्ता कार्यक्रमहरू रहेका छन् ।

**नेपालमा साहित्य लेखेर मात्र पेट पाल्ने मेसो अझै बन्न सकेको छैन भनिन्छ । यस सम्बन्धमा यहाँको धारणा के हो ?**

त्यो त वास्तविक कुरा हो । यसबाट पेट पाल्ने एकदमै कम छन् । साहित्यलाई समाज, राष्ट्र कसैले पनि बुझ्नु पर्ने जति बुझिदिएको छैन ।

**साहित्यिक जमघटहरूमा कतिको सरिक हुन रुचाउनुहुन्छ ?**

होइन परिवार, छोराछोरी, समाजका लागि पनि केही काम गरिँदैछ तर आफ्नै लागि चाहिँ मैले समय छुट्याएको रहेनछु । तसर्थ, भरसक आफ्नो खुसी, आनन्द र रसास्वादनका लागि भ्याए भेटे र मौका परेसम्म जाने गरेको छु ।

**फेसबुक, ट्विटर जस्ता सामाजिक सन्जालहरूलाई साहित्यिक क्षेत्रमा कसरी उपयोग गरिरहनु भएको छ ?**

सामाजिक सन्जालले नराम्रो काम गरेका छैनन् तर यसको प्रयोग गराइमा भर पर्छ । सामाजिक सन्जालमा राम्रा–राम्रा कुरा राखौँ न कसैले दोष लगाएकै छैन । सामाजिक सन्जालले साहित्यमा राम्रै काम गरेको छ । म यिनीहरूको सकारात्मक रूपले उपयोग गर्दछु ।

**साहित्यकारहरूलाई प्रोत्साहन गर्न राज्यको भूमिका के-कस्तो हुनुपर्छ ?**

राज्यले राज्य सञ्चालन गर्न र जनताका हरेक कुरामा आवश्यक सबै कुरामा विचार पुऱ्याउनुपर्छ तर धेरै कुरामा राज्यले बेवास्ता गरेको जस्तो लाग्छ । झन् साहित्यकार तथा कविप्रति राज्यको उपयुक्त दृष्टि पुगेको छैन । राज्यले साहित्य बुझेकै छैन । साहित्यिक व्यक्तित्वहरूलाई र ठेकेदारलाई सँगै राख्दा राज्य ठेकेदारलाई रोज्छ । साहित्यकारहरूबाट र विभिन्न साहित्यिक प्रकाशन गृहहरूबाट प्रकाशन हुने पत्रिकामा पनि राज्यले दिने सुविधा फलामका चिउरा जस्ता हुन्छन् ।

**यहाँ विद्युत्कर्मी साहित्यक समाजको पूर्व अध्यक्ष पनि हुनुहुन्छ । यहाँको कार्यकालमा समाजले गरेका साहित्यिक गतिविधि र हालको कार्यसमितिले सम्पादन गर्दै आएको गतिविधिमा के अन्तर पाउनु भएको छ ?**

उस्तै उस्तै हो त्यस्तो फरक छैन । अहिले केही नवीनतम कार्यक्रम पनि थपिएका छन् । यो राम्रो पक्ष हो । हाम्रो कार्यकालमा यसको रूप दिन लाग्नु पर्ने अवस्था थियो त्यतिबेला । कार्यकक्ष थिएन, बजेटको व्यवस्था राम्रो हुन सकेको थिएन, कोष व्यवस्थापन राम्रो हुनसकेको थिएन । प्रचार प्रसार कमै भएको थियो । यो बामे सराइकै क्रममा थियो । अहिले कार्यसमितिले गर्ने इच्छा राख्दा हाम्रो

विधानसम्मत काम गर्नलाई रोकावट हुँदैन । म त भन्छु यो विद्युत प्राधिकरण भित्रको प्रज्ञा प्रतिष्ठान हो । यहाँ गरिने उपत्यका र बाहिर हुने कार्यक्रम सबै व्यवस्थित छन् । वर्तमान कार्यकारी निर्देशक पनि साहित्यकार र साहित्यलाई सम्मान गर्ने व्यक्तित्व हुनुहुन्छ । विद्युत प्राधिकरणको संरचना पनि देशभर फैलिएकोले सबै क्षेत्रका कार्यालय प्रमुखहरूबाट पनि प्रशंसनीय सहभागिता र सहयोग भएको छ । म यो क्रममा सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**विद्युतकर्मी साहित्यक समाज र यसले प्रकाशन गर्दै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक' लाई यहाँको केही सुझाव छ कि ?**

यो पहिला 'ज्योति' मात्र थियो । प्राविधिक कारणले अहिले "अमर ज्योति" भएको छ । यो पत्रिका कसरी जन्मियो भने विद्युत कर्पोरेसन हुँदै यहाँ कार्यरत साहित्यप्रेमीहरू पोषण पाण्डे, पुष्पनाथ शर्मा, मोहनबहादुर कायस्थ, रमापति पराजुली यस्ता धेरै नाउँ छन् । उहाँहरूले कर्पोरेसनको वार्षिकोत्सवमा कविता वाचन कार्यक्रम सुरु गर्नु भएको रहेछ । त्यो लामै समय चल्यो । पछि ठ्याक्कै समय याद भएन २०५० साल पछि हो । २०४२ सालदेखि नै विद्युत कर्पोरेसन नेपाल विद्युत प्राधिकरण भैसकेको थियो । साहित्यकार कुलप्रसाद पराजुलीको ने.वि.प्रा.मा आगमन भएपछि वार्षिकोत्सवमा पाठ हुने कविताको सङ्गालो "विद्युत तरङ्ग" प्रकाशित हुन लाग्यो वार्षिक रूपमा । २०५९ सालतिर जस्तो लाग्छ विद्युतकर्मी साहित्यिक समाजलाई एउटा संस्थाको रूपमा विधिवत् दर्ता गराई यसले ज्योति साहित्यिक त्रैमासिक प्रकाशन गर्न लाग्यो । यो समाजका संस्थापक अध्यक्ष कुलप्रसाद पराजुली नै हुनुभयो । पहिला अर्धवार्षिक हुँदै छापिनचाहिँ त्रैमासिक रूपमा छापिन लागेको हो ।

पोषण पाण्डेलाई मैले देखिनँ, कथाकारका रूपमा चिनेको हो । विद्युत प्राधिकरणको वार्षिकोत्सव कार्यक्रमका प्राङ्गणमा कविता वाचन सुरु गर्ने मध्ये उहाँ पनि एक हुनुहुन्थ्यो । सायद कुनै रूपमा उहाँ विद्युत प्राधिकरणको कर्मचारी रहनु भएको थियो ।

त्यस्तो धेरै केही छैन तर छापिएका पत्रिकाहरू सबै कार्यालयमा पुग्नसके सुनमा सुगन्ध हुन्थ्यो । यो भनेको एउटा राम्रो साहित्यिक स्थान बनाउने पवित्र स्थान हो । यही कुरालाई मनन गरी अगाडि बढ्ने सङ्कल्प यो संस्था भित्रका सबै साहित्यप्रेमी महानुभावहरूबाट होस् । सबैमा हार्दिक अभिवादन तथा धन्यवाद !

**पूर्वअध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज, ने.वि.प्रा.**



# हजुरबाको स्वाभिमान

**नारायणप्रसाद आचार्य**

गढी र किल्लाहरूमा
मुला गिँडेजस्तै
बैरीको शिर गिँड्दै
लखटेपछि
गर्बिलो छाती बोकेर
टाउकाको टुप्पीबाट
फहराएको थियो
मेरो हजुरबाको स्वाभिमान ।

पाखुरीमा तागत सकिएसँगै
आजकाल
सिकार गर्न नसकी
दाँत झरेको,
नङ्ग्रा भाँचिएको
बुढो बाघझैँ
थोते, कुरुप भएको छ,
भोकै परेको छ,
मेरो हजुरबाको स्वाभिमान ।

तर मार्दै हिँड्न पल्केको
कुलङ्गार सन्तान
म
घरमा गाई थारै राखेर
एक तुर्की
दुधको लोभमा
पाउ मौल्दै छु
छिमेकी जिम्वालको
हजुरबाको स्वाभिमान बन्धकी राखेर ।

हिजो
छिमेकी जिम्वालको सारा सम्पत्ति
बैरीले हडप्दा समेत
डग्न दिएनन्
गाड्न दिएनन् विदेशी लौरी नेपाली माटोमा
मेरा हजुरबाले ।

आलो सुत्केरीमा नै
आफ्ना सन्तान (मेरा बा) लाई
छातीमा च्यापेर
पर्खाल बनिरहिन्
सिमानामा
बुढी हजुरआमा
हजुरबाको स्वाभिमान जोगाउन ।

दिन प्रतिदिन
खिइँदै गएको छ
आमाको मजेत्रो
हिजो पूरै शरीर ढाक्न पुग्थ्यो
आज लाजै छोप्न नमिल्ने भएको छ
घेरा फाट्दैमा

सिलाउनु पर्थ्यो
सिलाइन,
त्यान्द्रा त्यान्द्रा गरेर
घागो झिक्दै
थप्दै गयो छिमेकी
आफ्नो आमाको मजेत्रोमा
म भने रमिते भई रहेँ
एक त्यान्द्रो न झिकेको हो भनेर ।

मक्किँदै गएको छ
हजुरबाले बनाएको
घरको मूलखाँबो
भाटाहरू टेकाहरू
जसको अभावमा
जीर्ण भएको छ घर
कोही देख्दिनँ
समयमै टेका लगाइदिने
वैसाखी टेकाइदिने
थाहा छैन
कुन दिन गर्लम्म ढल्ने हो
हजुरबाको स्वाभिमान ।

आज
एकहातले ललिपप देखाएर
अर्को हातले खेतका गराहरू
काटिरहन्छ छिमेकी
तर
एक चिम्टी नुन
र
एक फाँको
पिठोको लोभमा
चुपचाप रमिते भएको छु म
हजुरबाले उति बेलै खानु भएको
घिउको बासनामा रम्दै ।

पुर्खाको विरासत उपेक्षित हुँदा
एकोहोरो भएकी छिन् आमा
पिउन विवश छिन्
नियतिका आँसु
र
भन्दै छिन् माटो मातृभूमि र माता बिर्सनेहरू
विलीन हुनेछन् माटोमै
कहिले नउम्रने गरी
त्यसैले
माटोमा विलीन हुन दिनुहुन्न
हजुबाको स्वभिमान ।

*उपनिर्देशक, ने.वि.प्रा.*



# मलाई तिम्रो मौनतासँग डर थियो

राधिका कल्पित

तिम्रा मुठ्ठीभित्र कसिएका औँलाहरू काँपिरहेका थिए
तिम्रा आँखीभुइँहरू
परेलाहरू
कपालका प्रत्येक केस्राहरू
सबै सबै बोलिरहेका थिए
केवल तिमी मौन थियौ ।

तिमीले मन भित्रै कैद गरेका भावनाहरू
आँखाका खापाबाट चियाउँदै साउती गर्दै थिए
तिम्रा मौनताभित्र मैन बनाई जमाइरहेका 'अनटोल्ड स्टोरीहरू'
तिमीले बन्द ओठभित्र बन्दी बनाएका बोलीहरू
सबै सबै बोलिरहेका थिए
केवल तिमी मौन थियौ ।

अहिलेसम्म पनि मैले बुझ्न नसकेर हैरान हैरान छु
त्यही भेटका लागि मृत्युलाई मनाएर आएकी तिमी
त्यही पलका लागि समयलाई थम्थमाएर आएकी तिमी
किन यति बेलवज थियौ ?

थाहा छैन
तिमीलाई हाम्रो भेटको जमानी बसेको जूनसँग डर थियो
या तिमीलाई हाम्रो सामु पग्लिरहेको मैनसँग डर थियो
या तिमीलाई डराइरहेको तिम्रै मनसँग डर थियो
या तिमीले सधैं 'मेरै हो' भन्ने यही ज्यानसँग डर थियो
सबै सबै बोलिरहँदा केवल तिमी मौन थियौ ।

हुनसक्छ तिमीलाई
कान थापिरहेको भित्तासँग शङ्का थियो

या हुनसक्छ तिमीलाई हामीबीच साँघुरिदै गएको
एक बित्तासँग डर थियो ।

मलाई भने
घडीको सुइ चाँडै चल्छ  कि भन्ने डर थियो
पहरा बसेको जून निदाउँछ कि भन्ने डर थियो
आफ्नै धैर्यताले बेइमानी गर्ला कि भन्ने डर थियो
थामिरहेको मुटु कतै पड्किएला कि भन्ने पिर थियो
थाहा छैन तिमीलाई अरू के के को डर थियो
मलाई भने तिम्रै मौनतासँग डर थियो
किनकि हरेक भयानक सन्नाटाको पछाडि
भयावह विस्फोट हुन्छ ।

---

**लघुकथा**

# दुलाहाको जुत्ता

**– अरूणबहादुर खत्री "नदी"**



जन्ती दुलहीको घरमा पुगेपछि दुलाहाले लगाएको जुत्ता फुकालेर राख्नासाथ दुलहीको बहिनीले जुत्ता लुकाइन् । दुलाहाका साथीहरूले "खै दुलाहाको जुत्ता यहाँबाट कसले लग्यो ?" भनेर कराउन थाले । "दुलाहाको जुत्ता हामीले लुकाइसक्यौं" दुलही पक्षले भने । "खै कहाँ लुकाएको हो छिटो ल्याइदिनु पर्‍यो" दुलाहा पक्षले भने । "जुत्ताको लागि कम्तीमा दश हजार दिनुपर्छ नत्र भने त्यो जुत्ता हामी दिन सक्दैनौं" दुलही पक्षले भने । "दश हजारमा त हामीले त्यस्तो जुत्ता तीनजोर सम्म किन पाउँछौं हाम्रो दुलाहाको लुकाएको जुत्ता दिने भए देऊ नत्र भए हामी नयाँ जुत्ता किनेर नै ल्याउँछौ" दुलाहा तर्फकाले भने । "दश हजार रुपैँया तपाईंहरूले दिन सक्नु भएन भने हामी त्यो लुकाएको जुत्ता दिँदैनौं । विवाहमा लगाएको जुत्ताको मूल्य दश हजार हुन्छ । त्यसैले दश हजार दिनुस्, जुत्ता लैजानोस् । अरू कुरो थाहा छैन" दुलही तर्फकाले भने ।

"त्यसो भए हामी अहिले नै नयाँ जुत्ता किनेर ल्याएर दुलाहाको खुट्टामा लगाएर लैजान्छौं । त्यो जुत्ता दुलही माइती आउँदा पठाइदिनू" दुलाहा तर्फकाले भने । त्यसमध्ये चतुर दुलाहाको साथी नजिकैको बजारमा गई एकजोर जुत्ता किनेर ल्यायो र दुलाहालाई पहिर्‍याई दियो । दुलाहासँग पैसा असुल्न कम्मर कसेर लागेका चेलीहरू चित परे ।

(बूढानीलकण्ठ, पासिकोट)



# धन्य धाता असार !

**बद्रीप्रसाद दाहाल**

**(छन्द–: मन्दाक्रान्ता)**
वर्षा बोकी छमछम हुँदै, नाच्न थाल्यो असार ।
पाखाबैँसी समतल गरा, गर्न थाले सुसार ॥
खोलानाला ललित झरना, बैँसमा जुर्मुराए ।
रोपार्नीका, रसिक रसना, गीत पोख्दै सुसाए ॥१॥

रोपार्नीका तन वदनमा, बाउसे पङ्क छेप्छन् ।
लाठे ब्याडे हुलहुल मिली, त्यै हिलो लेपिदिन्छन् ॥
नर्सिङ्गाका थुकुरू सनही, बज्दछन् एक साथ ।
रोपार्नीका छमछमसँगै, खुल्दछन् प्रेम बात ॥२॥

ढाक्छन् काला 'घन'–सघन भै, व्योममा गर्जिएर ।
धर्ती सिँच्छिन् 'प्रकृति–जननी' आपमा बर्सिएर ॥
मानो रोपी फसल त मुरी, भर्नसक्ने असार ।
पोख्छन् मान्छे गरम पसिना, फल्न थाल्छन् जुहार ॥३॥

हेर्दा चारैतिर हरित छन्, वृक्षबल्ली र पात ।
पृथ्वी हावा जल नभ मिली, सृष्टि रच्छन् अपार ॥
रोप्छन् खोप्छन् अवनि श्रमले, झुल्दछन् अन्न सारा ।
स्वप्ना बुन्ने भुवनभर नै धन्य धाता ! असार ॥४॥

**धादिङ**

# नुवाकोट एकीकरण



रामेश्वर राउत 'मातृदास'

**परिवेश :** गोर्खा दरबार । गोर्खाका राजा नरभूपाल शाहको स्वर्गारोहणले दरबार र सम्पूर्ण गोर्खालीहरूको मन शोकाकुल अनुभूत हुन्थ्यो । बिछोड र वेदनाको शून्यता अनि राजकीय दायित्व पूरा गर्नुपर्ने कर्तव्यबाट विमुख नबन्न समयले सबैलाई बारम्बार आह्वान गरिरहेको थियो ।

धैर्य, सहनशीलता र राज्य एकीकरणको महानतम् भूमिका पूरा गरेर गोर्खालाई राष्ट्र एकीकरणको दर्बिलो मियो बन्ने स्वर्णिम अवसर र कठोर चुनौती सबैका सामु उपस्थिति भएको थियो । वि. सं. १८०१ मा राजा नरभूपाल शाहको नेतृत्वमा भएको नुवाकोट एकीकरण आरम्भको प्रारम्भिक चरणमा नै हारको मार व्यहोरेको वास्तविकता सबैको मनमा ताजै थियो । यसलाई अरू बढी कुटनैतिक, रणनैतिक र सामरिक सुदृढीकरण गर्नैपर्ने अनिवार्यता तत्कालीन युवराज पृथ्वीनाराण शाह, भाइभारदार, सेना, गुरुपुरोहित र आम सर्वसाधारण सबैले अनुभूत गरिराखेका थिए ।

**पात्रहरू :** श्री ५ युवराज पृथ्वीनारायण शाह (राज्यउत्तराधिकारी एकीकरण नायक), शुरप्रताप शाह, दलमर्दन शाह, कीर्तिभजन शाह, बलभञ्जन शाह (अधिराजकुमारहरू) सूत्रधार, शशीधर, गुरु पुरोहित, पहलमान, जसवीर, बलबीर (सेना प्रमुखहरू) चन्द्रप्रभा, कौशल्यावती (मुमा महारानीहरू), सर्वसाधारण जन आदि ।

**चन्द्रप्रभाः** बाबु पृथ्वी ! (टामेटुमे परेर बसिरहेका पृथ्वी जागरुक बन्दै चन्द्रप्रभा भएतिर लम्कन्छन् ।)

**श्री ५ पृथ्वीः** मुमाहजुर, मर्जी होस् । सेवामा सधैँ समर्पित छु ।

**चन्द्रप्रभाः** काँधमा गहन शिरोभार बोक्नुपर्ने दायित्व आयो पृथ्वी बाबु यो भार पार लगाउने कार्य ज्यादै कठिन र चुनौतीपूर्ण छ, चुनौतीपूर्ण ।

**श्री ५ पृथ्वीः** जति र जस्तासुकै हाँक र चुनौती हुन् मुमाहजुर, ती सबैलाई एक

एक सामना गर्न सक्ने हिम्मत, आँट र ताकत बटुलिसकेको छु मुमाहजुर मैले ! हरेक चुनौतीसँग सामना गर्न सक्ने हिम्मतका शिखरहरू धमाधम अग्लिरहेका छन् मुमाहजुर मेरो हृदयमा !

**चन्द्रप्रभाः** क्याबात, पृथ्वी क्याबात । दिदीहजुर (कौशल्यावतीलाई सम्बोधन गर्दै) हजुरको शिक्षा, सीप र समर्पणको बोली सुनिबक्सियो ?

**कौशल्यावतीः** सुनेँ, राम्रोसँग सुनेँ । सबै कुरा ध्यान दिएर सुनिरहेकी छु ।

**चन्द्रप्रभाः** दिदीहजुर, उप्रान्त हामीले सुनेका, गुनेका, सुझेका र बुझेका सम्पूर्ण ज्ञान र चेतनाको ज्योति बालेर यो मातृभूमिलाई जगाउने जिम्मेवारी बोक्ने बेला आएको छ ।

**कौशल्यावतीः** ठीक भन्यौ चन्द्रप्रभा, ठीक हाम्रा तीन खोपिका पाँच पाण्डवहरू जवान र युवा भैसकेका छन् । हाम्रो ज्ञान, विद्या, बुद्धि र अनुभव सबैले यी पाँचभाइहरूलाई पारङ्गत बनाउनै पर्छ चन्द्रप्रभा : बनाउनै पर्छ ।

**चन्द्रप्रभाः** युवराज पृथ्वीलाई यी सबै तत्वबोध हजुरकै मुखारविन्दबाट हुनुपर्छ दिदीहजुर, हजुरकै मुखारविन्दबाट । हजुर हाम्रो कुल र मूलकी ज्योति ज्योति महाज्योति होइबक्सन्छ महाज्योति । (पृथ्वी !)

**पृथ्वीः** मुमाहजुर !

**चन्द्रप्रभाः** यो माटो र हामीहरू सबैको लक्ष्य र उद्देश्यको समुन्नत बाटो भनेकै मुमा कौशल्यावती होइबक्सिन्छ, कौशल्यावती । बुझ्यौ त ? (पृथ्वीनारायण शाह आसनबाट उठेर दर्शन ढोग गर्छन् । )

**कौशल्यावतीः** बाबु पृथ्वी । तिमी जेष्ठ श्रेष्ठ र राज्य उत्तराधिकारी ! हामी तीन खोपीका तिमीहरू पाँच भाइ छौ । नुवाकोट एकीकरण गर्ने बुबाहजुरको ठूलो इरादा थियो । त्यो सपनालाई विपनामा परिणत गराउने महानतम् जिम्मेवारीको नेतृत्वदायी भूमिका खेल्ने जिम्मा तिम्रो काँधमा आएको छ । (के... कुरा टुङ्गिन नपाउँदै) ।

**पृथ्वीः** म पछि हट्तिनँ मुमाहजुर, म हिम्मत हार्दिनँ । बुबाका सबै सपना म विपनामा परिणत गराएरै छाड्छु, गराएरै छाड्छु ।

**कौशल्यावतीः** बाबु तिम्रो आँट र उत्साह यो गोर्खा राज्य र हामी सम्पूर्ण गोर्खालीहरूको ज्ञान र सौभाग्य हो, ज्ञान र सौभाग्य ! तर राज्य चलाउने काम एक्लो आँट र निर्णयले मात्र सम्भव हुँदैन बाबु, सम्भव हुँदैन ।

**पृथ्वीः** मुमाहजुर । उसो भए ?

**कौशल्यावतीः** क्याबात, तिमीले ठीक प्रश्न सोध्यौ । हामी तीन खोपीका तिमीहरू पाँच भाइ पाँच पाण्डवका रूपमा छौँ । यो राष्ट्रको भाग्य र भविष्यलाई जोड्न र जमाउन सर्वप्रथम तिमीहरू पाँच भाइ एक ढिक्का हुनै पर्छ, बाबु हुनैपर्छ । शक्ति र सामर्थ्यको सुरुवात आफ्नै भाइबन्धु र घरपरिवारबाट आरम्भ हुन्छ । कुरा बुझ्यौ त ?

**पृथ्वीः** केही बुझे पनि र केही.... मौन बस्छन् ।

**कौशल्यावतीः** हो, सही ठाउँमा उभियो बाबु । ठीक ठाउँमा नबुझेको कुरामा ढिपी र नदेखेको बाटोमा दौडिहाल्नु बुद्धिमानी हुन्न । तिमीहरू पाँच भाइसँगै खेल्थ्यौ, बसउठ गर्दै आएका थियौ । अब तिमीहरूको काँधमा बुबा नरभूपाल शाहबाट हुँदै आएका सम्पूर्ण जिम्मेवारी आइपरेको छ । तिमीहरू पाँच भाइ एकै ठाउँमा बसेर परस्पर राय सल्लाह गर विचार विमर्श गर, विमर्श । देश र जनताका लागि एक ढिक्का भएर काम गर पृथ्वी । तिमीलाई मेरो हार्दिक शुभकामना छ । हामीले हाम्रा इष्टदेव माता मनकामना, गुरु-गोरखनाथ आफ्ना अग्रज र पूर्वजहरूको महान् त्याग तपस्या र योगदानको इतिहास कहिल्यै पनि भुल्न र बिर्सन हुन्न । उनीहरू नै हाम्रा आदर्श मूल्य, मान्यता र शक्ति हुन् । हृदयमा तत्वबोध भएपछि मात्र मन जागरुक र तन जाज्वल्यमान बन्छ बाबु पृथ्वी, जाज्वल्यमान !

**पृथ्वीः** मुमाहजुर ! कटमिरै थिएँ । हजुरका वाणीले आज प्रकाशपुञ्ज र परिपक्व भएको अनुभूत गरिरहेको छु । म भाइहरू सबैलाई बोलाएर परामर्श गर्छु मुमाहजुर, विमर्श गर्छु (पृथ्वीनारायण शाह प्रस्थान गर्छन् । सूत्रधारलाई इसारा हुन्छ ।)

**सूत्रधारः** मेरो सेवा !

**पृथ्वीः** भाइहरू शुरप्रताप, दलमर्दन, कीर्तिभञ्जन, बल भन्जनलाई बोलाऊँ ।

**सूत्रधारः** प्रस्थान गर्छन् । सबै भाइहरू उत्साहका साथ उपस्थित हुन्छन् ।

**शुरप्रतापः** भ्राताश्री ! दर्शन (शिर झुकाएर श्री ५ पृथ्वीनारायण शाह अगाडि उभिन्छन्) । सबै अभिवादन गर्छन् ।

**पृथ्वीः** हो, प्यारा भाइ हो ! आज तिमीहरू सबैसँग हिजो अस्तिको भन्दा ज्यादै गम्भीर राय, सल्लाह र परामर्श गरौँ भन्ने इरादा राखेर मैले बोलावट गरेको हुँ ।

**दलमर्दनः** मर्जी होस्, भ्राताश्री ! हजुरबाट जो जे मर्जी हुन्छ ती सबैलाई एक एक फत्ते गर्न हामी हरदम तम्तयार छौँ, तम्तयार !

**पृथ्वीः** प्यारा भाइहरू ! सबैबाट मैले यस्तै सकारात्मक सद्भाव खोजेको हुँ । यसमा मेरो निजी स्वार्थ केही हैन र छैन । बुबाहजुर हाम्रा सामु होइबक्सन्न । यो राष्ट्रको सम्पूर्ण शिरोभार हाम्रो काँधमा आएको छ । नुवाकोट एकीकरण बुबाको पहिलो कमदबाटै हामीहरूले हाम्रो यात्रा आरम्भ गर्नुपर्छ । यो असली हिन्दूस्थानमाथि समुद्रपारिका हिंस्रक फिरङ्गीहरूले लोभी आँखा गाडिराखेका छन् । हाम्रो प्रमुख लक्ष्य र उद्देश्य फिरङ्गीहरूको तीखा दाह्रा नङ्ग्राबाट यो समग्र भू-भागलाई बचाएर जहाँको भाषा, साहित्य, कला, संस्कृति, प्रकृति, जात-जाति सबैको रक्षा, सेवा र सम्मान गर्नु हो। यसका लागि सर्वप्रथम हामी मिल्नु र एक ढिक्का हुनु अनिवार्य छ । हामी तीन खोपीका पाँच पाण्डव एक भयौँ भने बाबा गोरखनाथ, माता मनकामना मुस्कुराउनु हुनेछ । दरबार र घरबार एउटै अङ्गालोमा हुनेछन् । यति भए हाँसेर बाँच्न नदिने र मिलेर बसेको खप्न नसक्नेहरू परास्त हुने छन्, विस्थापित गर्न हामी सफल हुनेछौँ ।

कीर्तिभजनः भ्राताश्री नमन ! हजुरका हृदयहारी भावनाबाट मेरो मनमा उत्साह र जाँगर जागृत भयो । उप्रान्त हजुरबाट उठाइबक्सने हरेक

कदममा हाम्रो पूर्ण साथ सहयोग रहने छ । भाइ हो, हामी हाम्रा जेष्ठ भ्राताश्रीको पूर्ण साथ र सहयोगी रहनेछौँ, हैन त ?

**बलभञ्जनः** मेरो समर्थन छ (सबैले स्वीकारोक्तिपूर्ण शिर हल्लाउँछन् । (सूत्रधारको प्रवेश)।

**पूर्वाङ्गः** शुभसाइतले समयलाई आव्हान गरिरहको छ । युवराज पृथ्वीनारायण शाहको राज्याभिषेकको सम्पूर्ण तयारी भैरहेको छ । गुरु, पुरोहित, भाइभारदार, कवि साहित्यकारहरू सबैको व्यस्तता राज्याभिषेकमा केन्द्रित देखिन्छ । भनौँ त यो पूर्वाङ्गको समय भन्दा पनि हुन्छ । पञ्चैबाजा, नौमती, खैंजडी, आ–आफ्ना जातजातिका भेषभूषा, सांस्कृतिक बाजागाजा, सबैको तयारी व्यवस्थालाई तम्तयारी गरिएको हुन्छ । ताम्राङ घोडा, च्यान्टे घोडा आदि चौपाया यातायातका साधन व्यवस्थाका लागि राम्रो प्रबन्ध गरिन्छ । (मुमारानी कौशल्यवतीको आगमन) ।

**कौशल्यावतीः** सूत्रधार ! मुहूर्तको घडीपला ठीक पार्न खटन होस् शशीधर कहाँ हुनुहुन्छ, खोपीमा ....!

**शशीधरः** मुमाहजुर, स्वस्ती !

**कौशल्यावतीः** नमन ! उप्रान्त राज्याभिषेकका लागि कुनै कुरा अभाव र अपुग नहोस् । यस सम्बन्धमा सम्पूर्ण शास्त्रीय पद्धतिका ज्ञाता हजुर नै होइबक्सन्छ । अरू... ।

**शशीधरः** मुमाहजुर ! यसका लागि हामी सम्पूर्ण शक्ति एकत्रित गरेर लगाइरहेका छौँ । भोलि बिहान ठीक नौ बजे राज्याभिषेकको शुभमुहूर्त देखिएको ज्योतिषको अभिवचन छ ।

**दृश्य– १:** १८०१ मङ्सिर १५ । गोर्खा दरबार रङ्गीचङ्गी प्राकृतिक फूलमालाले झकिझकाउ देखिन्छ । फाँटमा पहेँलपुर धानका बाला झुलेर श्री ५ पृथ्वीनारायण शाहको राज्याभिषेकलाई स्वागत गरिरहेझैँ मीठो र रमणीय अनुभूति फैलाइरहेका थिए । मर्स्याङ्गदी, दरौँदी नदीहरू नागबेली भावभङ्गीमा आ–आफ्ना नृत्य प्रदर्शन गरिरहेका थिए । चारैतिर हिमालयहरू मुस्कुराएर सृष्टिको अविनाशी श्रीपेच सजाइरहेका थिए । दरबारका सबै भाइभारदार, गुरु पुरोहित, छिमेकी राज्यका

राष्ट्रप्रमुखहरू, उच्चपदस्थ सुरक्षार्थी, गोर्खाका सारा जनमनहरू, कवि-लेखक, साहित्यकारहरू मनभरि उत्साह बोकेर दरबारको प्राङ्गणमा उपस्थित भएका थिए । भव्य समारोहका माझमा श्री ५ युवराजधिराज पृथ्वीनारायण शाह पूर्णतः राजकीय सत्कार सजावटमा उपस्थित होइबक्सियो । यो ऐतिहासिक राज्याभिषेकलाई धरती, आकाश, सम्पूर्ण तेत्तिसकोटी देवीदेवताहरू सबैले अति प्रफुल्लित मुद्रामा हार्दिक स्वागत गरिरहेका थिए । ज्योतिषीय मुहूर्त बमोजिम भव्य रूपमा राज्याभिषेक सुसम्पन्न हुन्छ । छिमेकी राज्यका अतिथिहरूबाट शुभकामना आदानप्रदान हुन्छ । श्री ५ पृथ्वीनारायण शाहको शिरको श्रीपेचले सम्पूर्ण धरती नै जगमगाइरहेको र सबैको मनमा आनन्दित अनुभूत भैरहेको हुन्छ ।

श्री ५ महाराजाधिराजका हैसियतले पृथ्वीनारायण शाहको पहिलो सम्बोधनः

**श्री ५ पृथ्वीः** यस रमणीय समारोहमा गोर्खा दरबारको प्राङ्गणमा उपस्थित हुनुभएका विद्वान विदुषीहरू, राज्य प्रमुखहरू, गुरू पुरोहित एवं प्यारा भाइभारदार र सकल लोक ! सर्वप्रथम म राष्ट्र गुरू-गोरखानाथ, माता मनकामना र परमपुज्या माताहरूको चरणकमलमा साष्टाङ्ग शिर दण्डवत ढोग गर्दछु ।

उहाँहरू सबैको कृपापूर्ण आशीर्वाद र हाम्रा पूर्वजहरूको शुभकर्मको प्रतापले यो महान् र सम्मानित पदभार 'श्री ५ महाराजाधिराज' हुने सौभाग्य आज मलाई प्राप्त भएको छ । यो गरिमामय, ओजस्वी पदभार यही महान् - 'असली हिन्दूस्थान' को हो । यो श्रीपेचको त्रिकालजयी शान, मान, सौभाग्य, अस्तित्व र महत्त्वको गौरवशाली शिर गोर्खा राज्य हो । गोर्खा तपाईं हामी र यो सम्पूर्ण सृष्टिको प्रतिष्ठाको शिर हो । यो गौरवशाली प्रतिष्ठालाई म कदापि र कहिल्यै पनि झुक्न दिने छैन । किन कि यसमा तपाईं- हामी र सम्पूर्ण सनातनी आर्यहरूको अस्तित्व र महत्व अडेको छ । उपस्थित महानुभावहरू ! सृष्टिको आरम्भ आराधनाकालदेखि नै हामीहरू यही सुन्दर, शान्त मनोरम र विशाल हिमालयको काखमा छौँ । हामीलाई बोध भएसम्म यी हिमालका कानमा भव्य ससाना राज्यहरू अस्तित्वको सङ्कट बोकेर बसिरहेका छौँ । उप्रान्त एकताबद्ध हुने समय आयो । हामी एउटै मियोमा बाँधिनै पर्छ । हामी एक्लाएक्लै र बेग्लाबेग्लै नबसौँ । यसरी एक्लाएक्लै बसेर परस्पर कलह र झैझगडा गरिरहनु हामीहरू सबैका लागि शुभ हुने छैन । उप्रान्त, अहिले र आजैदेखि

राज्य एकीकरणको आरम्भ भएको छ । गोर्खाले मियोको काम गर्नेछ । यो सृष्टिको शिरलाई जोगाउने, बचाउने र सधैँ प्रतिष्ठापूर्ण बनाइरहने दायित्व र जिम्मेवारी हामीहरू सम्पूर्णको हुनेछ ।

चौरासी व्यञ्जन ज्युनार गर्ने र पचासी थरी फोहोरमैला फाल्ने राजा हैन म । राजकीय अस्तित्व र महत्त्वलाई अक्षरशः आत्मसात् गरेर म आफ्नो कर्तव्य निर्वाह गर्न कहिल्यै पछि हट्ने छैन । दरबार र घरबारलाई बराबर देख्ने हाम्रो प्रागऐतिहासिक परम्परालाई म एकपाइलो पनि तलवितल पार्न दिन्नँ । उपस्थित महामनाहरू ! जीवन एक मौसमको फूल हो ! हामीले भुल गर्‍यौँ भने आउने हरेक युगका लागि शूल हुने छ, शूल ! जीवनरूपी अनमोल र अमूल्य फूललाई शूल नबनाउन हाम्रो वैदिक सनातन धर्मले हामीहरू सबैलाई अभिप्रेरित गरिरहेको छ ! म आफ्नो जीवनको सम्पूर्ण सुवास मानव कल्याणका लागि समर्पित गरिरहनेछु ।

अन्तमा, गोर्खालीको अभियान, हाम्रो राष्ट्रलाई हामीले नै बनाउनुपर्छ महान् । सबैले भनौँ जिम्दोपन जानी ! जय जय काली जय जय गोरख ! जय जय मनकामना माता ! एउटै आकाश छाता सिङ्गै धरती हाम्री नेपाल माता । नौमती पञ्चैबाजा, शयध्वनि सबै जातजातिको झाँकी, नाचगान अबिर जात्रा, बाजागाजाका मनोहर ध्वनि, फूलको वर्षा र करतल ध्वनिका साथ गडगडाहट तालीले दरबार प्राङ्गणको परिवेश खुसी, आनन्द र उत्साहले प्रफुल्लित हुन्छ । उपस्थित सबैको मनमा उत्साह, जोस, जाँगर र उमङ्ग भरिन्छ । (राज्याभिषेक समारोह समापन हुन्छ ।)

**दृश्य– २:** श्री ५ पृथ्वीनारायण शाह, शशीधर, गजवीर शक्तिवल्लव, दलमर्दन, शुरप्रताप, कीर्तिभञ्जन कौशल्यावती, कालु राना आदि भाइभारदारहरू गोर्खा दरवारको बैठक कक्षमा विमर्शमा तल्लीन देखिन्छन् ।

**श्री ५ पृथ्वीः** (लामो जामीय मयलपोस, शिरपोस, चुच्चो पाउपोसमा) श्री ५ पृथ्वीनारायण शाहको उपस्थिति हुन्छ । सबैजना सम्मानार्थ आ–आफ्नो स्थानबाट उठेर अभिवादन गर्छन् । अहँ, शशीधर के रहेछ नुवाकोटको वास्तविकता ?

**शशीधरः** महाराज ! हाम्रा गुप्तभेदहरूले विभिन्न भेषमा समग्र नुवाकोटको

वास्तविकता र वस्तुस्थिति बोध गरेर आएका छन् । लोकमत हाम्रो पक्षमा दर्बिलो रहेछ। (बीचमा रोक्तै) ।

**श्री ५ पृथ्वीः** लोकमतलाई माने ?

**शशीधरः** सरकार ! बाल, वृत्त, वनिता गोर्खाका राजा श्री ५ पृथ्वीनारायण शाहले एकीकरण गरिदिए हुन्थ्यो भन्नेहरू नै प्रशस्त रहेछन् र परचक्री- फिरङ्गीहरूको दानापानी चरेर आफ्नो मातृभूमिमाथि घात गर्ने कुलघाती कुलाङ्गारहरूप्रति स्वयं कालुपाण्डे पनि क्रुद्ध रहेछन् महाराज, क्रुद्ध (दलमर्दन उठछन्) ।

**दलमर्दनः** महाराज ! शशीधरले जे भन्नु भयो यो वास्तविकासँग राम्रो मेल खान्छ । गजवीर र कालु रानाका धरातलीय वास्तविकता पनि यही छ । (श्री ५ पृथ्वी मुस्कुराउँदै) ।

**श्री ५ पृथ्वीः** दलमर्दन ! बुबाहजुरको पहिलो पाइलोमै नुवाकोटमा ठेस लाग्यो । भनौँ त बुबालाई त्यही हारको मारले ठूलो चोट पुऱ्यायो । उसबखत भएका सम्पूर्ण कमजोरी हामीले गर्नुछैन । फेरि भूगोलको भन्दा पनि भावनाको एकता हाम्रो मूल लक्ष्य र उद्देश्य हो । हामीले राज्य एकीकरण गर्दा सर्वसधारणको जनधनलाई एकरति पनि घात र क्षति गर्नु छैन र हरेकको धर्म, भाषा, साहित्य, कला, संस्कार, संस्कृति, सभ्यता, परम्परा आदिका हामी रक्षक र सुरक्षक हौँ । यो समग्र हिमाली भूभाग असली हिन्दूस्थान रह्याछ । हामीले यो वैदिक सनातन धर्म र शिव संस्कृतिको रक्षा गर्ने पर्दछ । शुरप्रताप जुँगा तह लाउँदै अगाडि बढ्छन् ) ।

**शुरप्रतापः** भ्राताश्री ! यो महान् भावनालाई नै हामी सबैले मूल मन्त्र मान्नै पर्दछ । (सूत्रधारको प्रवेश) ।

**सूत्रधारः** महाराजमा जाहेर होस् । युद्ध तयारीको सम्पूर्ण खरखजना तयारी भयो । (शुरप्रताप खोपीभित्र प्रवेश) ।

**श्री ५ पृथ्वीः** सूत्रधार ।

**सूत्रधारः** महाराज युद्ध तयारी ठीक भयो ।

**श्री ५ पृथ्वी:** शुरप्रताप शशीधरलाई दरबारमा...।

**शशीधर:** महाराज साम, दाम, दण्ड, भेद सब नीतिबाट स्थितिलाई हामीहरूले आफ्नो परिवेशभित्र पार्न सक्ने वातावरण तयार भएको छ । सामरिक युद्धका लागि कालु राना, पहलमान, जसवीरहरू, गुरिल्ला योद्धाहरू, ताम्राङ घोडा सबै तयारी हालतमा छन् । कालु पाँडेको आन्तरिक अभिमत मौसुफकै अभियानलाई सार्थक र सफल बनाउने रहेको गुप्तभेदी सूचना छ ।

**श्री ५ पृथ्वी:** क्याबात शशीधर । मलाई यही वास्तविकता बुझ्ने इरादा थियो । नुवाकोटका लागि हामी तेस्रो युद्ध लड्दैनौँ ! भूगोल र भावनालाई एक बनाएर ब्वाँसारूपी विधर्मीहरूको षडयन्त्रबाट यो हिमवत्खण्ड, भारतवर्ष, आर्यवर्तको रक्षा, सुरक्षा, सेवा र सम्मान गर्ने घनीभूत दायित्व समयले हाम्रो काँधमा थमाइदिएको छ शशीधर ! हाम्रो जिम्मा लगाएको छ । यो जिम्मेवारी हामीहरूले पूरा गर्नैपर्छ । यो श्रीपेच सृष्टि शिरको सेवा, सम्मान र प्रतिष्ठा अभिवृद्धिका लागि हो ! शशीधर प्रतिष्ठा वृद्धिका लागि !

**शशिधर:** महाराज मर्जी होस् !

**श्री ५ पृथ्वी:** अहँ, कवि, लेखक, स्रष्टा साहित्यकारहरू राष्ट्र र समाजका शुभ सन्देशबाहक दूतहरू हुन् शशीधर । राष्ट्र एकीकरण अभियानमा कवि लेखकहरूबाट हुनसक्ने योगदानलाई हामीहरूले आत्मसात गर्नै पर्दछ । हरेक जनमनमा चेतनाको ज्योति बाल्ने, समाजमा जागरणको बाँसुरी बजाएर सबैलाई जगाउने, जोगाउने र बिम्झाउने काममा स्रष्टाहरूको भूमिका अहम् हुन्छ शशीधर, अहम् !

**शशीधर:** महाराज ! यो महत्त्वपूर्ण पक्षमा ध्यान पुगेको थिएन । यसतर्फ आजैदेखि पूरापूर ध्यान दिएर राष्ट्र एकीकरण महा–अभियानमा कवि, लेखक, स्रष्टा साहित्यकारहरूको भूमिकालाई उल्लेखनीय महत्त्व मानिने छ महाराज, प्रभावकारी बनाइने व्यवस्था मिलाइने छ ।

**श्री ५ पृथ्वी:** उप्रान्त शुभकार्य वियाँलो गर्नुछैन । राष्ट्र एकीकरण महाअभियान प्रभावशाली ढङ्गले आजैदेखि आरम्भ भयो । सेना, गुप्तभेदी, गाइने, फेरिवाल, कवि–लेखक, पुरोहित, पुजारी लगायत समाजका सम्पूर्ण

लोक तनमय, मनमय भएर लाग्नु छ । हामी सबैको मनमा एकमात्र लक्ष्य, उद्देश्य र ध्येय राष्ट्र एकीकरण अभियानलाई सफल र सार्थक बनाएरै छाड्ने हुन्छ । राजाज्ञा शिरोधार्य गर्न यत्रतत्र सर्वत्र सकल लोकजन तत्पर देखिन्छन् ।

**कौशल्यावती:** बाबु पृथ्वी ! नुवाकोटमा 'भैरमकोट' भन्ने प्रसिद्ध तीर्थस्थल भनौँ त शक्ति केन्द्र छन् रे भन्ने मैले सुनेकी छु । स्थानीय अग्रजसँग बुझेर उनको थानमा स्वयं पुगी प्रार्थना गर्न नभुलेस् !

**श्री ५ पृथ्वी:** मुमाहजुर, भैरमकोट ! अवश्य म यहीँबाट नुवाकोट एकीकरण आरम्भ गर्नेछु । हरेक तीर्थस्थल, देवीदेवता प्रति सधैँ उच्च सम्मान राख्नेछु र सबैलाई राख्न अभिप्रेरित गरिने छु, मुमाहजुर अभिप्रेरित ! श्री ५ पृथ्वीनारायण शाहलाई विजय अभियान सफलताका लागि आशीर्वचन शिरोपर हुन्छ । सम्पूर्ण गोर्खालीहरू उत्साहकासाथ गोरखनाथ, काली, महासरस्वती, महालक्ष्मी, विन्ध्यवासिनी माता, मनकामनाको जय जयकार ध्वनि गुञ्जायमान गर्छन् । नुवाकोटमाथि दोस्रो विजय अभियानको आरम्भमा श्री ५ पृथ्वीनारायण शाह स्वयं भैरमकोटमा सवारी हुन्छ । विधिवत रूपमा भैरवीको पूजा-अर्चना गरेर खड्ग साटफेर पश्चात गोर्खाली सेनाहरू नुवाकोट एकीकरण अभियानमा अग्रसर हुन्छन् ! जसको कुशलतापूर्वक नेतृत्व श्री ५ पृथ्वीनारायण शाहबाट हुन्छ । नुवाकोट शानदारसँग गोर्खालीहरूबाट विजित हुन्छ । श्री ५ पृथ्वीनारायण शाहजस्तो शौर्यशक्तियुक्त शुर वीर, धीर र परम न्यायिक राजाको नागरिक हुन पाएकोमा नुवाकोटका बासिन्दाहरू आन्तरिक रूपमा हर्षोल्लास र प्रफुल्ल बन्छन् । सूत्रधार ! (श्री ५ पृथ्वीनारायण शाहबाट बोलावट हुन्छ) ।

**सूत्रधार:** सरकार !

**श्री ५ पृथ्वी:** सूत्रधार, नुवाकोटका सकल लोकलाई भैरूमकोटमा उपस्थितिका लागि झ्याली पिटाउनू !

**सूत्रधार:** आदेश जारी हुन्छ सरकार (नुवाकोटका सकल लोक भैरूमकोटको प्राङ्गणमा उपस्थित हुन्छन् ।

**श्री ५ पृथ्वीः** प्यारा नुवाकोट बासिन्दाहरू,

सबैले भनौँ जय जय काली ! जय जय गोरखनाथ ‼ जय जय मनकामना माता ! जय भैरमकोट (जय जयकारको ध्वनिले सर्वत्र वातावरण गुञ्जायमान बन्छ) ।

हिजोसम्म हामी गोर्खाली र नुवाकोटे थियौँ । आज त्यो सङ्कुचित भावना मेटिएको छ । उप्रान्त हामी एक भएका छौँ । हाम्रो सुख, दुःख, आँसु-हाँसो सबैमा हामी समान हुने छौँ । गोर्खा र नुवाकोटको संयुक्त शक्तिले लमजुङ र तनहुँलाई पनि एक बनाउने निश्चित छ । भूगोल र भावनालाई एक बनाएर हामी सुखी शान्त र समुन्नत बन्नुपर्छ । यहाँको धर्म, संस्कृति, भाषा, साहित्य, कला, संस्कार र सभ्यतालाई बचाउने दायित्व बहन गरिनेछ । यता नुवाकोट धीर उता गोर्खाली वीर लमजुङ-तनहुँको तगारो मेटिने छ पिर । भैरुमकोटमा उपस्थित नुवाकोट र गोर्खालीहरूका बीच आत्मीय सम्बन्ध बिस्तार हुन्छ । उत्साहको रक्तसञ्चारले एकताको वटवृक्ष विशाल बन्छ । श्री ५ पृथ्वी जिन्दावाद ! श्री ५ पृथ्वी जिन्दावाद ॥ यत्रतत्र सर्वत्र गगनभेदी ध्वनि अनुगुञ्जित भैरहन्छ ! गोर्खाली सेनासहित श्री ५ पृथ्वीनाराण शाह गोखा फिर्ती सवारी) हुन्छ ।

गोर्खा दरबारमा उत्सवको माहोल मौलाइरहेको हुन्छ । स्वागत सत्कारका सबै तयारी भैरहेको हुन्छ । ताम्राङ घोडाहरू पनि उत्साहले यसैत्यसै खुसीले हिलहिलाइरहेका हुन्छन् । श्री ५ पृथ्वीनारायण शाहसहित गोर्खा दरबारमा आगमन हुन्छ ।

**चन्द्रप्रभाः** बाबु पृथ्वी ! धन्य होस् । बुबाको सपना, तिम्रो साहस आज सफल भयो ! सार्थक भयो बुबा गोरखनाथ, काली र माता मनकामनाका कृपाले सधैँ सबैको जय होस् ! कल्याण होस् ! (विजयोत्सवको बाजा नेपथ्यमा बजिरहेको हुन्छ । दर्शकदीर्घामा खुसीले प्रफुल्लित हुँदै तालीको गडगडाहट फैलिरहन्छ) । बिस्तारै पर्दा सर्दै जान्छ ।)

**रारामा वशिष्ठधाम, निर्भर दिलचेत, सिन्धुबस्ती**

**(निवर्तमान अध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज, ने.वि.प्रा.)**



# चीनको चमत्कारले मनै चसक्क

प्रेमराज सिलवाल

विश्वमा विकास, समृद्धि, उन्नति, प्रगति र सुशासनको चर्चा हुनेबित्तिकै पछिल्लो अवधिको भूराजनीतिमा चीनको शासन प्रणाली, भौतिक विकास तथा समृद्धिले पनि तहल्का मच्चाउँदै आएको छ । चीनको एक महिना लामो अध्ययन-भ्रमणबाट चीनको शासन-प्रणाली, विकास, समृद्धि, सुशासन, कानुन र आदेश, विधि र प्रक्रिया, नीति र कार्यक्रम, राज्यको प्राथमिकता र योजना कार्यान्वयन जस्ता अनेकौँ पक्षमा थप सूचना, ज्ञान, अनुभव र प्रत्यक्ष अनुभूति भयो ।

राजधानी बेइजिङ भौतिक विकासको चरमचुलीमा पुगेको रहेछ । जमिनमाथिका तीन तल्ले सडकदेखि जमिनमुनिको मेट्रो रेल, ६ वटा चक्रपथ, दुई, तीन तल्ला माथिका ठूला र आधुनिक विशाल राजमार्ग, राजमार्गको बीचमा विशाल-विशाल र निरन्तरका बगैँचा, सडक वरिपरि पूरै हरियाली, वन, बोटविरुवाले सुसज्जित देखिन्छन् । २ करोड साठी लाखभन्दा बढी जनसङ्ख्या भएको बेइजिङ अति सुन्दर र सफा देखिन्छ । विश्वका मानिसहरूको भ्रमण गर्ने र चर्चाको सूचीमा अग्रस्थानमा रहेको ग्रेटवाल र तेयानमेन स्क्वायर (प्लालेस म्युजियम) बेइजिङमै रहेकाले पनि त्यहाँको भ्रमणले थप रौनकता थप्ने नै भयो । सडकमा कतै ट्राफिक देखिँदैनन् तर पनि कसैले नियम उल्लङ्घन गरेको देख्नै पाइन्नँ । माग्ने, जोगी र मगन्ते देखिन्नन् । खाते र सडकपेटीमा रात काटने कतै भेटिन्नन् । तोकिएदेखि बाहेक पार्किङ गरिएको पाइन्न । फोहोर कसैले तोकिएको स्थानदेखि बाहेक फाल्दैनन् । सामान्य जस्तो लाग्ने त्यस्ता विषयले पनि नेपालीको चाहिँ ध्यान तान्ने रहेछ । बेइजिङमा रहेको समर प्यालेस नामको विशाल पोखरी र मन्दिरमा दैनिक हजारौँले भ्रमण गर्ने गर्दा रहेछन् ।

सन् १९४९ देखि जनवादी गणतन्त्र भएको समाजवादी चीनको शासन प्रणाली विश्वमा अभ्यास गरिएका शासनहरू भन्दा अलग्गै खालको देखिन्छ । एकात्मक शासन भए पनि कतिपय प्रान्तलाई स्वायत्तता दिइएका छन् । अर्कोतर्फ हङकङ

र मकाउमा प्रजातान्त्रिक शासन प्रणाली समेत लागू गरिएको छ । राज्य प्रणाली अति नै सफल, बलियो र सुदृढ देखिन्छ । राज्य, शासन र पूरै प्रणालीप्रति चिनियाँ नागरिकको पूर्ण विस्वास र भरोसा देखिन्छ । राष्ट्रपति जिनपिङको विचारको कार्यान्वयन पूराका पूरा भएको प्रस्ट देख्न सकिन्छ । देशको संविधान र कानूनको पूर्ण पालना गर्दै आफ्ना निजी कर्तव्य, कार्य र दायित्व पूरा गर्ने कुरामा चिनियाँ नागरिक प्रतिबद्ध र बफादार देखिन्छन् । सोही कारण राज्यका नीति, निर्देशन तथा आदेश पूर्णरूपमा लागू हुँदै आएकाले पनि मुलुक थप समृद्ध बन्दै आएको हुनुपर्दछ । भौतिक र पूर्वाधार विकासमा चीनले चमत्कार गरेको जतातते अनुभव गर्न सकिन्छ । सडक, रेल, पुल, विज्ञान, भौतिक निर्माण, हरियाली, सरसफाइ, वातावरण, योजना, नीति निर्माण तथा मानवीय विकासमा चीन द्रुत गतिले अघि बढिरहेको देखिन्छ । सन् १९७८ पछि राष्ट्रपति देङस्यायो पिङले उदार अर्थनीति लागू गरेपछि चीनले भौतिक र आर्थिक वृद्धिमा चामत्कारिक सफलता पाउँदै आएको हो । राजनीतिक स्थीरता, सुशासन, नियन्त्रित शासन प्रणाली, सक्षम र बलियो समााजवादी राज्य प्रणाली चीनका प्रमुख विशेषता हुन् । विकास, समृद्धि, सुशासन र सम्पन्नताको लागि राज्य बलियो र स्थिर हुनुपर्ने रहेछ भन्ने कुरा चीनको चामत्कारिक भौतिक विकास तथा सुशासनको उदाहरणबाट प्रस्ट देख्न सकिन्छ ।

राजनीतिक आन्दोलन, सामाजिक सङ्घर्ष, द्वन्द्व, हिंसा, सामाजिक विकृति, कुसंस्कार जस्ता पछौटेपनका सङ्केतहरू चीनमा पटक्कै देखिन्नन् । विशाल भूगोल र जनसङ्ख्या भएकाले गरिब, गरिबी र कम आय भएका भूभाग छन् । तर पनि प्रत्येकलाई राज्यले निर्माण गरेका विशाल भौतिक निर्माण र सेवाबाट सुविधा प्रदान गरिएको प्रस्ट देखिन्छ । जस्तो विशाल र ठूला सडक, रेल, पुल, बस्तीहरू, सिंचाइ, नहर, पर्यटकीय स्थल आदि । एक अरब चालिस करोड भन्दा बढी जनसङ्ख्या भएको चीनले भौतिक विकासको क्षेत्रमा गरेको र गर्दैरहेको अनेकौं त्यस्ता चमत्कारले विश्व चकित हुने अवस्था छ । आगामी दिनमा उसले अझै नवीन चमत्कार देखाउने सङ्केत देखिन्छन् । विश्वको ठूलो जनसंख्या र विशाल भूगोल भएर पनि चीनको शासन प्रणाली स्थिर, सफल र समृद्ध देखिन्छ । विकास, सुशासन र समृद्धिमा चीनबाट धेरै पक्षमा नेपालले सिक्न सक्नु पर्दछ, सिक्न सक्दछ । मुलुकको विकास, समृद्धि तथा समग्र परिवर्तनको लागि राजनीतिक शासन प्रणाली महत्त्वपूर्ण हुने भए पनि त्यो मात्र अन्तिम हुने होइन भन्ने कुरा एकात्मक र उसले उसको अलग्गै खालको भन्ने गरेको समाजवादी शासन भएको चीनबाट प्रस्ट देख्न र अनुभव गर्न सकिन्छ । मुलुक विकसित

र सम्पन्न भएपछि राजनीतिक द्वन्द्व, सङ्घर्ष र झगडा गरी बस्ने फुर्सद पनि कसैलाई नहुने रहेछ भन्ने कुरा चीनको शासन प्रणालीको अनुभवबाट जान्न सकिन्छ ।

विशाल-विशाल पहाडका जङ्गलहरूमा हजारौँ हजार हावाबाट चल्ने टरवाइनबाट बिजुलीको उत्पादन हुँदै गरेको प्रस्ट देखिन्छ । त्यतिमात्र होइन समुन्द्र भएका ग्वान्झाओलगायतका राज्यका समुन्द्रमा समेत त्यस्ता हावाबाट संचालन हुने बिजुलीका पंखा घुम्दै गरेको देखिन्छ । भूमि, जलस्रोत, हिमाल, पहाड, वन, जङ्गल तथा प्रकृतिद्वारा उपलब्ध हुने विषयहरूलाई मानवको हितमा र प्रकृतिको पूरै संरक्षण हुने गरी सदुपयोग गर्ने गरिएका छन् । गोलिन शहरमा रहेका पहाडहरूलाई राज्य र नागरिकले विकास र समृद्धिका नाममा प्रकृति भत्काउने होइन बरु पूरै संरक्षण गरेको देखिन्छ । नेपालका पहाडमा मकै छर्न ठिक्क पारिएका बारीका पाटाहरूमा डोकाबाट घोप्टाइएका घरेलु गाइवस्तुका मल घोप्ट्याए जस्ता हजारौं हजार पहाड र पहाडी चट्टानको संरक्षणमा चीन सरकार गम्भीर देखिन्छ । पहाडका फेदीमा शहर बसाइएका भए पनि पहाडको प्राकृतिक बनौटलाई जस्ताको तेस्तै मात्र राखिएका छैनन्, पहाड छेक्ने गरी ठूला र अग्ला भवन निर्माणमा पनि रोक लगाइएका छन् । पहाड नछेक्ने स्थानहरूमा भने विशाल गगनचुम्बी भवन निर्माण भएका देखिन्छन् ।

ग्वान्सी प्रदेशमा डोम आदिवासी जातिको बाहुल्य देखिन्छ । उनीहरूका संस्कृति, संस्कार र सभ्यतामा भनिँदो रहेछ– 'डोम जातिका मानिसहरू तीन दिनसम्म कुनै पनि मासु नखाई बस्न सक्दछन्, तर एक दिन पनि आफ्ना गीत–संगीत नगुनगुनाएर बस्न सक्दैनन् ।' अर्थात् उनीहरूलाई आफ्ना गीत, संस्कृति, भाषा र सभ्यताप्रति अगाध प्रेम रहेछ । प्रकृतिले पूरै साथ दिएको ग्वान्सी प्रदेश विकास, समृद्धि, सफलता र प्रगतिमा बिजुली गतिमा दौडिरहेको अनुभूति हुन्छ ।

राज्य र राज्य सञ्चालन गर्ने कम्युनिष्ट पार्टीको मूल नेतृत्वमा दूरदृष्टि, लक्ष्य, योजना, नीति, कार्यक्रम देखिन्छ । त्यो हो–चीनलाई सम्पन्न बनाउने । नागरिक र प्रत्येक जनतामा आफ्ना दायित्व, कार्य, काम र जिम्मेवारीपनको पूर्णतः बोध भएको अनुभूति भयो । कसैले कहीँ कसैप्रति गुनासो गरेको, आलोचना र दुखेसो गरेको पटक्कै देख्न र सुन्न पाइन्नँ । प्रत्येक चिनियाँ आफ्नो काम, कार्य र अनुशासनप्रति गम्भीर देखिन्छन् र प्रत्यक्ष निगरानी नभई आफ्ना काम र दायित्व पूरा गर्दछन् । राज्यसत्ता र शासनमा चिनियाँ कम्युनिस्ट पार्टीको पूर्ण नियन्त्रण देखिन्छ । विशाल जनसङ्ख्या र भूगोल, अनेकौँ विविधता, प्राकृतिक र भौगोलिक

दृष्टिले अनेकौँ दृष्य, भौतिक विकासका अनेकौँ पक्ष र क्षेत्र, विज्ञान, कला, खेलकुद, सभ्यता, संस्कार र संस्कृतिदेखि प्रत्येक चिनियाँमा भएको स्वनियन्त्रण तथा स्वअनुशासनले चीन बनेको रहेछ । चीन आफैँ वर्तमान चीन भएको रहेनछ । चीनलाई ऐतिहासिक क्रान्ति, दूरदृष्टि भएका नेता, राजनीतिक नेतृत्व, नीति, कार्यक्रम, योजना र सही कार्यान्वयनले खास चीन निर्माण भएको रहेछ । प्रत्येकले आफ्ना दायित्व र जिम्मेवारी पूराकापूरा लागू गरेपछि मात्र मुलुक र समाज बन्ने रहेछ । मुलुक बनेपछि त्यहाँ व्यक्ति, नागरिक र मानिस पनि धनी, सक्षम, सभ्य, सुन्दर तथा सबै दृष्टिले सक्षम एवम् सफल बन्ने रहेछ भन्ने कुराको प्रत्यक्ष अनुभव चीनको भ्रमणबाट प्रस्ट देखियो, अनुभूति भयो । चीनको भौतिक र मानवीय विकास, समृद्धि र प्रगतिबाट चीन घुम्ने कुनै पनि विदेशीको मन चसक्क काटिने रहेछ । एउटा नेपालीको मन त झनै काटिने नै भयो ।

प्रत्येक मुलुकको आफ्नै इतिहास, भूगोल, क्रान्ति, सभ्यता, संस्कृति, जनसङ्ख्या, शक्ति, क्षमता र वास्तविकता चाहिँ फरक हुने नै भयो । यस दृष्टिमा नेपाललाई चीनसँग हुबहु दाँजेर नेपाल धेरै पछि परेको भन्ने सोच्नु र ठान्नु चाहिँ अन्याय हुन्छ । नेपालको आफ्नै भूगोल, इतिहास, समाज, क्षमता, प्राकृतिक र भौतिक अवस्थाको कसीमा नेपाल र नेपाली समाजलाई मूल्याङ्कन गर्नु ठीक हुन्छ । चीनको देखेर नेपालमा केही पनि हुँदैन, भएन भन्ने सोच्नु पनि सही चाहिँ होइन । नेपाल र नेपाली समाजले पनि प्रगति गरेको छ । तर कछुवा गतिमा । यद्यपि तुलनात्मक दृष्टिकोणले हेर्दा चीन, चीनको प्रणाली र संस्कृतिबाट धेरै कुरा सिक्न सकिने अवस्था छ । जे होस चीनको भ्रमण गर्ने जो कोहीको पनि उसको प्रगति देखेर मनचाहिँ चसक्क-चसक्क भने हुन्छ, हुन्छ । विकास, समृद्धि, शासन र प्रगतिको अध्ययनको लागि विश्वको एउटा विशाल विश्वविद्यालय रहेछ चीन ।



# आजको मान्छे

ताराप्रसाद वस्ती

जानी–नजानी सत्मार्ग छोडेको छ आजको मान्छेले
जल, जमिन र वायु एकैचोटि प्रदूषण गर्दै
चाँडै नै यो धर्तीलाई बस्न अयोग्य बनाउन
तल्लीन छ आजको मान्छे
र चाँडै नै बस्ती बसाल्न अन्तरिक्षमा
कटिबद्ध छ मान्छे हरदिन हरक्षण
खोज अनुसन्धानमै जीवन समर्पण गर्दा पनि
नभेटेर उपयुक्त यस्तै धर्ती अन्तरिक्षमा
हायलकायल भएको छ मान्छे
तैपनि सोच्दैन आफ्नै आमाको काखलाई
चिन्तन गर्दैन केही यो धर्तीको साख जोगाउन ।

धर्तीको दोहन गर्नमै व्यस्त छ मान्छे आज
पाल्दै अनन्त सोख सुखसुविधाको
सय कमाउन लाखौँ पनि खर्च गर्दै
स्रोतहरूको दोहन र धर्तीको विनाशमै
तल्लीन बन्दै छ मान्छे
नचिनेरै आफ्नै आमाको काख रित्याउन
चलाउँछ सवारी–आफूलाई महान् ठान्दै
चलाउँछ उद्योग कलकारखाना यसरी कि
आफैले बनाएको कानून आचारसंहिता केही मान्दैन ऊ
धर्ती रक्षाको आवश्यकता ठान्दैन ऊ
गर्छ फोहोर जतातते फाल्छ जथाभावी
र दुर्गन्धित पार्छ–जल, जमिन र वायु एकैचोटि ।

बाटोघाटो पुलपुलेसा बनाउँदा ऊ
आफूलाई के ठान्छ कुन्नि
लडाउँछ कलकलाउँदा बोटबिरुवा र रुखहरू सबै
र पाछ र्जमिन उजाड र उराठ
यसरी नै विकास निर्माणको ढ्वाङ फुक्छ
उडाउँछ धुलो धुवाँ, सारालाई आलसतालस बनाउँदै
सारा जीवको जीवनलाई आक्रान्त बनाउँदै
अनि धाक लाउँछ समृद्धिको
तर थाहा पाउँदैन–
विपत्तिलाई निम्ता दिँदै गरेको आफ्नो कर्म ।

बेमौसमको बाढी, पहिरो र खडेरीबाट
चिन्तित पनि बनिटोपल्छ ऊ कहिलेकाहीँ
तर चिन्तन केही गर्दैन
कसरी आउँदैछ बेसमयको समय भनी
अनि गाली बर्साउँछ वेफ्वाँकमा
अदृश्य ईश्वरको नाममा
छिनछिनमा रङ फेर्ने जीवको जस्तै स्वभाव देखाउँछ ऊ
जब भेट्दैन अक्सिनको यथेष्ट मात्रा वायुमा
जब भेट्दैन पानी धारा, कुवा र खोलामा
अनि पुकार्छ उही अदृश्य ईश्वरलाई
घोरिन्छ र भन्छ हे ईश्वर हैन यो गर्दैछौ ?

यसरी नै ऊ ईश्वर रिसाए कि भनी ध्यान गर्छ
पूजा गर्छ, आराधना गर्छ
र अन्तमा शरण पर्छ उही अदृश्य ईश्वरको
जसले कहिल्यै कतै अन्याय गरेकै हुन्न ।

कहिल्यै कसैलाई कुनै दुःख दिएकै हुन्न
अनि फेरि घोरिन्छ र चिन्तित बन्छ ऊ
जति घोरिए पनि, जसरी जहाँ जसको शरण परे पनि

देख्दैन सुधारका कुनै पालुवाहरू
भेट्दैन कतै आशाका चिह्नहरू

तैपनि फर्कँदैन आफ्ना कर्मकुर्मको विगततिर
हुङ्कार गर्छ बडो शानले
मौसम बदल्ने, पहिरो रोक्ने, नदी छेक्ने र अन्तरिक्ष टेक्ने
तर सोच्दैन कहिल्यै विकास र समृद्धिका काम गर्दा
आफूले गरेका गल्ती कमीकमजोरीहरू
सोच्दैन धर्तीको संरक्षण गर्ने कुरा
आफूसँगै सबैको रक्षा र हितको कुरा
मुर्ख्याइँ गर्दै निरन्तर अझै अघि बढ्छ
लाग्दैन कहिल्यै सच्चिनतिर
धर्तीबाट धेरै जीवको वंश नाश भएको
अझै ध्यानमा राख्दैन ऊ यस्ता कुरा
र निरन्तर खनिरहन्छ
आफैँ जाकिने अनन्त गहिरो खाल्डो
दिनपरदिन अझ मूर्ख, महामूर्ख बन्दैछ आजको मान्छे
यसरी नै आफ्नो पतनको मार्ग आफैँ खन्दैछ आजको मान्छे ।

---

कविता

## कसले के बुझेको छ ?



रत्नकुमार श्रेष्ठ

कसैलाई पुग्दैन
कतिले पुग्ने हो ?
कति भए हुने हो ?
यसलाई
न लिनेले सोचेको छ
न दिनेले बुझेको छ
लिने र दिने बीच
लिने दिने काम भएको छ
कहीँ उज्यालोमा
कहीँ अँध्यारोमा
दुवै चुपचाप छन् ।

लिनेले लिएकै छ जसरी पनि
दिनेले दिएकै छ जसरी पनि
कति आँखाले बोल्दै
कति भाकाले भन्दै
कति इसारा गर्दै
मान्छे किन यस्तो ?

मान्छे झुटो बोल्दै
दिउँसो अँध्यारो भन्दैछ
राति उज्यालो खोज्दैछ
बिना काम सम्पत्ति थुपार्दैछ
विदेश पठाउँदैछ
फर्कनेको ठेगान छैन
आशा गरी बाँचेको छ
कति वर्ष यसै बित्ने छ
कसले के बुझेको छ ?

**नेपाल विद्युत प्राधिकरण**

# आगो

माधव घिमिरे 'अटल'



ओढेर भावावेशका उपर्ना
छेक्न खोजियो भने घामका पाइला
बोकेर आवेग र उत्तेजना
आरोहण गर्न खोजियो भने
अहङ्कारको अल्पजीवी रथ
बसेर सिसमहलमा बास
उजाइयो भने कठोर पत्थर
मारेर फुइकीको फन्को
तय गरियो भने नागबेली यात्रा
टुट्न सक्छ, महोदय ! कुनै पनि बेला
मुटु बालेर खन्याइएको अमित माया ।

रागीनासे राजनीतिक यात्रामा
अनेक फेहरिस्त छन् महापतनका
परिवार मोहले निम्त्याएका
दर्जनौँ पहेलीहरू छन् द्वन्द्वका
जो खुलस्त खुल्न सकेनन् आजतक ।

मन्दिर र मूर्तिको यो विशाल बगैँचामा
कसैले खोजेको होइन
भीडको तालीमा छमछम गर्ने
उत्तेजक भक्तहरूका
आज्ञाकारी भगवान्
अपराधलाई आदर्शीकरण गर्ने
अपकारी पिताजी

नग्न तनहरूलाई ललकार्ने
निर्विवेक नीति निर्माता ।

हो, महोदय !
खडा हुन सकिएन भने कुनै पल
जनजनले राखेको धीरताको धरामा
झ्याप्प निभ्ने छ आशाको किरण
पिटिक्क भाँचिने छ भरोसाको भाटो
स्वाट्ट सकिने छ संयमको इन्धन
ह्वार्र सल्कने छ विश्वासको छहारी ।

टाक्सिएको जीवनको चाक्लो फाँट छिचोल्न
पत्थर बनाएर नौनीसरि मन
एक हर धरो र एक पेट चारोका निम्ति
शहर छिरेका अप्रसन्न अदना
जसरी डुबाइदै छन् आँसुको दहमा
राखिरहेछन् तिनले पाई पाईको फाँटवारी
परिदग्ध मनको अमिट बहीमा
नजलाऔँ महोदय !
कसैको मुलायम मुटु
हातमा छन् भन्दैमा अधिकारका झिल्का ।

महाशय,
नफोसौँ रिसको आगो
उहिल्यै जलेको सिंहदरबारमा
उसै गरी हुनहुनाएर हाने भने
हठधर्मिताको एकलव्य अग्निवाण
अग्निपथका आक्रोशित पथिकहरूले
के गत होला यहाँको
विशालकाय मनोरम महल ?

# हिल्सा तिमी पत्थर बनेछौ



**सानुराजा श्रेष्ठ 'अन्जान'**

**(समर्पण : साहसी एकलयात्रु सिर्जना सिज्जुमा)**

मान्छेले मन पत्थर बनाएकै हो
शोषण दोहन तिमीमाथि गरेकै हो,
अन्ततः झाडी बुट्यानमा निखेछौ तिमी
खै कहाँ गए देवदार र धुपीका वृक्षहरू ?

तिम्रै छाती फोडीफोडी – विकास गुडाएर
पुऱ्याएँ भन्छ मान्छे,
लेकदेखि हिमालसम्म टावर गाडेँ
भन्छ मान्छे,
संवेदनाहीन मान्छे भएकै हो,
मान्छेले मन पत्थर बनाएकै हो ।

भुईंमान्छे हिमाल, हरिया पहाड देख्दा
आँसु चुहाउँछ सुन्दरतामा
स्वार्थी यति किन कोही हुन्छ भौतिकतामा ??

ए हिल्सा ! तिमी फेरि ढुङ्गे युगमा फर्किएछौ
लमतन्न पत्थर भएछौ भिरमा –
यामान अजङ्गका पहराहरूमा
तिम्रा छातीबाट बगाएर खानीका भेलहरू
अन्ततः झाडी बुट्यानमा निखेछौ तिमी
पत्थरै पत्थरको सिरानीमा छौ तिमी
दुःखी छु म, हिल्सा तिमी पत्थर बनेछौ ।

**पशुपति देउपाटन, पाचाटोल**



# अतृप्तका पाँच मुक्तक

विष्णु आचार्य 'अतृप्त'

१.

ठूलाबडासँग ढेस्सिएर फोटो खिचेको मात्र देखिन्छ
रोलक्रम फुत्त उछिनेर पालो मिचेको मात्र देखिन्छ
खोज्नै चाहँदैन कोही आफ्नो नाभीको सुगन्ध अझै
शिर राखेर ओखलमा मुसलले किचेको मात्र देखिन्छ ।

२.

एक्लै टाउको जोतिरहेर मात्र के हुन्छ ?
आँसुले सागर पोतिरहेर मात्र के हुन्छ ?
व्यर्थ हुन् हुन त यी सारा गोरखधन्दा पनि
फेरि मनमा यस्तै सोचिरहेर मात्र के हुन्छ ?

३.

तन–मन–धन सबथोकको लगानी परेको हुन्छ
मानौँ कि पसिनामै नुहाउने बानी परेको हुन्छ
गधा,गोरू बनिँदै जब बुढेसकाल लाग्न थाल्छ
हरेक हातमा एकुन्टा फिकदानी परेको हुन्छ ।

४.

आगो फुक्न चुलो बाल्न,हाम्लाई पनि आउला नि
दुना गाँस्न भित्तो टाल्न, हाम्लाई पनि आउला नि
ओथारोमा तिमी बस्दा, गुँडमा चारो टुट्छ र पो
अचार साँध्न पिठो चाल्न, हाम्लाई पनि आउला नि !

५.

जहाँ,पसिनाको कम अत्तरको बढी, सुवास मन पराइन्छ
र, हातभन्दा धेरै मुख चलाउनेलाई, खास मन पराइन्छ
त्यहाँ, लक्ष्मी र सरस्वतीको बास, हुँदैहुँदैन बुझिराख्नुस्
जहाँ, घैया धानभन्दा पनि आयातीत, भटमास मन पराइन्छ ।

**विदुर–५, नुवाकोट**

# चेतना



अनिता कोइराला

छोरीको दाँत जँचाएर हामी निस्कियौँ । छोरीलाई आइसक्रिम खान मन लाग्यो भन्दै भुइँमा खुट्टा बजार्न थालिन् । काठमाडौँको जनजीवनलाई चिसोले कक्र्याउन थालिसकेको थियो । रुघाखोकीको डरलाग्दो कहर लिएर कोरोनाले अझ चियाउन छोडेको थिएन ।

साँझको बेला भएर मनमा तर्कवितर्क खेल्न थाल्यो । नेपाली बाउ न परेँ, प्वाक्क बोली हालेँ–

"खोकी लाग्छ हुँदैन आइसक्रिम खान ।"

दाँत फुकाल्दा पनि हाँसिरहेकी छोरी मेरो बोलीको गोलीले निन्याउरी भई ।

हतार हतार फकाउन थालेँ–

"मेरी छोरी कति ज्ञानी छ । भर्खरै दाँत उखलेर आएको तिमीलाई गाऱ्हो हुन्छ, चिसोले अँठ्याउँछ, भरे ज्वरो आयो भने ? बाबाले माया गरेर पो आज चिसो आइसक्रिम नखाऊ भनेको त ।" बलढ्याङ्ग्रा आँखाले हेर्दै छोरी तर्की –

"हजुरलाई मात्र जम्मै कुरा थाह छ है ! हजुर डाक्टर हो ? : खुब ! पैसा धेरै खर्च भो भनिस्यो न बरू। फिल्ममा दाँत उखल्दा आइसक्रिम खान्छन् , डोरेमोनले पनि खान्थ्यो, पत्याएँ खुब ! हजुर मात्र त्यसो भनिसिन्छ । कट्टी हजुर मसँग नबोलिस्यो ।" झ्यालतिरको सिटमा ठुस्स परेर छोरी बसी । घर पुग्दासम्म पनि छोरी बोलिनँ ।

'भोलि भन्दै नभनी ल्याइदिन्छु, ब्ल्युबेरी आइसक्रिम भनेपछि भुतुक्कै हुन्छे' मनमनै सङ्कल्प गरेँ ।

गेट खोल्न नपाउँदै आमा कड्किनु भयो–

"कसैले नपाको छोरी पाका र'छौ, जाबो हल्लेका दाँत उखाल्न पनि डाक्टरकाँ लानुपर्ने, बाँच्नु मात्र पर्छ दैव के के देख्नु पर्ने हो अब । तिमेर्का जम्मै दाँत

हल्लिने बित्तिकै फुतुफुतु उखाल्दै बारीतिर घुयँत्रो हान्थेँ, खोई दाँत टमक्क मिलेकै छन् क्यार ।

अहिलेका बाआमा छोराछोरीलाई केही हुनुहुँदैन आफैँ ऐयाआत्थु गर्छन् के भन्नु !

हे भगवान् ! ऊ बेलामा घरमा नै फुकाल्दा पनि कसैलाई केही हुँदैनथ्यो । तिमेर्का पैसा घैर भाका । छोरी मान्छेले अलिकति दुः ख र पीडा सहनु पनि पर्छ ।

"कहीँ नभाको जात्रा हाँडी गाउँमा"। भनेको यही हो । यस्ताले भोलि नानी पाउँदा के गर्छन् ? भुम्राका पुतलीहरू । धेरै माया गरेका छोरछोरी काम लाग्दैनन् । अहिलेदेखि नै पुल्पुल्याउँदा पछि टाउकामा चढ्छे, अनि थाहा पाउलास् । छोरी हो अर्काको घर गरेर खानु पर्छ । हुन त म झ्याउरी बुढीले भनेको कसले पो टेरपुच्छर लाउँछ र यहाँ । बेकारको कपाल दुखाउनु पर्ने मैले। आफू बाऱ्ह वर्षकै उमेरमा घर खान आइयो, भर्खरै नानी पाएर ठमठमी हिँड्दै, एक भारी फोहोर लुगा धोएर आउँथे । अचेलका बोइलर पोथीका ढाँचै बेग्लै ।" फतफताउँदै आमा आफ्नो कोठातिर लाग्नु भयो ।

सृजना आमाका जम्मै कुरा सुनेर हाँसी रहन सक्छे तर मलाई कहिलेकाहीँ आफ्नै आमाका यस्ता बकम्फुसे कुराहरू सुनेर भनक्क रिस उठ्छ । के भा'को होला सृजनाले पो मलाई बारम्बार सम्भाउँछे त –

"आमाले देखेको, भोगेको समाजले आमालाई नराम्रोसँग जकडेको छ । भलै आज काठमाडौँमा बस्नु हुन्छ तर मुटुमा आजभन्दा पचास, साठी वर्ष अघिको समाज बोक्नु भएको छ । संस्कार परिवर्तन गर्न गाऱ्हो छ । आजको समाज, आजको समय, माग र बालमनोविज्ञानलाई आमाले स्वीकार गरेर आफ्नो जीवनमा अपनाउन कहिल्यै सक्नु हुन्न अब । सायद मान्छेले सुख चाँडै भुल्छ तर दुःख कहिल्यै भुल्न सक्दैन । आमाले निकै दुःख गर्नु भएको छ त्यसैले हो । हजुर र मैले अब यो उमेरमा वहाँलाई परिवर्तन गर्न कदापि सक्दिनँ । त्यसैले आमाको स्वभाव जस्तो छ त्यसैलाई स्वीकार्न सक्यो भने मात्र हामीलाई शान्ति मिल्छ । आमाले आजको चलन, परिस्थिति, बाध्यता र बच्चाहरूको मनोविज्ञान बुझ्नुहोस् भनेर बेकारमा किन टाउको दुखाउनु हुन्छ ? आफ्नो काम धन्धामा लाग्नुस् ।

आमालाई माया र सम्मान मात्र गर्नुस् । आमाको स्वभाव परिवर्तन गर्न नखोज्नुस् । आमाको राम्राराम्रा कुराहरू मनन गर्नुपर्छ । नराम्रो कुराहरूलाई नजरअन्दाज गर्नुपर्छ अब बुढी हुनुभयो ।" सृजना मलाई थुम्थुम्याउँदै थिइन् ।

"नानीलाई फेरि अर्को हप्ता ल्याउनू भन्नु भएको छ दन्तचिकित्सकले । बङ्गारा किराले खाएको रहेछ । अहिले उखल्नु हुँदैन रे त्यसलाई अस्थायी रूपमा भर्नु पर्छ भन्नु भएको छ । अरू दाँतहरू पनि हल्लिएका रहेछन् । हल्लिएका दाँत पनि अस्पतालमै निकाल्दा पछि राम्रोसँग मिलेर आउँछ रे, जबर्जस्ती गर्दा कहिलेकाहीँ अत्यधिक रगत बग्न पनि सक्छ रे । एउटी त्यस्तै सत्र-अठार वर्ष जतिकी हुँदिहुन्, मान्छे असाध्यै राम्री हेरिरहुँ जस्ती तर के गर्नु मुखभरि उछिट्टिएका र खप्टिएका दाँतले बिचरीको हाँसो नै लुटेर लगेछ । कस्तो माया लागेर आयो ती नानीको । पछि आउने दाँतहरूलाई ठाउँ नपुग्दा तलमाथिबाट दाँत आउने हुन्छ रे । डाक्टरका कुरा सुनेर ती नानीका आँखाबाट हर्षका आँसु नै पोखिएको देखेँ । डाक्टरले त्यस्तै दाँतको उपचार गरेका रहेछन् । उपचार अगाडि र उपचार पछाडिको फोटोहरू देखाउँदै ती नानीलाई सम्झाउँदै थिए –

"हेर त नानी यो फोटोमा तिम्रो जस्तै दाँत थिए । समयमा दन्त चिकित्सकलाई भेट गर्दा जम्मै समस्या समाधान भए । उपचारको क्रममा अनावश्यक दाँत उखल्यौँ र बाँकी दाँतलाई बाँधेर सबै ठीक पा¥यौँ । ल त आजदेखि केही चिन्ता लिनु पर्दैन दाँतको लागि । तिमी पनि समयमा आएकी छौ । तिम्रा सबै दाँत ठीक हुन्छ है । दाँत बाँधेपछि सा¥हो कुरा चाहिँ नखानू । डाक्टरको सम्पर्कमा रहनू । खानपिन र दाँतको सरसफाइमा विषेश ध्यान राख्नु पर्छ । दाँतको एक्सरे हेर्दै डाक्टरले भने– "दुईवटा दाँत आज उखेल्दिन्छु । औषधी लेखिदिएको छु, इन्फेक्सन नहोस् भनेर । पर्सी आउनू ।" ती नानी खुसी भएर हाँसेको देख्दा आफ्नै छोरी खुसी भएको जस्तै लाग्यो ।

अर्को हप्ता आमालाई नभनी लैजाउँला नत्र फेरि कराउन थाल्नु हुन्छ । त्यसै चित्त दुखाउनु हुन्छ । मैले भनेको कोही टेर्दैनन् भनेर सोच्दा सोच्दै सुगर, प्रेसर बढ्छ, बरू थाहा नै नदिई जाउँला पाप लाग्दैन ।" बुढाबुढी गन्थन गर्दै थियौँ, कति खेर बिहान भयो पत्तै भएन ।

आमा हिजैदेखि गुम्म हुनुहुन्थ्यो । आमालाई सन्चो भएन कि क्या हो भनेर सृजनाले सोधी –

"आमा हजुरलाई सन्चो भएन हो ?" आमा ठस्किएर बोल्नुभयो ।

"सन्चै छ, राति निद्रा राम्रोसँग परेन त्यसैले अलि झुरझुर भा' छ ।"

"आमा ! आज हामीलाई एकैछिन असनतिर जानु छ । खाजा बनाएर राखिदिएकी छु । फलफुल पनि धोइवरी ठीक्क पारेकी छु । तीनचार घन्टा आराम गर्नू । पछि

नातिनी आउँछे आफू पनि खानू नानीलाई पनि जुस र नरम कुरा खान दिनू है ! हामी आउन ढिलो हुनसक्छ ।" यति भनेर आमालाई सम्झाई बुझाई हामी किनमेल गर्न असनतिर गयौँ । असन गएपछि जति चाँडो गर्छु भन्दा पनि तीन त बजिगयो । हतारिँदै घर आउँदा चार बजिसकेको थियो ।

गेटमा आएर घन्टी बजाउन मात्र के लागेका थियौँ । छोरीको कहालिएको आवाजले सात्तो गयो । धन्न गेट खुल्लै रहेछ । सामानहरू असरल्लै छोडेर दगुर्दै बैठकमा पुग्दा त मुखभरि रगत लतपतिएको अवस्थामा नानी लडिरहेकी । आमा कालोनिलो भएर हडबडाउँदै बोल्नु भयो- "केही भा'को छैन, हल्लिएको दाँत फुत्त निकाल्देको त्यही भएर रोएकी हो ।" भन्दै आमा अचम्मसँग हाँस्न थाल्नु भयो ।

हामी तीनछक्क पर्‍यौँ । हिजो भर्खर दाँत उखालेर आएको घाउ भरिएको पनि थिएन । अर्को हप्ता मात्र उखल्नु पर्छ भनेर डाक्टरले सल्लाह दिएका थिए ।

बुढी माउको कस्तो उपद्रव हो । हे भगवान् भन्दै छोरीलाई उठाउन गएँ । मेरो होस् उड्यो नानी त बेहोस भएकी रहिछ । हतार हतार अनुहारमा सृजनाले पानी छम्केर उठाई । आँखा त खोली तर गाला सुन्निएर भोगटे जस्तै भएको, ओठबाट रगत बगिरहेको सेतोफुस्रो अनुहार देखेर आमा रुँदै बोल्नु भयो- "बाबु मबाट गल्ती भयो, जाबो हल्लिएको दाँतलाई किन डाक्टर चाहियो भनेर तिमेरू नभा बेलामा काम छिनाल्न लाग्दा यो गति भयो । मलाई किन काल नआको । ए सृजना ! एम्बुलेन्स बोला न । लैजाओ छिट्टो डाक्टरकाँ । लैजाओ न चाँडो । रगत रोक्ने औषधी मेडिकलबाट ल्याउँछु खान देओ । हे प्रभु ! हे पशुपतिनाथ मेरी नातिनीलाई जाती पारिदिनू एघार सयको दुध चढाउँछु । हे भोलेनाथ ।"

आमाको कोकोहोलोले घरै थर्किएको थियो । त्योभन्दा ठूलो साइरन बजाउँदै आँगनमै एम्बुलेन्स आयो । आमाले पनि अस्पताल जाने मन गर्नु भयो । एम्बुलेन्सभरि आमा एकोहोरो बोलिरहनुभयो

- "खाजा खान दिएपछि मैले नानीलाई केर्न थालेँ ।

"नानी हिजो कहाँ गएका थियौ, बजारमा के-के खायौ । कतिवटा दाँत निकालेको । अबदेखि नजानू है डाक्टरकाँ ।" मेरी बालख नातिनी मेरा कुरा पत्याएर जम्मै कुरा भन्न थाली

"जान्न अबदेखि म, आइसक्रिम त किन्दिनु भएन बाबाले । बाबासँग अब म कहिले जान्नँ पनि बोल्दा पनि बोल्दिनँ ।"

मैले जाती पल्टेर भनैँ-

"मेरी नातिनीलाई म किन्दिन्छु आइसक्रिम त्यो पनि ठूलो प्याजी रङको । भन त बा ! अरू दाँत पनि हल्लिएका छन् ? खोइ हेरौँ त ? खोइ हल्लाई हेरौँ त ?" फकाएर हातै नधोई अरू दाँत हल्लाएँ । मेरो बाबुले हजुरआमालाई विश्वास गर्दा यो गति भयो ।"

आमाको आँखामा पश्चातापको आँधी उठेको देखेर मैले पनि मन थाम्न सकिनँ अनि ग्वाम्ल्याङ्ग अगालो हारेर आमाका आँसु पुछ्दै भनैँ- "केही हुँदैन आमा चिन्ता नगर्नू सबै ठिक हुन्छ ।" मेरो स्पर्शले आमाको अनुहारबाट डर भागेको आभास भयो ।

---

कविता

# वीर्यान्तर



**सुनिल पुरी**

मैले कलम उठाएँ
र चोपलैँ विचारको रङ
लेखैँ एउटा कागजको किनारामा
बाबा आमाको नाम !

नाम गोलकार बनाएँ
बनाएँ त्रिभुजाकार
र टुक्र्याएर हेरैँ
टुक्रामा म पनि टुक्रिएँ
सबै टुक्रा टुक्रामा
फगत बाबा- आमा मात्र देखैँ

मेरो सानो बच्चा
भर्खरै वाक्यसँग
रमाउन थालेको थियो
मेरो मुटुको टुक्रा
पहिलो पाइलासँगै
चलमलाउन थालेको थियो
तिनै टुक्रालाई टिप्दै
पढ्न थाल्यो

यो टुक्रामा मेरो हजुरबा-आमा
यो टुक्रामा मेरो बा-आमा
अनि अन्तिम टुक्रा
उठाएर मसँग भन्यो
बा- आमा यो टुक्रामा
म पनि रहेछु
मात्र म पो रहेछु !



# मौनता भत्किएपछि

रोशन तिमिल्सिना

भत्किएपछि हरिया भरोसाका पर्खाल
धुलाम्मे छाती निर्वस्त्र देखाएर
मौनतामा उभिइरहेको छ पहाड

समयले बोकाइरहेको असमानताको भारी
कुर्कुच्चामा गाडिदिएको पुरातन किल्ला
बाँधिएका हातहरू, छोपिदिएका आँखा
जसले अस्थिर बनाएको छ परिवर्तनको यात्रा

मौन देखेर पहाडलाई
आधुनिकताले निरन्तर हिर्काइरहेछ
तर पहाडको मौनता भत्किएपछि
के रहला यो समयको अस्तित्व ?

धर्तीको कोखबाट जन्मिएर
आँखामै बगिरहेका आशावादी सपनाले
एकाएक पोल्न थालेपछि परेलोमा
मौनतासँगै बगिरहेछ नदीमा पानी

समयले मिसाइदिएको छ
धार्मिक युद्धको अपवित्र रक्तछिट्टा
पसिनाको सट्टा नुनिला आँसुका धर्सा
मिसाइदिएको छ– दुर्गन्धका अनुहार
छुट्टाइदिएको छ– ढुङ्गाहरूका मसिना कण

मौन देखेर नदीलाई
पिलाइरहेछन् जबर्जस्ती कालकूट
तर, नदीको मौनता भत्किएपछि
के रहला यो समयको अस्तित्व ?

यो जगत्ले फेरेको श्वासमा
रातारात थपिएपछि त्रासको मात्रा
मौन भएर एकोहोरो बहिरहेछ हावा

समयले अझै कोरिदिएको छ
बादलमा भविष्यको डरलाग्दो नक्सा
हावामा लोभले ग्रसित शहरको कोलाहल
निरीह, निर्दयीका डरलाग्दा चिच्याहट

मौन देखेर हावालाई
जिस्काइरहेको छ रूपान्तरित पखेटाले

तर, हावाको मौनता भत्किएपछि
के रहला यो समयको अस्तित्व ?

भित्रभित्र दन्किरहेको मनको रापले
भत्काउन थालेपछि ब्राह्मणको शक्ति
मौन ध्यानमा बसिरहेछन् बुद्ध

मौन देखेर बुद्धलाई
प्रहार गरिरहेछ अशान्तिको हतियारले

तर, बुद्धको मौनता भत्किएपछि
के रहला यो समयको अस्तित्व ?

मौनताको बाँधलाई
परिवर्तनको पर्खालले अडेस लगाउनुपर्छ
वा पूर्वावस्थामै छोडिनुपर्छ
नत्र के-के होला यी मौनता भत्किएपछि ?

**पोखरा, कास्की**



# मृत्यु ऐन

**आविष्कार कला**

मृत्यु ऐन श्रुति परम्परामा आधरित ऐन हो । यो लामो समयदेखि चलिआएको छ । २०७५ श्रावण २७ गते नेपाल विद्युत प्राधिकरणको सभाहलमा यो ठूलो उपस्थितिमा पुन सार्वजनिक भयो । सुनकोशीसँग जीवन र जुगल हिमालसँग सौन्दर्य बोध गर्नु भएका पुष्कर पुरीले परम्परालाई निरन्तरता दिन समाजलाई यो ज्ञान दिनु भयो । भोलिको समाजले मृत्यु ऐनको लेख्य प्रमाणका लागि आजका मितिमा मृत्यु ऐन दस्ताबेजीकरण गरिएको हो ।




परापूर्वकालमा सम्पूर्ण समाज एकदम सुव्यवस्थित थियो । त्यो समयलाई राम राज्य, आदिम साम्यवाद र वैदिक साम्यवादको रूपमा चिनिन्छ । राम राज्यमा जताततै सत्य मात्र थियो । जनतालाई काम गर्न सहज होस् भनेर सबै मन्त्रालय, विभागमा योग्यतम व्यक्तिले देश–समाज चलाउने गर्थे । आजको समाजमा जस्तो आफ्नो नाता–गोता आसेपासे भर्ना गर्ने चलन थिएन । क्षमता, योग्यता, दक्षता पुगेका व्यक्ति मात्र सम्बन्धित ठाउँमा नियुक्त गर्ने परम्परा थियो । त्यही भएर भनिन्छ– राम राज्यको समयमा सबै खुसी र सुखी थिए ।

त्यो बेलामा मन्त्रालय र विभाग पनि आवश्यकता अनुसार हुने गर्थे । एक व्यक्ति एक पद अनुसार एक व्यक्तिलाई एक मन्त्रालयको व्यवस्था थियो । त्यस मध्ये स्वर्गारोहण मन्त्रालय एक थियो । यो मन्त्रालय अरूभन्दा प्रभावशाली थियो । स्वर्गारोहण मन्त्रालयको जिम्मेवारी यमराजको जिम्मामा थियो । यमराज क्षमता, योग्यता, दक्षताका आधारमा उच्चकोटिका विद्वान थिए ।

यमराज आफैँमा एकदम सबल सक्षम र कुशल शासक थिए । मन्त्रालयको कार्य प्रकृतिले गर्दा उनी सधैँ अन्योलमा पर्दथे । पृथ्वीलोकमा घर परिवार इष्टमित्र समाजसँग हाँसी खुसी रमाईरमाई बसेका मानिसलाई कसरी धर्तीबाट स्वर्गमा पुऱ्याउने ? यहाँ आएपछि न फर्कन मिल्छ, न पृथ्वीको समाजमा जस्तो चालचलन यहाँ मिल्छ । आफ्नो पदको काम नगरौँ भनौँ भने लोकमा बेइज्जत, पुर्खाको अपमान हुने डरले यमराज पिर चिन्तामा थिए ।

चिन्ताले पीडित यमराज आफ्नै घरमा बसिरहेका थिए । त्यहीँ समयमा एकजना साधु त्यहाँ आइपुगेछन् ।

यमराजलाई सोधेछन्- "के पिरमा छौ स्वर्ग मन्त्री" ।

यमराजले आफ्नो समस्या बताए "न यहाँ कर्मचारी भर्ना गरेर काम गर्न सकिन्छ न आफैँले" ।

त्यसपछि साधुले भनेछन्- "तिमीले यो समस्याबाट मुक्ति पाउने एक उपाय छ ।" यमराजले भनेछन् "के उपाय छ प्रभु ।" अनि साधुले भनेछन् "हिमालबाट आएको पानी मात्र पिएर सात दिनसम्म यो यज्ञगिरि पर्वतमा ध्यान गर । त्यसपछि तिमीलाई ज्ञान प्राप्त हुनेछ ।"

अनि तिम्रो मन्त्रालयले गरेको फैसला युगीन हुनेछ । आजका मितिदेखि पृथ्वीको अन्तसम्म कँही कतै कहिल्यै विवाद हुने छैन । साधुको कुरा सुनेपछि यमराजले आफ्नो तयारी गरी यज्ञगिरितर्फ लागे । चारैतिर हिमाल देखिने अत्यन्तै सुन्दर पर्वतको सौन्दर्य वर्णन लेखी साध्य र भनी साध्य नभएको कुरा इतिहासका दस्ताबेजले बताउँछ । वर्तमानमा इतिहासकारहरूलाई पनि यमराजले तत्कालीन समयमा ध्यान गरेको स्थानको बारेमा यहीँ स्थान हो भनेर निक्यौल गर्न निकै कठिन भएको छ ।

लोकको लागि अति नै महत्त्वपूर्ण ज्ञान प्राप्त गरेपछि यमराज घरमा फर्केछन् । यमराजलाई उनकी श्रीमतीले उक्त ध्यानस्थलको वर्णन गर्नु भनेर निकै बल गरिछन् । यमराजले भनेछन्- "म घुम्न गएको होइन । जनताको कामका लागि त्यहाँ गएको हुँ । अहिले पनि जनताको काममा छु । जनताको कामको समयमा भए गरेका सबै प्रक्रियाहरू भन्नु कानून विपरीत हुन्छ । तिमीलाई भनेमा यो जनतामाथि सरासर अन्याय पनि हुन्छ । अन्तमा म भविष्यमा यो पदको लागि अयोग्य हुनेछु ।"

त्यसपछि यमराजले स्वर्गबासका लागि एउटा ऐन बनाएछन् । उक्त ऐन तत्कालीन समयको प्राकृतिक संविधानसँग नबाझिने गरी बनाएछन् । जसलाई आजसम्म मृत्यु ऐनका नामले चिनिन्छ । मृत्यु ऐनका बारेमा समाजमा हालसम्म एक मान्यता प्रचलित छ । मृत्यु ऐन मानव समाज रहेसम्म चलिरहोस् भनेर तिथि मिति नराखीकन यमराजले मृत्यु ऐन बनाए भनेर । त्यो ऐनमा दफा उपदफा केही उल्लेख गरिएको छैन । तत्कालीन समयका प्रचलित कानूनअनुसार यमराजले कार्यविधि मात्र बनाएको कुरा पनि श्रुति परम्परामा जीवित छ ।

यमराजको मृत्यु ऐनको कार्यविधि एक वर्षमा बाह्र महिना हुनेछन् । प्रत्येक महिनाको एक गतेलाई सङ्क्रान्ति भनिनेछ । वर्षभरिमा दुईवटा सङ्क्रान्तिलाई विशेष महत्वका साथ हेरिनेछ । साउने सङ्क्रान्ति र माघे सङ्क्रान्ति । वर्षभरिमा पृथ्वीका जनताका आवश्यकताको आधारमा जहिले पनि पानी पर्न सक्नेछ । साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिका दिन पर्ने पानी मृत्यु ऐनको नियममा रही पर्नेछ । साउने सङ्क्रान्तिमा घनघोर पानी पर्नेछ । जबसम्म पृथ्वीका सबै मानिसहरू त्यो पानीले भिज्दैनन । मानिस नभिजेसम्म एक दिन, तीन दिन, पाँच दिन, सात दिन गर्दै पानी परिरहनेछ । जुन दिनमा पृथ्वीका सबै मानिसहरू पानीले भिज्नेछन् त्यस दिन साउने सङ्क्रान्तिबाट सुरु भएको झरी बन्द हुनेछ ।

त्यसपछि पृथ्वीका सबै मानिस भिजेको पानी बग्दै बग्दै पुष मसान्तमा प्रशान्त महासागरमा पुग्नेछ । त्यसपछि माघे सङ्क्रान्तिमा सबैले रमाइलो गर्नेछन् । माघ एकमा फेरि पानी पर्नेछ । त्यहीँ झरीबाट घाम केही चर्को हुनेछ । अनि समुन्द्रको पानी बाफ बनेर आकाशतिर जानेछ । त्यो बाफबाट अहिलेको समयमा एक्सरे गरेजस्तो प्रत्येक मानिसले पृथ्वीमा गरेको कामको रिपोट निस्कनेछ । त्यहीँ रिपोर्टका आधारमा पृथ्वीमा कुन मानिस कति सामाजिक, कति असामाजिक । कति सत् कति असत् काम गरेका छन् मानिसको वर्गीकरण गरिनेछ । त्यसपछि मानिसले गरेका गलत कामका आधारमा एक वर्षभित्र कति मानिसलाई स्वर्गमा बोलाउने भन्ने निर्णय गरिनेछ । वार्षिक कार्ययोजना बनाइनेछ । अनि त्यस मानिसलाई स्वर्गमा आउने भ्रमण आदेशको नमुना फर्म नं. शून्य (०) भरी साधनको समेत व्यवस्था गरी पृथ्वीमा पठाइनेछ । यसरी नै मृत्यु ऐनको कार्यान्वयन मानव समाज रहेसम्म रहिरहोस् भनी सो समयमा शतप्रतिशतको समर्थनतबाट मृत्यु ऐन पारित भएको कुरा लोकमा प्रचलित छ ।

सोही समयदेखि नै मानिसको मृत्यु भएपछि यमराजले बोलाएको र 'बलिया बाङ्गा बाघलाई बुढाखाडा माघलाई' भन्ने उखान आजसम्म हाम्रो समाजमा चलिआएको छ भन्ने जनविश्वास पाइन्छ ।

# गीत



वसन्तराज अज्ञात

न त चाँडै घर आउँछौ
न त मेलापात धाउँछौ
यस्तो चालले घरबार चल्दैन
पकाइखाने चुलो बल्दैन ।

चोली फाटेको देख्दैनौ
कुरा काटेको बुझ्दैनौ
डुल्न पाए भइहाल्यो तिमीलाई
यस्तो चालले घरबार चल्दैन
पकाइखाने चुलो बल्दैन ।

भोलि के हुन्छ था' छैन
आज क्यै भर पा' छैन
खोजीखाँचो केही छैन तिमीलाई
यस्तो चालले घरबार चल्दैन
पकाइखाने चुलो बल्दैन ।

आत्मालाई सोधी हेर
कति के-के गयो खेर
कसरी हो सम्झाउने तिमीलाई
यस्तो चालले घरबार चल्दैन
पकाइखाने चुलो बल्दैन ।

# गजल



भवानी पोखरेल
'बाबू विराज'

करेन्टको झट्का एउटा तारमा हुन्छ
सानो वा ठूलो जुनसुकै आकारमा हुन्छ ।

जसले गरे पनि अपराध, अपराध नै हो
अपराधको सजाय कारागारमा हुन्छ ।

मुलुकलाई कुन दिशातर्फ लैजाने हो भन्ने
त्यसको मूल चाबी चाहिँ सरकारमा हुन्छ ।

परिवर्तनको सुरुवात पहिले आफैँबाट गर्नु पर्छ
पार्टी त सम्भवतः सिद्धान्त र विचारमा हुन्छ ।

आजभोलि सिद्धान्त र विचार पनि बिक्न थाल्यो
जसको किनबेच लाखौँ अनि हजारमा हुन्छ ।

खसीबोका जस्तै भयो नेताहरूको खरिद बिक्री
यिनीहरूको मोलमोलाई सधैं बालुवाटारमा हुन्छ ।



# देवदासी

**ठाकुरप्रसाद पुडासैनी**

कर्महारालाई जहाँ गए पनि दुःखले छोड्ने होइन । दैवको लीला नै होला, हामी दासहरूले मालिकको सेवा नगरे मालिकको रिसानी हुन्छ, मालिकको हुकूम शिरोपर गर्नु हामी दासहरूको परम धर्म नै हो । पिताजीका पनि पिताजीका मालिकचाहिँ दयावान् होइबक्सन्थ्यो रे । तर के गर्नु दुखियाका सन्तान धेरै भएछन् । मालिकले मेरा हजुरबाका केही सन्तान बेचिदिने हुकुम बक्स भएछ र मेरा बा आठ बर्षकै उमेरमा बेचिएर मालिकको यो घरमा पर्नुभएको रे । यही घरका मालिकको चाँजोपाँजोमा पल्ला गाउँका मालिकको दासीको छोरी मागेर मेरा बालाई ल्याइदिबक्सेको रहेछ– मेरी आमा !

समय बित्दै गयो । मालिकको अरन खटनमा जीवन घिसार्दै जाँदा मेरा बा आमाका तीन छोरीपछि दुई छोरा जन्मिएछन् । छैटौं सन्तान जन्माउन नसक्दा मेरी आमाले रगतमा डुबेर मरेको अलिअलि सम्झना छ मलाई ! मेरी आमाले बलिन्द्र आँसु झारिन्, मेरा दिदी बहिनी र भाइहरूको हात मुसारिन्, कोल्टे फेरिन् र प्राण त्याग गरिछन् । हामी सबैले डाँको छोडेर मातृ वियोगमा बिलौना गर्‍यौं । मालिकले 'अलच्छिन लाग्छ' भन्ने हुकुम भएछ । बाले रूनु हुन्न, नरोउ भन्नु भो हामी चुपचाप रह्यौं ।

समय बित्दै गयो । हामीले त यस्तै रहेछ हाम्रो उ जुनीको लेखान्तर भनेर बाले सम्झाउँदा चित्त बुझाएका थियौं । आमाको काख तीन महिनामै गुमाएको कान्छो भाइ अलाप विलाप गरेर रुन्थ्यो, काख र पिठ्युँमा बोकेर फुल्याउन खोज्यो, अझ बढी चिच्याएर रुन्थ्यो । आमाको दूध खान नपाएको अभागी टुहुरो भाइको चित्कार सहन नसकेर बाको वरिपरि बसेर गहभरि आँसु पारेर दैवले ठगेका हामी अभागी छोराछोरी रुन्थ्यौं । "जन्मेको तीन महिनामा नै आमा टोक्ने अलच्छिनी" भनेर मालिक्नीले अबोध भाइलाई गाली गर्दा मन भक्कानिएर आउँथ्यो । आमाको दूधले आँत रसाउन नपाएको सानो भाइ दिनदिनै कमजोर बन्दै गयो । झारफुक

र देउता बुझाउन बाले पनि कोसिस गर्नुभो । गाउँका जान्नेले आएर पनि देवी देउता सबै भाके । कुल कुलायनको पूजा पाठ गरियो । केही लागेन । त्यो अभागी दूध कटुवा, आमा टोकुवाले पनि आमालाई भेट्न होला सायद परलोकको बाटो रोज्यो । उ जन्ममा 'यो धर्तीमा यति दिन गएर बस् अनि उताको दाना पानी सकिएपछि आइज्' भनेर भगवान्ले पठाएका हुनन् भनी सबैले मन बुझाउने कोसिस गरियो ।

छ बर्ष पुगेकै दिनबाट आफूले सकेको काम नगरी बस्दा मालिक नाराज हुन्छन भनेर बाले त्यही बेलादेखि हामीलाई डोको नाम्लो गरेर घाँस दाउरा गर्न उहासँगै हिँडाउनु हुन्थ्यो । बा भने पनि आमा भने पनि हाम्रो अर्को कोही थिएन । घरमा बस्दा मालिक मालिक्नीको खप्की र साहुका सन्तानको दुर्व्यवहार सहनुभन्दा बासँग हिँड्दा नै हामीलाई रमाइलो लाग्थ्यो । ठुलो भाइ पनि हुर्कंदै जान लागेको थियो । बाख्रा पाठा चराएर ल्याउन सक्ने भएपछि ऊ पनि बाख्रापाठा लिएर रनवन चहार्न थाल्यो । एक दिन उसलाई चर्को ज्वरो आयो । हामीले भाइको ज्वरो निको पार्ने जडिबुटी खुवाउँदा पनि ज्वरो ओर्लन मानेन । धामी झाँक्री गरियो त्यसले पनि भएन । बिरामीबाट थलिएको भाइ झन् झन् गल्दै गयो । बा 'के गर्नू के नगर्नू' अलमलिन थाल्नु भो । भाइको अवस्था नाजुक छ भन्ने चाल पाएपछि एक दिन मालिक हाम्रो झुपडीमा पस्नु भो र बासँग कुरा गर्न थाल्नु भयो । हेर् बिर्खे यो अरू केही भएको होइन । देउता रिसाए । देवी देउता रिसाउँदा अनिष्ट हुन्छ बुझिस् । छिटो देउता बक्साइहाल् । नत्र हामी मालिकलाई पनि पिर्न सक्छ । बाले मलिन स्वरमा बोल्नु भयो- 'अब हामीले कसो गर्दा वेश होला त मालिक ?'

यता सुन् लाटा ! अब एउटा उपाय छ । त्यो के भने जेठी छोरीलाई म मेरी छोरीको घरमा दासी बनाई पठाइदिन्छु । कान्छी सानै छे । केही बर्ष तँसँग बस्छे । माहिली छोरी राम्री पनि छे । देवदासी बनाएर मन्दिरमा चढाइदे । तेरो पूर्वजन्मको पाप रहेछ भने पनि नष्ट हुन्छ । खाने मुख पनि घट्छ । तँलाई राम्रो हुन्छ । बुझिस् ? तर मालिक माहिली छोरी त भर्खर दश बर्ष टेकी । कसरी देवदासी बनाउनु भन्नुभो बाले । अरू के के कुरा गरेर मालिकले बालाई मनाउनु भो । बा जेठी दिदी मैयाँको घरमा दासी बनाएर पठाउन र मलाई देवदासी बनाउन राजी हुनु भो ।

हाम्रा मालिक जस्तै धेरै मालिकका पुर्खाहरूले मेला जात्रा भर्ने पूजाआजा गर्ने कामका लागि धेरै पैसा खर्च गरेर देवीको एउटा भव्य मन्दिर बनाउनु भएको रहेछ । काली मन्दिर नामले यो मन्दिर प्रसिद्ध रहेको छ । उक्त काली मन्दिरमा

भक्त भक्तिनीहरूको सङ्ख्या पनि धेरै नै छ । कोसौँ कोस टाढाबाट पनि पण्डित पुरोहित र पुजारीहरूको आवतजावत हुन्छ । देवदासीहरूले उहाँहरूको सेवा गर्नु पर्छ र पुरोहित पुजारी खुसी हुनु भनेको काली माता खुसी हुनु हो । काली माता खुसी हुँदा घरमा अनिष्ट केही हुन्नँ । बिग्रेको ग्रहदशा सुधारिएर आउँछ । रोग ब्याधिले दुःख दिँदैन । यस्तै फलिफाप नै फलिफाप हुन्छ । मैले यस्तै सुनेको थिएँ । मलाई देवदासी बनाएर पठाउन बा राजी हुनु भो । बालाई यो दुःखको भवसागरबाट उकास्न र बचेको एउटा भाइको रोग कालीमाताको शरणमा परेर मातालाई खुसी तुल्याएर मैले निको पार्न सक्ने भएँ । यी र यस्तै हुट्हुटीले म कहिले देवदासी बन्न पाउँला भनेर काली मातालाई आराधना गर्न थालेँ । हे माता जगत जननी, म जति सक्दो चाँडो हजुरको शरणमा जान पाऊँ !

देवदासी भएर काली माताको शरणमा सजिलै जान नपाइने रहेछ । ज्योतिषीहरू बाट साइत जुराएर देवदासी बन्नेलाई महिनौँ दिनदेखि नुहाएर सफा र सुन्दर शरीर बनाएर बेली चमेली फूल शिरमा सिउरेर बास्नादार तेल र अत्तर लेपन गराई एक विशेष समारोह आयोजना गरी मन्त्रोच्चारण सहित मन्दिरमा आफूलाई समर्पण गर्नु पर्ने रहेछ । देवदासी खोजिदिनेलाई पनि पुण्य मिल्ने हुनाले हाम्रा बाका मालिक पनि यो काममा औधी लागिपर्नु भयो ।

म देवदासी भएर जाने कुरो सुनेर होला आफ्नो रोग निको हुने आशाले भाइ पनि खुसी नै भयो । उसको अनुहारमा अलिक कान्ति आएको जस्तो मलाई लाग्यो । बा र दिदी पनि हाँसीखुसी नै देखिए । दिन दिनको सरसफाइले म पनि अलि फुर्तिली देखिएँ । माताको चरणमा जाने दिन आयो । आफूसँग बसेका दिदी, बहिनी, बा र भाइलाई छोडेर अब फेरि कहिल्यै झुपडी फर्कन नपाउने गरी छोडेर जानु पर्दा मनमा असह्य वेदना भयो । परलोक गएकी आमा र भाइको सम्झनाले भावविह्वल भएँ । आँखाभरि छचल्किएको आँसु लुकाउन झुपडीको पछाडि गएर भक्कानिएर रोएँ, आँसु पुछेँ र दुरूस्त भएर हँसिलो मुखले बिदा मागेँ । पुराना दासी माताहरूले घेरा हालेर मलाई बीचमा पारेर हिंडाए । परको घुम्तीमा नपुगुन्जेल हात बिदाइको हात हल्लाउँदै गएँ । घुम्तीमा पुगेपछि मनले मानेन, आँखाबाट बलिन्द्र धारा आँसु बगे । बाटो धमिलो भो, पछ्यौरीले आँसु पुछे । दासी माताहरूको पनि आँखा रसाएको देखेँ । अहिले सोच्छु सायद ती आँसुले आफ्नो सुदूर विगतको याद दिलाएका हुँदा हुन् ।

हामी कालीमाताको मन्दिरमा पुग्दा साँझ पर्न लागेको थियो । पण्डितजीले विधानपूर्वक हामीलाई मन्दिर प्रवेश गराए । मन्दिरको उत्तरतर्फ रहेको एउटा सानो

कोठरीमा तीन जना दासी आमाहरू सँगै मलाई बस्ने सुत्ने व्यवस्था मिलाइएको रहेछ । दासी आमाहरू पनि मेरै आमाको उमेरका रहेछन् । उनीहरूसँग बस्दा आमाको न्यास्रो मेटिएझैं भयो । समय बित्दै गयो । दासी आमाहरूबाट मन्दिरको नियम एक–एक गरेर सिक्दै गएँ । बिहान सबेरै उठ्ने, पण्डित पुजारीहरूको दर्शन गर्ने, मन्दिर सफा गर्ने, पूजाआजा गर्ने, भक्तजनहरूले ल्याएका प्रसाद ग्रहण गर्ने, पण्डित पुजारीको आज्ञा शिरोपर गर्ने, अतिथि पण्डित पुरोहितको स्वागत सत्कार गरेर खुसी पार्ने आदि यहाँको दिनचर्या हुने रहेछ । देवदासीको पनि तीन तह हुने रहेछ । दासी आमा, दासी वहन, बाल दासी । दासी आमाहरूको भूमिका अभिभावकीय, दासी वहनहरूको भूमिका सक्रिय र वालदासीको भूमिका सिकारू हुने रहेछ । पण्डित पुजारीको आदेश नै यहाँको सर्वोच्च कानुन रहेछ ।

यी सबै बुझ्दै गर्दा म पनि हुर्कंदै गएँ । मेरा स्त्री जनेन्द्रिय वृध्दि हुन थाले । मेरो शरीर सुगठित हुँदै जान थाल्यो । काली माताको दर्शन गर्न आउने भक्तजनहरू मेरो शरीरका अङ्गहरूमा लोभ लाग्दो नजर गाड्न थालेको अनभूति मलाई हुन थाल्यो । पण्डित पुजारीका नजर पनि मेरो हुर्कंदै गरेको किशोर तनले तानेको महसुस हुन थाल्यो मलाई । मन्दिरभित्र कोही योगी, तपस्वी, सन्त, पण्डित, पुरोहित, जमिनदार, पाहुना बनेर आउँदा स्वागत सत्कार गर्न भव्य तरिकाले सजिएका केही बैठक कोठाहरू बनेका रहेछन् । ती कोठाहरूमा झल्झलाकार हुने गरी शयन खटिया जडान हुने रहेछ । बैठक कोठाका भित्ताहरूमा शास्त्रोक्त विधिले बनाइएका देवी देवता र कामोत्तेजक आसनसहितको टुँडाल जडिएका हुँदा रहेछन् । कहिलेकाहीँ बैठक कक्षको सफाइ गर्न जाँदा ती दृश्यहरू देख्थेँ । खासै अर्थ बुझेको थिइनँ । बैठक कक्षहरूको हेरचाह र व्यवस्थापनमा दासी वहनहरूलाई खटाइएको हुन्थ्यो । काली माताको मन्दिरमा ठूलो मेला लाग्ने भन्दा करिव केही दिनअघि वरपरका मठाधीश, पीठाधीश, साहु, सामन्त, पण्डित पुरोहित सबैलाई तयारीका लागि छलफल गर्न बोलाउने र पाँच सात दिन मन्दिर परिसरमै खाने बस्ने बन्दोबस्त हुने रहेछ । आउने अतिथिलाई हाँसी खुसी राख्ने जिम्मा विषेश गरी वहन दासीलाई जिम्मा दिने रहेछन् । कोही पनि अतिथि अलिकति पनि नाखुस भए काली माता रिसाएर गाउँमा नै अनिष्ट हुन सक्ने रहेछ । बैठक कक्षमा काली माताका भक्त भलादमीहरूको बैठक चल्दै गर्दा मलाई पनि भगवान्को सेवामा खटाइयो । माताका भक्तहरूको सेवामा आफूलाई समर्पित गर्न पाए अर्को जुनीमा यो दुःखको भुमरीबाट मोक्ष पाउने आशाले मन अति हर्षित भयो । त्यहीअनुसार आफूलाई तयार गराएँ ।

काली माताका भक्तहरूको गरमागरम धार्मिक बहस चलिरहेको बखतमा म लगायत अन्य दासी वहनहरूको समूहले फलफूल र मिष्टान्न भोजन गराउने जिम्मेवारी पाएका थियौं । दिवा खाजाको समयमा हामी फलफूल मेवा मिष्टान्न लिएर भक्तजनको सत्कारका लागि सभा कक्षमा प्रवेश गर्नासाथ मेरो आँखा एउटा हट्टाकट्टा, बलिष्ट शरीरका, कालो अनुहार भएका भक्तका नजरसँग जुध्न पुगे । ती भक्तले मेरो शरीरमा मौलाउँदै आएको जवानीलाई यसरी नियाले जसरी एउटा जङ्गली सिकारी सिंहले सिकार गर्नुअघि आफ्नो आहारालाई नियाल्दछ । उनको हेराइले मेरो मनभित्र एक किसिमको त्रास पैदा गरायो । भोजनको सबै सेवा सकेपछि हामीहरू बाहिर निस्कन लाग्दा समेत ती भक्तको नजर मेरो शरीरमाथि नै गढेको देखिन्थ्यो । काली माताको मेलाको तयारीमा आएका भक्तजनलाई आवासीय सेवाको बन्दोबस्त गर्ने मध्ये मलाई पनि भक्तको सेवामा खटाइयो । बाह्र बर्षे बाल सुलभ शरीरमा भर्खरै कोपिलाएका अङ्गहरूमाथि काली माताका भक्तजनको राक्षसी नजर पर्ला भन्ने मैले सोचेकै थिइनँ तर मलाई गिद्धे नजरले हेरेका तिनै भक्तरूपी दानवले आफ्नो सेवामा खटाउन भनेका रहेछन् । बालदासीको पहिलो कुमारीत्व हरण गर्ने अधिकारचाहिं मन्दिरका उच्च ओहदाका मठाधीशलाई दिने चलन हुँदो रहेछ । मलाई पहिलो दिन मठाधीशको सेवामा हाजिर गराउने तयारी दासी आमा र केही दासी वहन मिलेर गर्नुभयो । मेरो शरीर सुन्दर बनाउन विभिन्न लेपन लगाइयो । अनेकौं वस्त्रालङ्कारले मलाई आभूषित गरियो । बास्नादार अत्तरहरू छर्केर मेरो तनलाई सुगन्धित गरियो । दासी आमा र दासीवहनहरूको बीचमा राखेर मलाई मठाधीशको शयन कक्षमा प्रवेश गराएर सबै जना फर्कनुभयो । शयन कक्षमा प्रवेश गर्नेबित्तिकै मैले त्यही राक्षसी नजरले हेर्ने मनिस नै मठाधीश रहेछ भन्ने थाहा पाएँ । मेरो मानसपटलमा केही क्षणपछि मैले भोग्नु पर्ने त्रासदीको चित्र देखापऱ्यो । आफ्नो पूर्व जुनीको लेखान्तरमा यस्तै भोग्न लेखेको रहेछ भन्ने सम्झेर सम्हालिने कोसिस गरेँ ।

मठाधीशले गर्जेर सोधे- 'कति वर्षकी भइस् ?' कम्पित स्वरमा मैले जवाफ दिएँ- '१२ बर्ष टेकेँ प्रभू !' उसले मलाई उसकै शयन खटियामा आएर बस्न सङ्केत गऱ्यो । म कम्पित पाइला चाल्दै खटियामा पुगेँ । उसले मलाई मायालु भावमा आफ्नो काखमा बसायो । एक एक गरी उसले मेरा शरीरका वस्त्रहरू उताऱ्यो । निर्वस्त्र मेरो किशोरवयमा उसको विषाक्त नजर डुलायो र मेरो शरीरमाथि सिकारी सिंहले झैँ आक्रमण गऱ्यो । मलाई असह्य पीडा भयो, ममाथि उसको आक्रमण बढ्दै गयो । मैले सहन नसकेर चिच्याउने कोसिस गरेँ, उसले मेरो मुख थुनिदियो । उसको यो पाशविक यातनाले म बेहोस भएँछु । मलाई दासीमाताहरूले

बेहोसी अवस्थामा नै मेरो ओछ्यानमा पुऱ्याउनु भएछ । मेरो गुप्ताङ्ग क्षतविक्षत पारिएछ । छातीभरि नङग्राले कोतरेर घाउ नै घाउ बनाइएछ । भित्री अङ्गमा भएको चोटले गर्दा अत्यधिक रक्तस्राव भइ नै रह्यो । दासी माताहरूले तातो पानीले सेक्ने र ओखतीमुलो गर्दै जाँदा केही दिनपछि घाउहरू निको हुँदै गयो । सुरू सुरूमा केही महिनाको अन्तराल र पछि त दिनहुँजसो यो क्रियाकलाप गरिन थालियो । समय बित्दै गयो काली माता मन्दिरमा आउने सबै पण्डित पुरोहित जमिन्दार मठाधीश सबैको काम वासना समन गर्न हामी देवदासीहरू हर्दम तयार रहनु पर्ने रहेछ । गर्भ निरोधका ओखतीले काम नगर्दा कैयौँ पटक गर्भपात गर्नु पऱ्यो । हरेक पटकको गर्भ पतनपछिको जीवन पुनर्जन्म नै बन्दो रहेछ । मैरै आँखा अगाडि दुई जना देवदासीहरूको गर्भपात नभई बच्चा जन्माउनै पर्ने अवस्था आयो र ती दुवै देवदासीहरूलाई बच्चासहित मारेर खाल्डोमा पुरिदिएको घटना छ । धन्य प्रभू ! आफूलाई यस्तो घटना नपरोस् भनेर भगवानसँग प्रार्थना गर्छु । नयाँ बालदासी मन्दिरमा ल्याइयो भने लाग्छ यो पनि म जस्तै अभागिनी रहिछ । मनभित्र असह्य वेदना छ । बोलौँ भने भक्तहरू नाराज हुने र बस्तीमै अनिष्ट हुने भयले गर्दा आफ्नै कर्मलाई दोष दिनु सिवाय अर्को उपाय नै छैन । दर्दको समयमा त भगवान्लाई पुकारा गर्छु - हे दैव ! मलाई यो नरकबाट चाँडै मुक्त गरी आफ्नै पासमा लैजाऊ ! तर दैवले पनि सुन्नुपऱ्यो नि अभागीको पुकारा ‼

**सहप्राध्यापक, नुवाकोट आदर्श बहुमुखी क्याम्पस**



# अस्तित्व

**सरस्वती सरस**

मकैबाट - पिठो
धानबाट - चामल
दहीबाट - नौनी
छोरीबाट - बुहारी
सबै सबै बन्दा एकबाट अर्को
मेटाउँछन् आफ्नो अस्तित्व ।

जसरी,
मकैले पिसिनुपर्छ - आफ्नो रूप फेर्न
धानले कुटिनुपर्छ - आफूभित्रको सौन्दर्य देखाउन
दहीले मथिनुपर्छ - नौनी बन्न
त्यसरी नै छोरीले मेटिनुपर्छ बुहारी बन्न ।

मकै- पिठो बनेपछि
धान- चामल बनेपछि
दही- नौनी बनेपछि
आफ्नो अस्तित्वको दाबी गर्दै
आफू मेटिनुको मूल्य बारबार खोजिरहन्छन्
तर,
छोरी, बुहारी बनेपछि
आफ्नो मूल्य
सन्तान, परिवार, आफन्तको खुसीमा
साटिरहन्छन्
कर्तव्यको तराजुमा आफूलाई
तौलिरहन्छन् ।

**मातातीर्थ, काठमाडौं**

# ठाकुर बेलवासेको 'अचानक यो साँझ' र नयाँ धारको स्थापना



**कृष्ण जोशी**

मैले आजका युवा स्रष्टाहरूलाई र उनीहरूका सिर्जनालाई धारिलो प्रहार भनेको छु । यी युवा स्रष्टाहरू आफ्ना अभिव्यक्तिमा अनेक विम्ब र प्रतीकहरू प्रयोग गरेर आफ्ना सिर्जनालाई सम्प्रेषणीय मात्र बनाउँदैनन् बरू लयात्मक शैलीमा सामाजिक भेदभाव, गिर्दो मानवमूल्य, सामाजिक, राजनीतिक र सांस्कृतिक विचलनको समाप्ति पनि चाहन्छन् । अनास्था, अविश्वास र जीवनको मूल्यहीन यथार्थप्रति कटु प्रहार गरेर उनीहरू शब्दक्रान्तिको उद्घोष गर्छन् ।

आजका सिर्जना कल्पनाको आधारहीन रेसमा दौडिने, परम्परागत मान्यताहरूलाई हात र कलमभरि लिएर हिँड्ने, स्वैरकल्पनाको नृत्य गर्दै विद्यमान सामाजिक यथार्थहरूलाई पन्छाइदिने प्रवृत्तिमा रत हुनु हुँदैन । आज मानवीय मूल्यमान्यता र सामाजिक सम्बन्ध अत्यन्त जटिल मोडमा आइपुगेको छ । अरूको पीडा, दर्द र घायल मनस्थितिलाई आँखा चिम्लिदिएर हेर्ने मानवइतर संस्कारको जग बसिरहेको स्थिति छ । यस्ता स्थितिहरूमा अबको सर्जकले सिर्जनाको झटारो हान्नुपर्छ । त्यस्ता विकृति र विसङ्गतिहरूलाई गोलीझैँ भएर छेदन गरिदिनुपर्छ । यति भएमा आजका सिर्जना कविता, कथा, उपन्यास र गजलहरू वास्तवमा मानिसको अभिव्यक्ति हुन सक्छन् । मानिसका अन्तर्भावनाको प्रज्वल उद्घाटन हुन सक्छन् । समकालीन र आधुनिक चेतको प्रतिविम्ब भएर पनि उठ्न सक्छन् ।

त्यस्तै अभिव्यक्तिका उद्घाटन भएर आएका कवि हुन् ठाकुर बेलवासे । 'सागरको वरिपरि मनहरूको समारोह', २०६९ मार्फत राजनीतिक, सामाजिक, आर्थिक बेथितिबाट घाइते भएका मनहरू सम्बन्धमा तीक्ष्ण विचरण गरिरहेका बेलवासेले आफ्नो नयाँ कृति 'अचानक यो साँझ 'मार्फत नयाँ चेतना, नयाँ उज्यालो, नयाँ मूल्यमान्यताको स्थापनामा प्रतिबद्धता प्रकट गरेका छन् ।

आजका युवा स्रष्टाहरू अँध्यारोलाई चिरेर उज्यालो खोज्न प्रयत्नशील छन् । मान्छे देवता हुन् कि होइनन्, मान्छेले जीवनको मूल्य बुझ्ने हुन् कि बिर्सने हुन् जस्ता अनेकन् वैचारिक स्थितिबाट स्रष्टा त्रसित छन् । मान्छेहरूको भावनाको परम्परित घेराबाट नयाँ आयाम स्थापना गर्न सक्ने हुन् कि होइनन्, आफ्नै वरिपरि

घुमिरहेका अमानुष, अधर्मी, विशृङ्खलित जीवन पद्धतिलाई उन्मूलन गर्न सकिन्छ कि सकिँदैन भन्ने जस्ता प्रश्नहरूको समाधान खोज्न आतुर पनि छन् ।

ठाकुर बेलवासेले पनि यो देशले भोगेका अँध्यारा र उज्याला दिनहरू भोगेका छन् । निरङ्कुशता या अभिव्यक्तिमाथि परेका कोर्राका डामहरू पचाएका छन् । स्रष्टाहरूले आफ्नो संवेदनालाई आफैँभित्र गुम्स्याएर राख्नुपर्ने र आफूले देखेका विसङ्गतिलाई जस्तै तितो भएपनि मिठो भन्नुपर्ने विषाक्त स्थिति पचाएका स्रष्टामध्येका एक हुन् बेलवासे पनि ।


मान्छेहरूले आज आफ्ना अनेकन् अपूर्ण आकाङ्क्षा, विश्वास र सपनाका भग्नावशेष जस्तो हुनुपरेको छ । मूल्य मान्यता सबै विघटन भएपछिको एउटा रित्तो मूर्तिजस्तो उभिन विवश पनि छन् आजका मान्छे । मानवीयता, संवेदना र सद्भावनालाई कुनै पसल या मान्दिरमा धरौटी राखेर बाँचेको अभिनय गर्न मान्छे बाध्य हुनुपरेको छ ।

बैरागी काइँला, बेलवासेको अचानक यो साँझमा लेख्छन्– 'प्रेम, सद्भावना, सहृदयता म्याकडोनाल्डको पसलमा राखिएको उपभोग्य वस्तु भइसकेको छ' । डा. गोविन्दराज भट्टराई उही पुस्तकको भूमिकामा लेख्छन्– 'जति बढी दुःख, कष्ट र अन्धकारले छोयो त्यति नै स्रष्टा संवेदनशील हुन्छन् र समर्पित हुन्छन्' । विप्लव ढकाल लेख्छन्– 'बेलवासे निरङ्कुशता र अराजकता दुवैको प्रतिपक्षमा उभिएर शब्दको हतियार उठाउँछन् ।'

म भन्छु– ठाकुर बेलवासेको यो कृति पारम्परिक सोच र दृष्टिकोणमा मान्छेले मान्छेलाई हेर्ने सीमित चिन्तन अन्धविश्वास र गतिहीनताजस्ता पक्षहरूमाथि भएको अर्को प्रबल प्रहार हो । यस पुस्तकका कविताहरू सशस्त्र ईश्वर, मृत्युको झोला अनि अँध्यारोका विरूद्ध तीन आधार सूत्रमा विभाजित छन् । यी तीनै पक्षहरू आजका मान्छेले भोगेका नियतिका तस्बिरहरू हुन् । केही मान्छेहरू भन्छन् ईश्वर मरिसक्यो– तर हरेक बाटो, चौबाटोका भित्तामा टाँसिएका देवताका तस्बिरदेखि ठूलाठूला मन्दिरवरिपरि वरदान माग्न हिँड्ने भिड घटेको छैन । हामी सबै अभाव, कष्ट, पीडा, यातना, शङ्का र त्रासको विरोधमा हिँडिरहेका छौ । यसरी हिँड्दा कहिले जुलुस हुन्छौँ, कहिले सशस्त्र हुन्छौँ । कहिले अर्काको जीवनसँग खेलबाड गर्ने गम्भीर अपराधी पनि हुन्छौँ । हामी सबै प्रत्येक क्षण कि त मृत्युको झोला बोकेर हिँडिरहेका छौँ । कि त अर्काको मृत्युको कारण हिँडिरहेछौँ । त्यस्तो चाहना र अपराधलाई दण्डित गर्ने न्यायालय र फैसलाकर्ताहरू पनि देखिरहेका छौँ र पनि झोलाहरूबाट मृत्युको गन्ध आउन अझै रोकिएको छैन । मृत्युगन्ध त हाम्रो नाक नाकमा टाँसिएर हरेक क्षण हामीसँगै हिँडिरहेछ ।

हामी आफ्ना वरिपरि उज्यालो छाओस् भन्ने कामना गर्छौँ । आफ्नै अनुहार पनि देख्न नसकिने अँध्यारो नहुने अवस्थाको अपेक्षा गर्छौँ । आज कसैको पनि आशा र

भरोसाको मृत्यु नहोस् । भाग्यरेखा नमेटियोस् भन्ने चाहना पनि गर्दछौँ । अझ हामी त सधैँ नयाँ विश्वास गर्दछौँ । सबै अनुहारमा गुराँस हाँसोस्, हिमाल टल्किरहोस् । तर हाम्रा यस्ता आशाहरू सधैँ घाइते भएर हाम्रो सामुमा मुर्छा परिरहेछन् । हामी सधैँ अँध्यारोबाट परास्त छौँ ।




बेलवासेका कविताहरू यस्ता परास्त मनस्थितिको समाप्तिका निम्ति वास्तविक आवाज पनि भएका छन् । कवि बेलवासे अहिलेका समयका परिचित मात्र होइन, सशक्त हस्ताक्षर भएर स्थापित भएका स्रष्टा हुन् । कवितालाई नयाँ चरित्र, नयाँ अलङ्कारबाट शृङ्गार गरेर सिङ्गो जीवन र जगत्लाई सजीव प्रस्तुत गर्न पनि सिपालु विश्लेषक हुन् । उनका 'आगोका रङ्ग, 'घाम र बाआमा', 'नाङ्गो पीडा', ईश्वगारको यात्रा', 'सपना ब्युँझिएका बेला', 'अचानक यो साँझ', 'मृत्युको झोला', 'प्रेम र एम्बुस', 'पहिरोमाथि पहिरामुनि', 'मुर्कुटासँग स्वतन्त्रताको कुरा', जस्ता कविताहरू केवल शब्दमूर्ति भएर उभिएका निर्जीव चित्रहरूमात्र होइनन् रगत, मासु, मुटु, कलेजो, हाड, नसा, मस्तिष्क भएका सजीव मान्छेहरू हुन् । त्यसैले भन्छु 'अचानक यो साँझ' मान्छेको कविता हो । कविता भएका मान्छेहरूका हुन् ।

बेलवासेले कवितामा उभ्याएका मान्छेका अभिव्यक्तिहरू आजका मान्छेका उच्छवासहरू हुन् । २०६२ सालदेखि आफ्नो शरीरभित्र छपन्नवटा बमका छर्राहरू लिएर बाँच्न विवश कौशलचन्द्र पाठकको जीवनमोह पनि हो । धुवाँ, ध्वनि र मान्छेको भिड, तीव्र गति अनि महँगी, अभाव, भय र त्रासले मात्र होइन, बत्ति र पानीले समेत Soft killing गरिहेको हामी सबैको मर्मान्त व्यथाको प्रकटीकरण पनि हो ।

'अचानक यो साँझ' भएर कवि बेलवासे यस कालक्रमका मन र मस्तिष्कभित्र उज्यालो प्रवेश गरेका छन् । कवि वेलवासेले कविता मार्फत हाम्रै वरिपरिका परिचित यथार्थहरूलाई विम्ब र प्रतीकका रूपमा उभ्याएर कृत्रिम र विचलन हुनबाट हामीलाई बचाएका छन् । बेलवासेका कवितालाई र यिनै कवितात्मक सन्दर्भहरूलाई हृदयङ्गम गर्दै म भन्छु– ठाकुर बेलवासे युवा सर्जकहरूमध्येका एक स्थापित Cutting edge हुन् । उनका कविताहरूबाट उनका समकालीन स्रष्टाहरूसमेत गौरवान्वित हुन सक्नेछन्-यो मेरो विश्वास हो ।

# विद्युतकर्मी साहित्यिक समाजले सम्झियो सात कविलाई




नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले सात युवा कविहरूको समूह (पि सेभेन) को साहित्यिक योगदानको स्मरण गर्दै मिति २०८० साल कार्तिक १७ गते शुक्रबार 'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पणम्' नामक साहित्यिक कार्यक्रम संचालन गरेको छ ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'को अध्यक्षता तथा सात कवि समूहका सदस्यहरूको विशेष आतिथ्यमा बागबजार काठमाडौँस्थित युनिटी क्याफेमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा सात कवि समूहबाट कविहरू आर.एम. डङ्गोल, छविरमण सिलवाल,टङ्क उप्रेती, ठाकुर बेलवासे र प्रोल्लास सिन्धुलीय गरी पाँच जना कविहरूको उपस्थिति रहेको थियो । सात कवि समूहका बाँकी दुई सदस्यहरू- गोविन्द नेपाल र मणि लोहनी भने कार्यव्यस्तताका कारण अनुपस्थित रहेका थिए ।

सो समारोहमा आयोजक संस्था विद्युतकर्मी साहित्यिक समाज (सातौँ कार्यसमिति) बाट सहभागी भएका सात जना पदाधिकारीहरूले अतिथि कविहरू सामु सात कविका एक-एक वटा कविताहरू वाचन गरेका थिए ।

यसै सिलसिलामा विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले प्रोल्लास सिन्धुलीयको कविता वाचन गरेका थिए भने उपाध्यक्ष शारदा भट्टराई पोखरेलले छविरमण सिलवाल, सचिव विष्णु आचार्य 'अतृप्त' ले टङ्क उप्रेती, कोषाध्यक्ष मुकुन्द प्रसाद प्रसाईंले आर.एम. डङ्गोल र मणि लोहनी, सदस्य बलराम पुडासैनीले गोविन्द नेपाल तथा सदस्य सङ्गीता अधिकारी (पौडेल) ले ठाकुर बेलबासेका कविताहरू वाचन गरेका थिए । परिचय आदानप्रदान र चाडपर्व विशेष शुभकामना आदानप्रदान गर्दै

प्रारम्भ भएको सो कार्यक्रममा पि सेभेन समूहबाट उपस्थित पाँच जना कविहरूले आफ्ना एक–एक  कविता वाचन गरेर काव्यिक माहोल तताएका थिए ।

उक्त कार्यक्रममा मन्तव्य राख्दै सात कवि मध्येका एक कवि आर.एम. डङ्गोलले विद्युतकर्मी साहित्यिक समाजले सात कविलाई आमन्त्रण गरी कविता सुन्ने र सुनाउने कार्यक्रम राखेकोमा प्रसन्नता जाहेर गर्नुका साथै कार्यक्रमले पि सेभेनलाई अझै जिम्मेवार र सशक्त ढङ्गले कविता सिर्जना, अध्ययन र अनुसन्धानको सामूहिक अभियानलाई बढावा दिन झक्झक्याएको धारणा  राखेका थिए । उनले भौतिक र भावात्मक दुवै बिजुली उत्पादनमा नेपाल विद्युत प्राधिकरण उत्तिकै सक्रिय रही नमुना पेश गर्न सफल भएको विचार समेत प्रकट गरेका थिए ।

सात कविको समूह कविता विधाको उन्नयनमा करिब तीन दशक अघिदेखि सक्रिय रहँदै आएको, सात कविहरूको सामूहिक उपलब्धिका रूपमा 'यतैकतै' कविता सङ्ग्रह (२०७७) सार्वजनिक भएको  र यो समूहले विचार र कलाको आनुपातिक सन्तुलन मिलाएर युगीन सन्दर्भहरूलाई सम्बोधन गर्न सक्ने शक्तिशाली कविता रचना गर्दै आएकोले यस पटकको संस्करणमा सात कविहरूलाई आमन्त्रण गरिएको समाजका सचिव एवम् कार्यक्रम संचालक विष्णु आचार्य 'अतृप्त' ले जानकारी दिए ।

# विद्युतकर्मी साहित्यिक समाजले विष्णुबहादुर सिंहको साहित्यिक योगदानलाई सम्झियो



नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले सो संस्थाका पूर्व अध्यक्ष विष्णुबहादुर सिंहको साहित्यिक योगदानको कदर गर्दै  उनको जन्म दिनको अवसर पारेर मिति २०८० साल भाद्र ०९ गते 'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पणम्' नामक साहित्यिक कार्यक्रम सञ्चालन गरेको छ ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'को अध्यक्षता तथा साहित्यकार एवम् शिवपुरी साहित्यिक समाजका अध्यक्ष विष्णुबहादुर सिंहको प्रमुख आतिथ्यमा महाराजगन्ज काठमाडौँस्थित रिचमन्ड क्याफेमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा विद्युतकर्मी साहित्यिक समाजका पूर्व अध्यक्षहरू– कुलप्रसाद पराजुली, केशवप्रसाद रुपाखेती, वीरेन्द्र पाठक, पुण्य घिमिरे र रामेश्वर राउत 'मातृदास', शिवपुरी साहित्यिक समाजका पूर्व अध्यक्ष वियोगी बुढाथोकी, भाषा आयोगका माननीय सदस्य मातृका पोखरेल तथा साहित्य अनुरागीहरू–अच्युत अधिकारी र कृष्ण पौडेलले विष्णुबहादुर सिंहको साहित्यिक र गैरसाहित्यिक योगदानको स्मरण गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनीसँगको साहित्यिक सहयात्रा र नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्नमा उनले खेलेको भूमिकाका बारेमा आआफ्ना अनुभव प्रस्तुत गरेका थिए ।

सो अवसरमा विद्युतकर्मी साहित्यिक समाज सातौँ कार्यसमितिका पदाधिकारीहरूले सिंहद्वारा रचित विभिन्न विधाका साहित्यिक पुस्तकहरूमाथि लघुसमीक्षा गरेका थिए । यसक्रममा विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले 'सम्झनामा रुस' कृतिका बारेमा लघुसमीक्षा गरेका थिए भने उपाध्यक्ष शारदा भट्टराई पोखरेलले 'सीसाको घर' बिम्ब कवितासङ्ग्रहका बारेमा टिप्पणी गरेकी थिइन् । सिंहकै डोडोइट्सु सङ्ग्रह 'समयको सुस्केरा' का बारेमा समाजका सचिव विष्णु आचार्य 'अतृप्त' र 'चुपचाप' कवितासङ्ग्रहका बारेमा कोषाध्यक्ष मुकुन्दप्रसाद प्रसाईंले समालोचकीय धारणा राखेका थिए । त्यस्तै साहित्यिक समाजका पूर्व कार्यसमिति सदस्य यादवराज घलेले उनको हाइकु सङ्ग्रह 'मौन बतास'का बारेमा सङ्क्षिप्त परिचर्चा गरेका थिए ।

उक्त कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि सिंहले हालसम्म साहित्यका बहुविधामा कलम चलाइसकेको भए तापनि अब नियात्रा लेखनमा आफू केन्द्रीकृत भएर लाग्ने बताएका थिए । आफ्ना कृतिका भावार्थ अरूका माध्यमबाट सुन्न पाएकोमा प्रसन्नता जाहेर गर्दै यो कार्यक्रमले आफूमा अझै लेखकीय ऊर्जा थपेको धारणा उनले राखेका थिए ।

उक्त समारोहमा कार्यक्रम आयोजनाको औचित्य पुष्टि गर्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले 'तिम्रो वस्तु तिमीलाई नै समर्पण गर्दछौँ' भन्ने आशय सहित 'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पणम्' नामक साहित्यिक अभियान सुरु गरिएको बताए । उनले यो अभियान गत असार र श्रावण महिनामा क्रमशः आदिकवि भानुभक्त आचार्य र महामानव विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक देनप्रति समर्पित गर्दै सञ्चालन भैसकेको जानकारी दिँदै सोही अभियानको तेस्रो संस्करणका रूपमा विष्णुबहादुर सिंहको साहित्यिक योगदानलाई स्मरण गरिएको विचार व्यक्त गरे ।

विष्णुबहादुर सिंहका हालसम्म कविता, कथा, हाइकु, ताङ्का, गीत, गजल, चोका, नियात्रा, सिजो, डोडोइट्सु आदि विधाका गरी करिब ३ दर्जनभन्दा बढी पुस्तक प्रकाशित भइसकेका छन् । सिर्जना, सम्पादन र अनुवादमा समेत उनी निरन्तर क्रियाशील रहँदै आएका छन् । उनी नेपाल विद्युत प्राधिकरणका पूर्व निर्देशक समेत हुन् ।

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक :

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षकः

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी - ९८४१६८१४७५
४. शान्ता सुवेदी - ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा - ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा - ९८५१०१८८४४
८. देवराज प्रसाईं - ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती - ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे - ९८४१२८६२६७
११. भुवनचन्द्र ठकुरी - ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल - ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान - ९८५११०६१०७
१५. कौशल भट्टराई - ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल - ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा - ९८४१४११६४४
२१. मातृका बजिमय - ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा - ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य - ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली - ९८४२०२७७५६
३२. विन्दु शर्मा - ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य - ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५
४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८

५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारु राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८

१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०

२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी....
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७

३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओभा, ९८४८४३९१८१

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्भनाका भिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |
| १७. मातृका पोखरेल | २०७९ |
| १८. रमेशप्रसाद न्यौपाने | २०७९ |


## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०
२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०

## पोषण पाण्डेको स्मृतिमा केही तस्बिरहरू







'उज्यालो नेपालको संवाहक'

GO GREEN SAVE EARTH

ध्वनिविहीन स्वच्छ सवारी ।
अब घर घरमा विद्युतीय गाडी ॥

सबको भान्छामा हुनुपर्छ विद्युतीय ऊर्जा ।
सस्तो,भरपर्दो र सुरक्षित छ नमानौं कुनै सुर्ता ॥

